कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

# स्नो रिभर्स लिमिटेड
# Snow Rivers Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ, नेपाल, फोन नं. ०१-४५४२७८२
इमेलः info@snowrivers.com.np वेवसाइटः www.snowrivers.com.np

को

# विवरणपत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

कम्पनीको जारी पूँजी रु.९३,७५,००,०००/- (अक्षरेपि त्रियानब्बे करोड पचहत्तर लाख मात्र) को २०% अर्थात् रु.१८,७५,००,०००/- (अक्षरेपि अठार करोड पचहत्तर लाख मात्र) रकम बराबर प्रति शेयर अंकित मूल्य रु.१००/- दरको १८,७५,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याईएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ समेतको अधिनमा रही १०% अर्थात् रु.९,३७,५०,०००/- (अक्षरेपि नौ करोड सैंतीस लाख पचास हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयर (जसमध्ये आयोजना अति प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरिजङ्घा गाउँपालिकाको वडा नं. ८ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर र आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरीजङ्घा गाउँपालिकाका वडा नं. १, २, ३, ४, ५, ६ र ७, सिदिङ्वा गाउँपालिकाको वडा नं. ५ र ६, पाथिभरा याङ्वारक गाउँपालिकाको वडा नं. ५ र ६ र पाँचथर जिल्लाको हिलिहाङ गाउँपालिकाको वडा नं. १ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर) तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याईएको जारी पूँजीको १०% अर्थात् रु.९,३७,५०,०००/- (अक्षरेपि नौ करोड सैंतीस लाख पचास हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मूल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयरको नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि १०% अर्थात् ९३,७५० कित्ता, सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् ४६,८७५ कित्ता तथा संस्थामा कार्यरत कामदार/कर्मचारीहरुलाई २% अर्थात् १८,७५० कित्ता शेयर समेत) सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरिएको छ। साथै, स्थानीय बासिन्दाहरु, कर्मचारी, सामूहिक लगानी कोष तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुका लागि छुट्याईएको शेयर बिक्री नभएमा सर्वसाधारणलाई जारी गरिने शेयरमा थप गरी निष्काशन गरिनेछ।

***नोट :*** *आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन बमोजिम हुनेगरि शेयर छुट्याईएको हो।*

**दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु.१००/- को दरले शतप्रतिशत भुक्तानी माग गरिएको।**

### संक्षिप्त वित्तीय विवरण :

| विवरण | वास्तविक | | | *२०८२/२०८३ पौष मसान्त | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७९/८० | आ.व. ०८०/८१ | आ.व. ०८१/८२ | | आ.व. ०८२/८३ | आ.व. ०८३/८४ | आ.व. ०८४/८५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.५९ | १००.८७ | १०५.०६ | १०७.४६ | १०७.१४ | ११६.६० | १२८.२६ |
| प्रति शेयर आम्दानी (रु.) | ०.४२ | ०.७५ | ४.९८ | ४.९८ | ७.०० | ९.४६ | ११.६५ |
| संचित नाफा (नोक्सान) रु. हजारमा | २,२१९ | ५,६२४ | ३७,९२२ | ५५,९७८ | ६६,९८२ | १,५५,६५९ | २,६४,८९५ |

***नोटः*** **गत आ.व.को अपरिष्कृत वित्तीय विवरण कम्पनीको लेखापरीक्षक तथा व्यवस्थापनबाट प्रमाणित भएको हो।*

### प्रति मेगावाट लागत सम्बन्धी विवरणः

स्नो रिभर्स लिमिटेडद्वारा प्रवर्द्धित "सुपर काबेली खोला ए जलविद्युत आयोजना (१३.५ मे.वा.)" को निर्माण अवधिको ब्याज (IDC) सहित प्रति मेगावाट लागत रु.२०,१४,१४,०००/- (अक्षरेपि बीस करोड चौध लाख चौध हजार मात्र) तथा कुल लागत रु.२,७१,९०,८५,०००/- (अक्षरेपि दुई अर्ब एकहत्तर करोड नब्बे लाख पचासी हजार मात्र) रहेको छ।

### विद्युत उत्पादन अनुमतिको बाँकी अवधि तथा हस्तान्तरण सम्बन्धी विवरणः

यस आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र वहाल रहने अवधि मिति २०७८/०७/१२ गते देखि मिति २११३/०७/११ गते सम्म रहेकोले हाल ३१ वर्ष २ महिना बाँकी रहेको छ। साथै, विद्यमान व्यवस्था बमोजिम मिति २११३/०७/१२ गते पश्चात् यस आयोजना नेपा ल सरकारलाई हस्तान्तरण गरिनेछ।

### परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरणः

आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Normal Pay Back Period) ८.१७ वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) १५.७७ वर्ष रहेको छ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयम्‌को हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको पृष्ठ नं. १८ मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको हो। यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ। यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन।

### रेटिङ्ग सम्बन्धी व्यवस्था :

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था वमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई "[ICRANP-IR] BB+ [Pronounced as ICRA NP Issuer Rating Double B Plus]" प्रमाणपत्र प्राप्त गरेको छ। "[ICRANP-IR] BB+" ले Moderate risk of default regarding timely servicing of financial obligations बुझाउँछ। यो मिति २०८२/०६/३१ गते सोहि रेटिङ्ग एजेन्सीबाट अद्यावधिक (Upgraded) भएको हो। ईक्रा नेपाल लिमिटेडले [ICRANP-IR] AAA देखि [ICRANP-IR] D सम्मको रेटिङ्ग प्रदान गर्दछ। जसमा [ICRANP-IR] AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR] D ले कमजोर आधार जनाउँछ। रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ। सो सम्बन्धी विवरण यस विवरणपत्रको दफा ग.२२ (ट) पृष्ठ नं. ४१ मा उल्लेख गरिएको छ।

रेटिङ्ग प्रदान गरेको मिति : अक्टोबर १७, २०२५ (मिति २०८२/०६/३१) बहाल रहने अवधि : अक्टोबर १६, २०२६ (मिति २०८३/०६/३०)

संस्थापक, संगठित संस्थाका कर्मचारी तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि बाँडफाँड गरिएको/गरिने शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभएसम्म अरु कसैलाई बिक्री गर्न पाइने छैन्। नेपाल धितोपत्र बोर्डको मिति २०८०/०७/२० को निर्देशन अनुसार सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम सामूहिक लगानी कोषले खरिद गरेको धितोपत्र संगठित संस्थाले सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरी बाँडफाँड भएको मितिले ६ (छ) महिना पुरा नभएसम्म बिक्री वा हस्तान्तरण गर्न पाउने छैन् साथै, संस्थापक तथा संस्थापक शेयरधनीका एकाघरका सदस्यले यस प्रारम्भिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाइने छैन। विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम ३४ (१) मा भएको व्यवस्था बमोजिम विशिष्टीकृत लगानी कोषको स्वामित्वमा रहेको शेयरको लकइन अवधि १ वर्षको हुनेछ।

**विद्युत नियमन आयोगबाट स्वीकृति प्राप्त मितिः २०८२/०३/३२, नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृति प्राप्त मिति : २०८२/१०/१८**
**नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्रमा पुनः स्वीकृति प्राप्त मिति : २०८२/११/१७ तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता मिति : २०८२/११/२६**

### धितोपत्र निष्काशन खुल्ला हुने मिति :

| आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागिः | विदेशमा बसी रोजगार गरेका नेपालीहरुका लागिः |
|---|---|
| निष्काशन खुल्ला हुने मिति : २०८२/१२/०९ | निष्काशन खुल्ला हुने मिति : २०८२/१२/०९ |
| निष्काशन बन्द हुने मिति (छिटोमा): २०८२/१२/२३ (बैंकिङ्ग समय पश्चात्) | निष्काशन बन्द हुने मिति (छिटोमा): २०८२/१२/१२ (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८३/०१/०८ (बैंकिङ्ग समय पश्चात्) | निष्काशन बन्द हुने मिति (ढिलोमा): २०८२/१२/२३ (बैंकिङ्ग समय पश्चात्) |

**SanimaCapital**
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

केन्द्रीय कार्यालयः सममार्ग, नक्साल-१, काठमाण्डौ
फोन नं. ०१-४५४०५०८/०१-४५३६३७५/०१-४५३५९३६
Email: sanimacapital@sanimabank.com Website: www.sanima.capital

## विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा

(क) **"विवरणपत्र"** भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ बमोजिम र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

(ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (क) बमोजिमको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल-१, काठमाण्डौलाई सम्झनु पर्दछ ।

(ग) **"संगठित संस्था/कम्पनी"** भन्नाले निष्काशनकर्ता कम्पनी स्नो रिभर्स लिमिटेड, ज्ञानेश्वर-३०, काठमाण्डौलाई सम्झनु पर्दछ ।

(घ) **"संस्थापक संगठित संस्था"** भन्नाले स्नो रिभर्स लिमिटेडमा संस्थापक शेयर धारण गर्ने कम्पनीहरु सम्झनु पर्दछ ।

(ङ) **"धितोपत्र"** भन्नाले संगठित संस्थाले जारी गरेको शेयर, स्टक, बोण्ड, डिवेन्चर, डिवेन्चर स्टक वा सामुहिक लगानी योजना सम्बन्धी प्रमाण पत्र वा नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानतमा संगठित संस्थाले जारी गरेको ऋणपत्र, बचतपत्र वा बण्ड सम्झनु पर्दछ र सो शब्दले धितोपत्र बजार मार्फत कारोबार हुन सक्ने वा हस्तान्तरण हुन सक्ने भनि बोर्डले तोकिदिएको अन्य धितोपत्र वा त्यस्तो धितोपत्र खरिद, बिक्री वा विनिमय गर्न सक्ने अधिकारपत्र समेतलाई जनाउँदछ ।

(च) **"संकलन केन्द्र"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धक, निष्काशनकर्ता कम्पनी, धितोपत्र निष्काशनको क्रममा आवेदन फाराम वितरण गर्न तथा आवेदन बुझिलिन मञ्जुर गरी निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गर्ने बैंक, वित्तीय संस्था, मर्चेन्ट बैकर वा आस्वा प्रणालीमा सहभागी बैंक तथा वित्तीय संस्थाहरु सम्झनु पर्दछ ।

(छ) **"निष्काशन बैंक"** भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा आवेदकबाट प्राप्त हुने रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंक सम्झनु पर्दछ ।

(ज) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरण लगायतलाई सम्झनु पर्दछ ।

(झ) **"संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापन"** भन्नाले स्नो रिभर्स लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

(ञ) **"बोर्ड"** भन्नाले धितोपत्र सम्वन्धि ऐन, २०६३ को दफा ३ बमोजिम स्थापना भएको नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

(ट) **"आस्वा सदस्य"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट आस्वा सदस्यता लिएका बैंक तथा वित्तीय संस्था सम्झनु पर्दछ ।

(ठ) **"वित्तीय विवरण"** भन्नाले संगठित संस्थाको वासलात, आय-व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले इक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासँग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउँदछ ।

(ड) **"खुद सम्पत्ति (नेटवर्थ)"** भन्नाले नेपाल वित्तीय प्रतिवेदन मान अनुसार संगठित संस्थाको शेयरको चुक्ता पुँजी तथा जगेडा कोषहरुको कूल जोडमा संचित नोक्सानीको कूल रकम र अपलेखन गर्न बाँकि स्थगन र विविध खर्चहरु तथा ख्याति घटाई बाँकि रहन जाने खुद सम्पत्ति (नेटवर्थ) रकम सम्झनु पर्छ ।

(ढ) **"प्रति शेयर आम्दानी"** भन्नाले कम्पनीको खुद नाफालाई जम्मा कायम साधारण शेयर संख्याले भाग गर्दा आउने भागफललाई जनाउँदछ ।

(ण) **"साधारण लगानी फिर्ता हुने अवधि"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने वार्षिक औषत नगद प्रवाहले भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले कति वर्षमा परियोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

(त) **"डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि"** भन्नाले परियोजनामा भएको कुल लगानीलाई त्यस परियोजनाबाट प्राप्त हुने बार्षिक नगद प्रवाहलाई निश्चित प्रतिशत बट्टादर द्वारा (Discount rate) वर्तमान मुल्यमा परिणत गरि आउने नगद प्रवाहबाट आयोजनामा भएको कुल लगानीलाई भाग गर्दा आउने भागफललाई जनाउँदछ । यसलाई वर्षमा व्यक्त गरिन्छ । यसले मुद्रास्फितिलाई ध्यान दिंदा कति वर्षमा आयोजनाको लगानी फिर्ता हुन्छ भन्ने कुरा बुझाउँछ ।

(थ) **"नगद प्रवाह"** भन्नाले आयोजना बाट प्राप्त हुने खुद नाफामा ह्रास कट्टि तथा अमोर्टाइजेसन जोडि कार्यशिल पूँजीमा भएको परिवर्तन (चालु पूँजी - चालु दायित्व) तथा पूँजीगत खर्चहरु घटाउँदा आउने परिणामलाई जनाउँदछ ।

(द) **"धितोपत्र प्रत्याभूतिकर्ता"** भन्नाले धितोपत्र व्यवसायी (मर्चेण्ट बैंकर) नियमावली, २०६४ को नियम १६ को खण्ड (ख) बमोजिमको धितोपत्र प्रत्याभूति (अण्डरराइटिङ्ग) को कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी श्री सिद्धार्थ क्यापिटल लिमिटेडलाई सम्झनु पर्दछ ।

(ध) **"आयोजना प्रभावित क्षेत्र"** भन्नाले आयोजनाको निर्माणबाट अति प्रभावित तथा प्रभावित क्षेत्रलाई जनाउँदछ ।

(न) **"वैदेशिक रोजगारीमा रहेका नेपाली"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुलाई जनाउँदछ ।

(प) **"विप्रेषण (रेमिट्यान्स्) बचत खाता"** भन्नाले नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगार गरिरहेका नेपाली नागरिकको नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थामा सम्बन्धित व्यक्तिको नाममा रहेको विप्रेषण (रेमिट्यान्स्) बचत खातालाई सम्झनुपर्दछ ।

## ख. २. विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान

| क.सं | विवरणपत्र हेर्न तथा प्राप्त गर्न सकिने स्थान |
|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल-१, काठमाण्डौ र website:www.sanima.capital |
| २. | स्नो रिभर्स लिमिटेडको कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ तथा आयोजनास्थल सिरिजङ्घा-८, याम्फूदिन, ताप्लेजुङ्ग र website: www.snowrivers.com.np |
| ३. | श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर र website: www.sebon.gov.np |

**आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि दरखास्त फारम प्राप्त गर्ने र बुझाउने सम्बन्धी थप व्यवस्था :**
आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको लागि देहाय बमोजिमका स्थानहरुबाट भौतिक रुपमा दरखास्त फाराम लिने व्यवस्था गरिएको छ :

| क.सं | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने संकलन केन्द्रको नाम | ठेगाना |
|---|---|---|
| १. | सानिमा क्यापिटल लिमिटेड | सममार्ग, नक्साल-१, काठमाण्डौ । |
| २. | स्नो रिभर्स लिमिटेडको आयोजनास्थल रहेको कार्यालय | सिरीजङ्घा-८, याम्फुदिन, ताप्लेजुङ्ग । |
| ३. | नेपाल बैंक लिमिटेड | सिरीजङ्घा, ताप्लेजुङ्ग । |
| ४. | एनएमवि बैंक लिमिटेड | फुङलिङ, ताप्लेजुङ्ग । |
| ५. | सानिमा बैंक लिमिटेड | फुङलिङ, ताप्लेजुङ्ग । |
| ६. | ग्लोबल आइएमई बैंक लिमिटेड | फुङलिङ, ताप्लेजुङ्ग । |

आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी गराएर अन्य संकलन केन्द्रहरु थप गर्न सकिनेछ ।
**नोट : आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा आस्वा मार्फत आवेदन फाराम बुझाउने व्यवस्था नरहेको ।**

आयोजना अति प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरिजङ्घा गाँउपालिकाको वडा नं. ८ का स्थानीय बासिन्दाहरु र आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरिजङ्घा गाँउपालिकाको वडा नं. १, २, ३, ४, ५, ६ र ७ का स्थानीय बासिन्दाहरु, सिदिङ्वा गाँउपालिकाको वडा नं. ५ र ६, पाथिभरा याङवारक गाँउपालिकाको वडा नं. ५ र ६ र पाँचथर जिल्लाको हिलिहाङ गाँउपालिकाको वडा नं. १ का स्थानीय बासिन्दाहरुले शेयर खरिद आवेदन फारम प्राप्त गर्नका लागि प्रति दरखास्त फारम वापत रु.२/- (दुई रुपैयाँ मात्र) शुल्क बुझाउनु पर्नेछ । साथै उक्त दरखास्त फारम स्नो रिभर्स लिमिटेडको वेबसाइट www.snowrivers.com.np तथा सानिमा क्यापिटल लिमिटेडको वेबसाइट www.sanima.capital बाट समेत डाउनलोड गरि प्राप्त गर्न सकिनेछ ।

### वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुले आवेदन प्राप्त गर्ने र बुझाउने स्थान

| क.सं | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

### सर्वसाधारण लगानीकर्ताहरुले आवेदन प्राप्त गर्ने र बुझाउने स्थान

| क.सं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |

**ग. १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

सानिमा क्यापिटल लिमिटेडलाई स्नो रिभर्स लिमिटेड तथा यसका सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकाले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई सानिमा क्यापिटल लिमिटेडले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## ग. २. संगठित संस्थाको उद्घोषण :

**ग. २. क. सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग. २. ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस स्नो रिभर्स लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक यस कम्पनीका बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता यस कम्पनीमा रहने छैन । साथै, त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नु पर्नेछ ।

**ग. २. ग. नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय सेवासँग सम्बन्धित नियमन निकाय जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, विद्युत विकास विभाग, विद्युत नियमन आयोग तथा नेपाल विद्युत प्राधिकरण आदिको सार्वजनिक निष्काशनसँग सम्बन्धित कानुनी व्यवस्था तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै यस कम्पनीले कम्पनी रजिष्ट्रारको कार्यालयमा आ.व. २०८१/०८२ सम्मको विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस कम्पनी, कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको र सो अद्यावधिक रहेको व्यहोरा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०६/३१ गतेको पत्रबाट प्राप्त भएको छ । यस कम्पनीले विद्युत नियमन आयोगबाट मिति २०८१/०१/१७ मा प्राथमिक शेयर निष्काशनको लागि आवश्यक स्वीकृति प्राप्त गरिसकेकोमा मिति २०८२/०३/२९ गते थप पूँजी वृद्धि सहितको प्राथमिक शेयर निष्काशनका लागि आवश्यक स्वीकृति प्राप्त गरिसकेको छ । साथै यस कम्पनीले आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र मिति २०८२/०७/१७ गते प्राप्त गरेको छ ।

**ग. २. घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

(१) यस स्नो रिभर्स लिमिटेडको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(२) यस स्नो रिभर्स लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(३) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस कम्पनीको सञ्चालक वा कार्यकारी प्रमुखको रुपमा छैनन् ।

(४) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस स्नो रिभर्स लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(५) यस स्नो रिभर्स लिमिटेडको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**ग. ३. संगठित संस्था सम्बन्धी जानकारी :**

**ग. ३. क. संगठित संस्थाको पृष्ठभूमि :**

**(क) संस्थाको नाम :** स्नो रिभर्स लिमिटेड (Snow Rivers Limited)।

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** यस कम्पनी मिति २०७१/०५/११ मा प्राइभेट कम्पनीको रुपमा स्थापना भई कम्पनी ऐन, २०६३ अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०३/०३ गते प्रा.लि. बाट परिवर्तन भई पब्लिक लिमिटेडको रुपमा "स्नो रिभर्स लिमिटेड" को नाममा दर्ता भई मिति २०७९/०३/३१ गते कारोबार सञ्चालन अनुमति प्राप्त भई २०७९/०४/०१ देखि कारोबार सञ्चालन हुदैं आइरहेको छ ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौमा रहेको छ। आवश्यकता अनुसार सम्बन्धित कार्यालयको स्वीकृति लिई कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न र नेपाल भित्र वा विदेशमा समेत शाखा कार्यालय खोल्न सकिनेछ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय बागमती प्रदेश, काठमाण्डौ जिल्ला का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ र कोशी प्रदेश, ताप्लेजुङ्ग जिल्ला, सिरीजङ्गा गाउँपालिका वडा नं.-८, याम्फूदिनमा आयोजनास्थल रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

**यस कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिमरहेको छ :**

(१) यस कम्पनी "सुपर काबेली खोला ए जलविद्युत आयोजना (१३.५ मे.वा.)" निर्माण तथा सञ्चालन गर्ने उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/०५/११ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता नं. १२६००४/७१/०७२ बाट दर्ता भई मिति २०७९/०३/०३ गते प्राइभेट लिमिटेड कम्पनीबाट पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ।

(२) सुपर "काबेली खोला ए जलविद्युत आयोजना (१३.५ मे.वा.)" बाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप सुपर काबेली खोला ए जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०७८/०७/१४ गतेका दिन अनुमति प्राप्त गरेको हो र उक्त अनुमति पत्र मिति २११३/०७/११ गते सम्म बहाल रहनेछ ।

(३) यस कम्पनीले ताप्लेजुङ्ग जिल्ला, सिरीजङ्गा गाउँपालिका वडा नं.-८, याम्फूदिनमा भई बग्ने काबेली खोला र आम्जी खोलाको पानीको बहाव सदुपयोग हुने गरी १३.५ मे.वा.सुपर काबेली खोला ए जलविद्युत आयोजना निर्माण गरि मिति २०८१/०९/०५ गते देखि विद्युतको व्यापारिक उत्पादन शुरु गरिरहेको छ। यस आयोजनाबाट उत्पादन हुने विद्युत्तीय उर्जालाई यस आयोजनाको स्वीचयार्डबाट करिब ४ कि.मि. लामो १३२ के.भी. को सिंगल सर्किट विद्युत प्रशारण लाईन मार्फत सुपर काबेली खोला क्यास्केड जलविद्युत आयोजनाको विद्युतगृहमा रहेको स्वीचयार्डमा पुऱ्याईएको छ, त्यसपश्चात् ६ कि.मि लामो संयुक्त विद्युत प्रसारण लाईन मार्फत सो उर्जालाई काबेली-३ जलविद्युत आयोजनाको विद्युतगृहमा रहेको स्वीचयार्ड हुँदै करिब ३०.३५ कि.मि. लामो संयुक्त विद्युत प्रसारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको अमरपुर (काबेली) सब-स्टेसनमा पुऱ्याई राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिएको छ। यस सम्बन्धी विवरण तपसिलमा उल्लेख भए वमोजिम रहेको छ।

**तपसिल**

| क्र.सं. | विषय | विवरण | कैफियत |
|---|---|---|---|
| १ | प्रसारण लाइनको नाम | सुपर काबेली खोला ए, सुपर काबेली खोला क्यास्केड र काबेली ३ जलविद्युत आयोजनाहरुको १३२ के.भी. संयुक्त विद्युत प्रसारण लाइन आयोजना | |
| २ | प्रसारण लाइन अनुमति पत्र नं. | वि.वि.वि.०७९/८० वि.प्र.२०९ | |
| ३ | प्रसारण लाइनको ठेगाना | ताप्लेजुङ्ग जिल्लाको सिरीजङ्गा र सिदिङ्वा गाउँपालिका र पाँचथर जिल्लाको हिलिहाङ्ग गाउँपालिका | |
| ४ | प्रसारण लाइनको दुरी | ३०.३५ कि.मि. | |
| ५ | प्रसारण लाइनमा प्रवाह हुने विद्युत परिमाण | ४७.४३ मे.वा. | |
| ६ | प्रसारण लाइनको टावरको संख्या | ९८ | |
| ७ | प्रसारण लाइन अनुमति पत्र प्राप्त मिति | मिति २०७९/१२/१२ गते | |
| ८ | प्रसारण लाईन जोडिने नेपाल विद्युत प्राधिकरणको सबस्टेशन | अमरपुर (काबेली) सबस्टेसन | |
| ९ | भोल्टेज लेभल र सर्किट | १३२ के.भी. सिंगल सर्किट | |

(४) यस आयोजनाको कुल लागत अक्षरेपि दुई अर्ब एकहत्तर करोड उनान्सय लाख बाह्र हजार पाँच सय मात्र रहेको छ। यस आयोजनाको व्यापारिक उत्पादन शुरु गर्नुपर्ने (Required Commercial Operation Date – RCOD) मिति २०८१/१२/२९ गते रहेकोमा ३ महिना २४ दिन अगावै मिति २०८१/०९/०५ गतेबाट सफलतापूर्वक राष्ट्रिय प्रसारण लाईनमा जडान भई व्यापारिक उत्पादन सुरु भैसकेको छ।

(५) यस आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) वन तथा वातावरण मन्त्रालयबाट मिति २०७८/०३/०४ गते स्वीकृत भई विद्युत विकास विभागबाट मिति २०७८/०७/१४ गते आयोजनाको विद्युत उत्पादन अनुमति पत्र प्राप्त भए अनुसार आयोजनाको विद्युत उत्पादन अनुमतिपत्र मिति २११३/०७/११ गतेसम्म वहाल रहनेछ । साथै, विद्यमान व्यवस्था बमोजिम मिति २११३/०७/१२ गते पश्चात यस आयोजना नेपाल सरकारलाई हस्तान्तरण गरिनेछ ।

(६) यस आयोजनाको प्रमुख विशेषताहरु निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| स्रोत नदीको नाम | काबेली र आम्जी खोला |
| ग्रस हेड | ५०२ मि. |
| जलाधार क्षेत्र | ९४.३१ $km^2$ |
| औषत जल प्रवाह | ६.३ $m^3/s$ |
| बाँधको लम्बाई तथा उचाई | १८ मी.लम्बाई र ७.४ मी.उचाई |
| विद्युत गृह | सतहगत विद्युत गृह |
| टर्वाइन प्रकार, संख्या | पेल्टन, दुई |
| आयोजनाको किसिम | रन अफ रिभर |
| औषत वार्षिक ऊर्जा | ८०.१७४ GWh |
| प्रशारण लाइन | १३२ के.भि. |
| विद्युत उत्पादन अनुमति प्राप्त मिति | २०७८/०७/१२ |
| विद्युत उत्पादन अनुमति वहाल रहने मिति | २११३/०७/११ सम्म |
| जडित क्षमता | १३.५ मे.वा. |
| जम्मा प्रक्षेपित लागत (निर्माण अवधिको व्याज सहित) | रु.२,७१,९०,८५,०००/- |
| डिस्काउन्ट दर (Discount Rate ) | ९.५०% |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (Project) | ८.१७ वर्ष |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि (Project) | १५.७७ वर्ष |
| आयोजनाको प्रति मे.वा.लागत रकम निर्माण अवधिको व्याज सहित | रु.२०,१४,१४,०००/- |
| Net Present Value (NPV) | रु.४६,४५,३९,०००/- |
| Internal Rate of Return (IRR) | ११.६१% |

**कम्पनीको वित्तीय परिसुचक** :

| क्र.सं. | विषय | विवरण | कैफियत |
|---|---|---|---|
| १ | लगानी फिर्ता हुने अवधि (Simple Pay Back Period) | ८.१७ वर्ष | |
| २ | डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (Discounted Pay Back Period) | १५.७७ वर्ष | |
| ३ | Internal Rate of Return (Project) | ११.६१ प्रतिशत | |
| ४ | Internal Rate of Return (Equity) | १४.८३ प्रतिशत | |
| ५ | Net Present Value (NPV) Project | रु.४६,४५,३९,०००/- | |
| ६ | Net Present Value (NPV) Equity | रु.६०,२०,८०,०००/- | |

**नोट :** नेपाल राष्ट्र बैंकले Valuation प्रयोजनको लागि तोकेको प्रकृयालाई आधार मानी कम्पनीको ३२ आर्थिक वर्षको नगद प्रवाहलाई Discount Rate ले भाग गरि आउने नगद प्रवाहलाई Terminal Value मानी Net Present Value (NPV) तथा Internal Rate of Return (IRR) गणना गरिएको छ । NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ । खुद वर्तमान मूल्य (Net Present Value) तथा आन्तरिक प्रतिफल (Internal Rate of Return) गणना विधि तथा तरिका 1. NPV = Net Cash In Flowt1 / (1+r)t1 + Net Cash In Flowt2 / (1+r)t2 + ... Net Cash In Flowtn / (1+r)tn - Net Cash Out Flowt0 / (1+r)t0.

**आयोजना निर्माण लागत परिवर्तन सम्वन्धी विवरण** :

| क्र.सं. | विषय | विद्युत खरिद सम्झौता गर्दाको समयमा अनुमान गरिएको लागत | आयोजना निर्माण सम्पन्न हुँदा सम्म लागेको लागत | लागतमा परिवर्तन हुनुको कारण |
|---|---|---|---|---|
| १. | आयोजनाको कुल लागत | रु.२,४७,७०,००,०००।०० | रु.२,७१,९०,८५,०००।०० | रसिया-युक्रेनको युद्धका कारणले मुल्यमा परेको असर तथा बाढी, पहिरो, लगायतका काबु बाहिरका परिस्थितीका कारण आयोजनाको लागतमा परिवर्तन हुन गएको । |
| २. | आयोजनाको प्रति मेगावाट लागत | रु.१८,३४,८१,४८१।४८ | रु.२०,१४,१४,०००।०० | |

# वित्तीय विश्लेषणको तालिका

**रु.हजारमा**

| वर्ष | कुल लागत | खुद नाफा | ह्रासकट्टी तथा अपलेखन खर्च | कर्जा भुक्तानी | व्याज भुक्तानी | व्याज सहितका ऋण भुक्तानी | खुद नगद प्रवाह (शेयरधनी) | साधारण संचयी नगद प्रवाह | वर्तमान मुल्यको आधारमा हुने नगद प्रवाह | डिस्काउन्टेड संचयी नगद प्रवाह | आयोजना नगद प्रवाह | साधारण संचयी नगद प्रवाह | वर्तमान मुल्यको आधारमा हुने नगद प्रवाह | डिस्काउन्टेड संचयी नगद प्रवाह | ऋण भुक्तानी आम्दानी अनुपात (DSCR) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| - | २,७१९,९१२ | - | - | - | - | - | (९३७,५००) | (९३७,५००) | (९३७,५००) | (९३७,५००) | (२,७१९,९१२) | (२,७१९,९१२) | (२,७१९,९१२) | (२,७१९,९१२) | - |
| १ | (८९७) | ३३,०७४ | ४९,९८६ | - | ८४,०९० | ८४,०९० | ८२,१६३ | (८५५,३३७) | ७५,०३५ | (८६२,४६५) | १६८,०४७ | (२,५५१,८६५) | १५३,४६८ | (२,५६६,४४५) | २.०० |
| २ | (२७६) | ६५,६३९ | ८७,८८४ | १३,६६९ | १६८,१८३ | १८१,८५२ | १३९,५७७ | (७१५,७५९) | ११६,४०९ | (७४६,०५६) | ३२१,९८२ | (२,२२९,८८३) | २६८,५३७ | (२,२९७,९०८) | १.७७ |
| ३ | | ८८,६७८ | ८७,६३३ | ९६,७९७ | १५९,५०९ | २५६,३०५ | ७९,५१४ | (६३६,२४५) | ६०,५६२ | (६८५,४९४) | ३३५,८२० | (१,८९४,०६३) | २५५,७७८ | (२,०४२,१३०) | १.३१ |
| ४ | | १०९,२३६ | ८७,४३७ | १०६,३२५ | १४९,९८० | २५६,३०५ | ९०,३४८ | (५४५,८९८) | ६२,८४४ | (६२२,६५०) | ३४६,६५३ | (१,५४७,४१०) | २४१,१२३ | (१,८०१,००६) | १.३५ |
| ५ | | १२९,२५९ | ८७,२८४ | ११६,७९२ | १३९,५१४ | २५६,३०५ | ९९,७५१ | (४४६,१४६) | ६३,३६५ | (५५९,२८५) | ३५६,०५७ | (१,१९१,३५३) | २२६,१७७ | (१,५७४,८२९) | १.३९ |
| ६ | | १५०,२३७ | ८७,१६४ | १२८,२८८ | १२८,०१७ | २५६,३०५ | १०९,११३ | (३३७,०३३) | ६३,२९८ | (४९५,९८७) | ३६५,४१८ | (८२५,९३५) | २११,९८५ | (१,३६२,८४४) | १.४३ |
| ७ | | १७३,३२४ | ८६,००० | १४०,९१७ | ११५,३८९ | २५६,३०५ | ११८,४०८ | (२१८,६२५) | ६२,७३१ | (४३३,२५६) | ३७४,७१४ | (४५१,२२१) | १९८,५१८ | (१,१६४,३२६) | १.४६ |
| ८ | | १९६,५४१ | ८५,९२६ | १५४,७८८ | १०१,५१७ | २५६,३०५ | १२७,६७८ | (९०,९४७) | ६१,७७४ | (३७१,४८३) | ३८३,९८४ | (६७,२३८) | १८५,७८० | (९७८,५४५) | १.५० |
| ९ | | २१९,६६८ | ८५,८६७ | १७०,०२५ | ८६,२८० | २५६,३०५ | १३५,५०९ | ४४,५६२ | ५९,८७५ | (३११,६०८) | ३९१,८१५ | ३२४,५७७ | १७३,१२३ | (८०५,४२३) | १.५३ |
| १० | | २४०,०६४ | ८५,८२० | १८६,७६२ | ६९,५४३ | २५६,३०५ | १३९,१२२ | १८३,६८४ | ५६,१३८ | (२५५,४७०) | ३९५,४२७ | ७२०,००४ | १५९,५६० | (६४५,८६२) | १.५४ |
| ११ | | २५६,९६३ | ८५,७८३ | २०५,१४७ | ५१,१५८ | २५६,३०५ | १३७,५९९ | ३२१,२८२ | ५०,७०६ | (२०४,७६५) | ३९३,९०४ | १,११३,९०८ | १४५,१५६ | (५००,७०६) | १.५४ |
| १२ | | २७५,६०७ | ८५,७५३ | २२५,३४१ | ३०,९६४ | २५६,३०५ | १३६,०१९ | ४५७,३०१ | ४५,७७५ | (१५८,९८९) | ३९२,३२५ | १,५०६,२३३ | १३२,०३१ | (३६८,६७५) | १.५३ |
| १३ | | २९६,११२ | ८५,७३० | १८३,४४७ | ८,७८२ | १९२,२२९ | १९८,३९४ | ६५५,६९५ | ६०,९७४ | (९८,०१५) | ३९०,६२३ | १,८९६,८५६ | १२०,०५३ | (२४८,६२२) | - |
| १४ | | २७२,९२६ | ८५,७११ | - | - | - | ३५८,६३६ | १,०१४,३३२ | १००,६६० | २,६४५ | ३५८,६३६ | २,२५५,४९२ | १००,६६० | (१४७,९६२) | - |
| १५ | | २७१,५५८ | ८५,६९६ | - | - | - | ३५७,२५४ | १,३७१,५८६ | ९१,५७३ | ९४,२१७ | ३५७,२५४ | २,६१२,७४६ | ९१,५७३ | (५६,३८९) | - |
| १६ | | २२५,३८२ | ८५,६८३ | - | - | - | ३११,०६६ | १,६८२,६५१ | ७२,८१६ | १६७,०३३ | ३११,०६६ | २,९२३,८१२ | ७२,८१६ | १६,४२७ | - |
| १७ | | २२३,९२७ | ८५,६७३ | - | - | - | ३०९,६०० | १,९९२,२५२ | ६६,१८५ | २३३,२१८ | ३०९,६०० | ३,२३३,४१२ | ६६,१८५ | ८२,६१२ | - |
| १८ | | २२२,४२५ | ८५,६६६ | - | - | - | ३०८,०९१ | २,३००,३४२ | ६०,१४८ | २९३,३६७ | ३०८,०९१ | ३,५४१,५०३ | ६०,१४८ | १४२,७६० | - |
| १९ | | १९६,३३५ | ८५,६५९ | - | - | - | २८१,९९४ | २,५८२,३३६ | ५०,२७७ | ३४३,६४४ | २८१,९९४ | ३,८२३,४९७ | ५०,२७७ | १९३,०३७ | - |
| २० | | १९४,९१६ | ८५,६५४ | - | - | - | २८०,५७० | २,८६२,९०६ | ४५,६८३ | ३८९,३२८ | २८०,५७० | ४,१०४,०६७ | ४५,६८३ | २३८,७२१ | - |
| २१ | | १९३,४५५ | ८५,६५० | - | - | - | २७९,१०४ | ३,१४२,०११ | ४१,५०२ | ४३०,८३० | २७९,१०४ | ४,३८३,१७१ | ४१,५०२ | २८०,२२३ | - |
| २२ | | १९१,९४८ | ८५,६४६ | - | - | - | २७७,५९४ | ३,४१९,६०५ | ३७,६९६ | ४६८,५२६ | २७७,५९४ | ४,६६०,७६५ | ३७,६९६ | ३१७,९१९ | - |
| २३ | | १९०,३९६ | ८५,६४३ | - | - | - | २७६,०३९ | ३,६९५,६४४ | ३४,२३३ | ५०२,७५९ | २७६,०३९ | ४,९३६,८०४ | ३४,२३३ | ३५२,१५२ | - |
| २४ | | १८८,७९६ | ८५,६४१ | - | - | - | २७४,४३७ | ३,९७०,०८१ | ३१,०८२ | ५३३,८४१ | २७४,४३७ | ५,२११,२४१ | ३१,०८२ | ३८३,२३४ | - |
| २५ | | १८७,१४९ | ८५,६३९ | - | - | - | २७२,७८८ | ४,२४२,८६९ | २८,२१४ | ५६२,०५५ | २७२,७८८ | ५,४८४,०२९ | २८,२१४ | ४११,४४९ | - |
| २६ | | १८५,४५१ | ८५,६३७ | - | - | - | २७१,०८९ | ४,५१३,९५७ | २५,६०६ | ५८७,६६१ | २७१,०८९ | ५,७५५,११८ | २५,६०६ | ४३७,०५५ | - |
| २७ | | १६६,६५८ | ८५,६३६ | - | - | - | २५२,२९४ | ४,७६६,२५१ | २१,७६३ | ६०९,४२५ | २५२,२९४ | ६,००७,४१२ | २१,७६३ | ४५८,८१८ | - |
| २८ | | १२०,२०१ | ८५,६३५ | - | - | - | २०५,८३६ | ४,९७२,०८७ | १६,२१५ | ६२५,६४० | २०५,८३६ | ६,२१३,२४७ | १६,२१५ | ४७५,०३३ | - |
| २९ | | ११७,५४९ | ८५,६३४ | - | - | - | २०३,१८३ | ५,१७५,२७० | १४,६१८ | ६४०,२५८ | २०३,१८३ | ६,४१६,४३१ | १४,६१८ | ४८९,६५१ | - |
| ३० | | ११७,३६७ | ८५,६३३ | - | - | - | २०३,००१ | ५,३७८,२७१ | १३,३३८ | ६५३,५९५ | २०३,००१ | ६,६१९,४३२ | १३,३३८ | ५०२,९८९ | - |
| ३१ | | ९,०७१ | ८५,६३० | - | - | - | ९४,७०० | ५,४७२,९७२ | ५,६८२ | ६५९,२७७ | ९४,७०० | ६,७१४,१३२ | ५,६८२ | ५०८,६७१ | - |

**संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् ।**

(१) कम्पनी र प्राधिकरण बीच सम्पन्न विद्युत खरिद बिक्री सम्झौता Availability Declaration को अवधारणामा भएको छ ।

(२) विद्युतको व्यापारिक उत्पादन शुरु भएको मितिले ३० वर्ष कायम रहनेछ ।

**विद्युत खरिद मूल्यदर :**

(१) प्राधिकरणले व्यापारिक उत्पादन शुरु भएको मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाण सम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैयाँ असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा.घण्टा रु.८।४० (आठ रुपैयाँ चालीस पैसा मात्र) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउनेछ । साथै व्यापारिक उत्पादन शुरु भएको मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म साधारण मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खायाम (पौष देखि चैत्र सम्म) रु. प्रति युनिट) | वर्षायाम (वैशाख देखि मंसिर सम्म ) रु. प्रति युनिट |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म | ८।४० | ४।८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म | ८।६५ | ४।९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म | ८।९० | ५।०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म | ९।१६ | ५।२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म | ९।४१ | ५।३८ |
| ६१ औं महिना देखि ७२ औं महिनासम्म | ९।६६ | ५।५२ |
| ७३ औं महिना देखि ८४ औं महिनासम्म | ९।९१ | ५।६६ |
| ८५ औं महिना देखि ९६ औं महिनासम्म | १०।१६ | ५।८१ |

| अवधि (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खायाम (पौष देखि चैत्र सम्म) रु. प्रति युनिट) | वर्षायाम (वैशाख देखि मंसिर सम्म ) रु. प्रति युनिट |
|---|---|---|
| ९७ औं महिना देखि सम्झौता अवधिसम्म | १०।४२ | ५।९५ |

तर व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति Required Commercial Operation date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु भएको मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिई कायम गरिनेछ ।

क) RCOD को तुलनामा COD ६ महिनाभन्दा बढी १८ महिनासम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यवृद्धि दिइनेछ ।

ख) RCOD को तुलनामा COD १८ महिनाभन्दा बढी ३० महिनासम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यवृद्धि दिइनेछ ।

ग) RCOD को तुलनामा COD ३० महिनाभन्दा बढी ४२ महिनासम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यवृद्धि दिइनेछ ।

घ) RCOD को तुलनामा COD ४२ महिनाभन्दा बढी ५४ महिनासम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यवृद्धि दिइनेछ ।

ङ) RCOD को तुलनामा COD ५४ महिनाभन्दा बढी हुन गएमा जम्मा ३ वटा मात्र मूल्यवृद्धि दिइनेछ ।

(२) प्राधिकरणले Dispatch Instruction जारी गरी अतिरिक्त उर्जा (Excess Energy) खरिद गरेमा सोको हकमा दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) दरमा कम्पनीले बिलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

(३) मासिक विलिङ्ग गर्दा कम्पनीले प्राधिकरणबाट विद्युत उर्जा लिएको देखिएमा विद्युत उर्जा लिने भोल्टेज लेभलको व्यापारिक वर्गका ग्राहकहरुलाई लागू हुने प्राधिकरणको प्रचलित Normal hour को विद्युत महशुल दरले उर्जा शुल्क मात्रको हिसाव गरी आउने रकम मात्र कम्पनीले प्राधिकरणलाई भुक्तानी गर्नेछ वा सो रकम मासिक विलिङ्गमा समायोजन गरिनेछ ।

(४) व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति अगावै आयोजनाको निर्माण तथा परीक्षण कार्य सम्पन्न भएमा प्राधिकरणले आफ्नो Existing ग्रीड प्रणालीमा प्रवाह हुन सक्ने सम्मको विद्युत उर्जा आवश्यकता अनुसार Dispatch Instruction जारी गरी आयोजनाबाट लिन सक्नेछ । यसरी विद्युत लिए वापत दफा १२.१ र १२.२ मा तोकिएको मूल्यमा प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नेछ ।

**हर्जाना सम्बन्धी विवरण**

(१) कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवं परिक्षणको कार्य सम्पन्न गरी व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परिक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुन पर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ ।

आपूर्ति हुन नसकेको हर्जाना वापत तिर्नु पर्ने मासिक हर्जाना = ०.०५ × (कन्ट्रयाक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा) × व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरिददर ।

तर यस्तो हर्जाना रकम विद्युत खरिद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने छ । तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरिद वापत भुक्तानी गर्नु पर्ने रकमको पचास प्रतिशत भन्दा बढी नहुने गरी किस्ताबन्दिमा पहिलो बिल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्ताबन्दिमा भुक्तानी गरिने छ ।

तर माथि उल्लेखित हर्जाना सम्बन्धी व्यवस्थालाई व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (RCOD) को समग्र परिस्थितिको मूल्यांकन गरी न्यायोचित व्यवस्था गर्न सकिने छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :**

(क) स्वीकृति लिनु पर्नेमा सम्बन्धित निकायको स्वीकृति लिई स्तरीय हाईड्रोपावर कम्पनी स्थापना गरी उक्त कम्पनीद्वारा नेपाल राज्यका विभिन्न स्थानमा रहेका जलविद्युत उत्पादन गर्न सम्भावना भएका नदि, नाला, खोला, ताल, तलैयाहरुको अध्ययन अनुसन्धान गरी उक्त स्थानमा जलविद्युत आयोजना निर्माण गरी जलविद्युत उत्पादन गरी बिक्रि वितरण गर्ने, गराउने ।

(ख) विद्युत उत्पादन एवं विद्युत सप्लाई सेवा प्रदान गर्ने ।

(ग) विद्युत उर्जाको आवश्यकता अनुसार नेपाल भर जलविद्युत बाहेक अन्य सौर्य, वायु, तापिय आदि श्रोतबाट पनि नीजि क्षेत्रमा वैकल्पिक उर्जा उत्पादन गरी, प्रसारण तथा बिक्री वितरण गर्ने ।

(घ) अन्य संघ, संस्था र कम्पनीबाट उत्पादन गरिएका विद्युत खरिद गरी बिक्री वितररण गर्ने ।

(ङ) विभिन्न किसिमका सरकारी, गैरसरकारी, निजी भवन, सडक, नहर, पुल, इनार, कुलेशा, हाइड्रोपावर, हवाई मार्ग, रेल मार्गहरुको नक्सा डिजाईन, सर्वे लागत इष्टिमेट गर्ने गराउने ।

(च) इन्जिनियरिंग परामर्श सेवा प्रदान गर्ने ।

(छ) विभिन्न घर, जग्गा, उद्योग कलकारखानाहरुको भौतिक मूल्याङ्कन गर्ने, सुपरिवेक्षण गर्ने, गराउने ।

(ज) देशका विभिन्न स्थानमा गई हाइड्रोपावर सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने, वातावरणीय सन्तुलन कायम राख्नको लागि अपनाउनु पर्ने पद्धतिको बारेमा अध्ययन अनुसन्धान गर्नुका साथै उक्त कुराको प्रतिवेदन निकाल्ने ।

(झ) कुनै पनि स्वदेशी तथा विदेशी सरकारी, गैरसरकारी, संघ, संस्था, कम्पनी, व्यक्ति, फर्मले विभिन्न किसिमका भवन, सडक, पूल, नहर, कुलेसा, जलाशययुक्त हाइड्रोपावर सुरुङ्ग निर्माण एवं मर्मत कार्यको लागि बोलपत्र आव्हान गरिएकोमा बोलपत्रद्वारा सरिक भई वा सोझै सम्पर्क गरी माग बमोजिम निर्माण एवं मर्मत सेवा प्रदान गर्ने ।

(ञ) यस कम्पनीसँग सम्बन्धित अन्य स्वदेशी तथा विदेशी कम्पनीसँग मिलेर काम गर्ने ।

(ट) विद्युत आयोजनाको लागि आवश्यक पर्ने मेसिन, औजार, उपकरणहरु विदेशबाट आयात गरी स्थानीय बजारमा बिक्री वितरण गर्ने ।

(ठ) अन्य जल विद्युत कम्पनीमा शेयर लगानी गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्यका कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** सो नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :** जलविद्युत ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :** ताप्लेजुङ्ग जिल्लाको सिरीजङ्गा गाँउपालिका वडा नं ७ र ८ भई बग्ने कावेली खोला र आम्जी खोलाको पानीको बहाव सदुपयोग हुने गरी १३.५ मे.वा. सुपर कावेली खोला ए जलविद्युत आयोजना उर्जा उत्पादन गर्न हेडवर्क्समा डाइभर्सन बाँध, डिसेन्डिङ्ग बेसिन, हेडरेस टनेल, सर्ज पाइप, स्टील पेनस्टक पाइप, विद्युत गृह आदि संरचना रहेका छन् । आयोजनाबाट १३.५ मे.वा. विद्युत उत्पादन गर्न विद्युतगृहमा दुई वटा टर्वाइन सेट र ७.९५ मेगावाट एम्पीयर क्षमताको २ वटा जेनेरेटर प्रयोग गरिएको छ ।

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :** नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता भई विद्युत बिक्री भैरहेको हुँदा यस कम्पनीले अलग्गै बजारको खोजी गर्नु पर्ने अवस्था नरहेको ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :** थप नयाँ जलविद्युत आयोजनाहरुको विकास गर्ने ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद-बिक्री सम्झौता अनुसार नेपाल विद्युत प्राधिकरणलाई बिक्री भैरहेको छ ।

**(७) उत्पादन/सञ्चालन क्षमता र सो को उपभोग स्थिति :** सुपर काबेली खोला ए जलविद्युत आयोजनाको उत्पादन क्षमता १३.५ मेगावाट रहेको र उक्त विद्युत राष्ट्रिय विद्युत प्रणाली मार्फत नेपाल विद्युत प्राधिकरणलाई आपूर्ति भैरहेको छ । यस आयोजनाबाट उत्पादित विद्युतीय उर्जालाई १३२ के.भी. को प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणको काबेली सब-स्टेसनमा पुर्‍याई राष्ट्रिय प्रशारण प्रणालीमा समाहित गरिएको छ । यस आयोजनाको व्यापारिक उत्पादन मिति (Commercial Operation Date–COD) २०८१/०९/०५ गतेबाट सुरु भएको छ । आयोजनाबाट व्यापारिक उत्पादन भएको मिति २०८१/०९/०५ बाट आ.व. २०८२/०८३ को दोस्रो त्रैमासिक अवधिसम्म हरेक महिनाको करार इनर्जी र उत्पादित इनर्जी, बिक्री दर, बिक्री रकम र प्राप्त भएको रकम लगायतका विवरणहरु निम्नानुसार रहेको छ ।

| क्र.सं. | महिना | बिक्री दर (रु. मा) | करार इनर्जी ( महिनाको कुल दिन संख्या मिलान) ( किलोवाट घण्टामा) | उत्पादित इनर्जी ( किलोवाट घण्टामा) | बिक्री रकम (रु. मा) | ने.वि.प्रा. द्वारा विद्युत शुल्क (रु. मा) | २% रोयल्टी खर्च (रु.मा) | कम्युनिकेशन प्यानलको लागि वार्षिक बे शुल्क (रु. मा) | घोषित इनर्जीमा भएको विचलन बापतको शुल्क (रु. मा) | बिक्रीबाट प्राप्त भएको आय (रु. मा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पौष, २०८१ | ८.४ | ३,६३६,०००.६७ | २,५१५,०७०.०० | २१,३७२,७६८.८२ | १६,७४०.०० | ४२२,५३१.७६ | २४६,१८०.८२ | - | २०,६८७,३१६.२४ |
| २ | माघ, २०८१ | ८.४ | ३,०६०,३३१.०३ | २,३२६,८९०.०० | १९,५४५,८७६.०० | १,२९६.०० | ३९०,९१७.५२ | - | - | १९,१५३,६६२.४८ |
| ३ | फाल्गुण, २०८१ | ८.४ | २,७६०,९१६.०० | २,०५५,१७२.२९ | १७,२६३,४४७.२४ | ८,४२४.०० | ३४५,२६८.९४ | - | - | १६,९०९,७५४.२९ |
| ४ | चैत्र, २०८१ | ८.४ | ३,४५४,९९७.५३ | २,४१३,५५८.५३ | २०,९१४,१२४.६६ | १,८३६.०० | ४०५,४७७.८३ | - | ६४०,२३३.०१ | १९,८६६,५७७.८२ |
| ५ | बैशाख, २०८२ | ४.८ | ५,०२२,५१६.०० | ४,५२२,७७५.०४ | २१,७०९,३२०.१९ | १,९४४.०० | ४३४,१८६.४० | - | - | २१,२७३,१८९.७९ |
| ६ | जेष्ठ, २०८२ | ४.८ | ९,५४५,८१८.०० | ८,५२४,४४०.९८ | ४०,९१७,३१६.७० | १,६२०.०० | ८१८,३४६.३३ | - | - | ४०,०९७,३५०.३७ |
| ७ | आषाढ, २०८२ | ४.८ | ९,८५३,७४७.०० | ९,७३६,३१०.०० | ४६,७३४,२८८.०० | २,२६८.०० | ९३४,६८५.७६ | - | - | ४५,७९७,३३४.२४ |
| ८ | साउन, २०८२ | ४.८ | ९,५४५,८१८.०० | ७,७३४,८८६.१३ | ३७,१२७,४५३.४२ | ६,०४८.०० | ७४२,५४९.०७ | - | - | ३६,३७८,८५६.३६ |
| ९ | भदौ, २०८२ | ४.८ | ९,५४५,८१८.०० | ६,०५५,५२०.०० | २९,०६६,४९६.०० | ३,६५१.६२ | ५८१,३२९.९२ | - | - | २८,४८१,५१४.४६ |

| क.सं. | महिना | बिक्री दर (रु. मा) | करार इनर्जी ( महिनाको कुल दिन संख्या मिलान) ( किलोवाट घण्टामा) | उत्पादित इनर्जी ( किलोवाट घण्टामा) | बिक्री रकम (रु. मा) | ने.वि.प्रा. द्धारा विद्युत शुल्क (रु. मा) | २% रोयल्टी खर्च (रु.मा) | कम्युनिकेशन प्यानलको लागि वार्षिक बे शुल्क (रु. मा) | घोषित इनर्जीमा भएको विचलन बापतको शुल्क (रु. मा) | बिक्रीबाट प्राप्त भएको आय (रु. मा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | असोज, २०८२ | ४.८ | ९,५४५,८१८.०० | ६,४०८,१८०.०० | ३०,७५९,२६४.०० | २,५९२.०० | ६१५,१८५.२८ | - | - | ३०,१४१,४८६.७२ |
| ११ | कार्तिक, २०८२ | ४.८ | ९,०३३,३४२.०० | ८,०४३,८६०.०० | ३८,६१०,५२८.०० | ५४०.०० | ७७२,२१०.५६ | - | - | ३७,८३७,७७७.४४ |
| १२ | मंसिर २०८२ | ४.८ | ५,३३१,६७५.०० | ४,५१०,३७६.०० | २१,६४९,८०४.८० | ५४०.०० | ४३२,९९६.१० | - | - | २१,२१६,२६८.७० |
| १३ | पौष, २०८२ | ८.४ | ३,७६१,३८०.०० | ३,३३१,०३०.०० | २७,९८०,६५२.०० | ९७२.०० | ५५९,६१३.०४ | - | - | २७,४२०,०६६.९६ |
| जम्मा | | | ८४,०९८,१७७.२३ | ६८,१७८,०६८.९७ | ३७३,६५१,३३९.८३ | ४८,४७१.६२ | ७,४५५,२९८.५१ | २४६,१८०.८२ | ६४०,२३३.०१ | ३६५,२६१,१५५.८७ |

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता** : ताप्लेजुङ्ग जिल्लाको काबेली र आम्जी खोलाको प्राकृतिक बहावमा आधारित पानी ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था** : आयोजनाको निर्माण अवधिमा गर्नु पर्ने गुण नियन्त्रणका लागि आन्तरिक रुपमा परामर्शदाता नियुक्त गरी उक्त कम्पनी मार्फत सम्पूर्ण निर्माण कार्यको अनुगमन तथा नियन्त्रण भइरहेको छ ।

**(१०) अनुसन्धान तथा विकास** : कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार १३.५ मेगावाट क्षमताको सुपर काबेली खोला ए जलविद्युत आयोजनाको निर्माण सम्पन्न भई हाल सो आयोजना संचालन भईरहेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान** : सो नभएको

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति** : आयोजनाबाट उत्पादन हुने विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने भएको हुँदा बजारको सुनिश्चितता गरिएको र सो क्रममा अन्य उद्योगसँग प्रतिस्पर्धा गर्नु पर्ने अवस्था नरहेको ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण** : नेपाल विद्युत प्राधिकरण एकल ग्राहकको रुपमा रहेको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : आयोजनाको निर्माण कार्य सम्पन्न भई हाल सञ्चालनमा रहेकोले त्यस्तो विवरण नभएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

(क) **संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था** : कम्पनीको स्वामित्वमा रहेको प्लाण्ट तथा उपकरणहरु सिरीजङ्घा गाँउपालिकामा रहेको विद्युतगृह र सव स्टेशनमा जडान भई संचालनमा आईसकेको छ । हालसम्म कम्पनीको नाममा सृजना भैसकेको चल अचल सम्पतिको विवरण देहाय बमोजिम रहेको छ :

**(मिति २०८२ पौष मसान्तको वित्तीय विवरण अनुसार)**

**रकम रु. हजारमा**

| क.सं | सम्पतिको विवरण | कुल सम्पत्ति रकम रु. | संचित ह्रास रकम रु. | खुद सम्पत्ति रकम रु. | सम्पत्ति रहेको स्थान | सम्पत्तिको अवस्था |
|---|---|---|---|---|---|---|
| (क) | कम्पनीतर्फ | | | | | |
| | कार्यालय उपकरणहरु, कम्प्युटर एक्सेसरीज, फर्निचर एण्ड फिक्सचर्स | ६,०३३ | ३,९४९ | २,०८४ | केन्द्रिय कार्यालय तथा आयोजनास्थल | |
| | सम्पत्ति, प्लान्ट तथा उपकरणहरु | १०,८९९ | ४,७१२ | ६,१८७ | | |
| | सवारी साधन | ३,८२३ | २०३५ | १,७८८ | केन्द्रिय कार्यालय तथा आयोजनास्थल | |
| | जम्मा (क) | २०,७५५ | १०,६९६ | १०,०५९ | | चालु अवस्थामा रहेको |
| | आयोजनातर्फ | | | | | |
| (ख) | अमुर्त सम्पत्ति | २६,०९,०८२ | ४१,०२७ | २५,६८,०५५ | आयोजनास्थल | |
| | जम्मा (ख) | २६,०९,०८२ | ४१,०२७ | २५,६८,०५५ | | |
| **जम्मा (क)+(ख)** | | २६,२९,८३७ | ५१,७२३ | २५,७८,११४ | | |

(ख) **बूँदा (१) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने** : आयोजनाको पावरहाउस, स्वीचयार्ड, इन्टेक, सर्ज ट्याङ्क, पेनस्टक पाइप र स्टाफ क्वाटर आफ्नै जग्गा तथा नेपाल सरकारसँग सट्टाभर्ना वापत प्राप्त गरेको जग्गामा रहेको छ ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :**
एनएमबी बैंक लिमिटेडको अगुवाई तथा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सहभागितामा मिति २०७८/०८/२९ मा भएको सहवित्तीयकरण ऋण सम्झौता बमोजिम उक्त बैंकहरुले सुपर काबेली खोला ए जलविद्युत आयोजना (१३.५ मे.वा.) निर्माण तथा सञ्चालनको लागि रु.१,९७,१२,२९,५७६/- (अक्षरेपि एक अर्ब सन्तानब्बे करोड बाह्र लाख उनान्तिस हजार पाँच सय छयात्तर मात्र) कर्जा लगानी भएको र सो को ब्याज तथा अन्य दस्तुर समेत खाम्ने गरी सुरक्षण वापत कम्पनीको नाममा ताप्लेजुङ्ग जिल्लामा रहेको आयोजनाका लागि खरिद गरिएका जग्गा तथा उक्त जग्गामा रहेका सम्पुर्ण संरचनाहरु समेत सहवित्तीयकरण सदस्य बैंकको नाममा दृष्टिबन्धकको लिखत रजिष्ट्रेशन पारित भएको छ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**
लागू नहुने।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण** : लागू नहुने।

**ग. ३. ग. भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति :**

(१) कम्पनीको मुख्य उद्देश्य नेपालको जलविद्युत विकासमा एक अग्रणी कम्पनीको रुपमा स्थापित गर्नु रहेको छ।
(२) कम्पनीले सरकारी निकायहरुसँग भएको सम्झौता बमोजिम देशमा रहेको जलश्रोतको अधिकतम उपयोग गरी विद्युत उत्पादन गर्ने र सो उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणलाई बिक्री गरी देशलाई विद्युतमा आत्मनिर्भर बनाई देशलाई सम्वृद्ध बनाउन सहयोग गर्ने।
(३) कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिमका उद्देश्यहरु प्राप्तिका लागि व्यावसायिक रूपमा सम्भाव्य देखिएको जलविद्युत आयोजनाहरुमा लगानी गर्ने।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

नेपालमा जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको भएता पनि वर्तमान अवस्थामा जलविद्युतको विकासको सम्भावना उच्च रहेको र कुल राष्ट्रिय उर्जा खपतको करीब ३% मात्र विद्युतबाट आपूर्ति भएको अवस्था देखिन्छ। देशमा माग वमोजिम जलविद्युत आपूर्तिको कमी रहेको हालको पृष्ठभूमिमा जलविद्युत आयोजना निर्माण गर्नु आफैंमा सराहनिय काम भएको र विद्युत उत्पादन हुनु अगावै विद्युत खरिद बिक्री सम्बन्धि सम्झौता समेत सम्पन्न हुनुले यस क्षेत्रमा अन्य समान किसिमका उद्योगसँग प्रतिस्पर्धा नरहने हुँदा यस कम्पनीले जलविद्युत क्षेत्रमा आफ्नो अलग पहिचान स्थापित गर्न सफल हुनेछ। जलविद्युत आयोजनाहरुको पर्याप्त विकास हुन सके विद्युतको आन्तरिक खपत तथा छिमेकी राष्ट्रमा विद्युतको व्यापारको सम्भावना रहेको हुँदा नयाँ विद्युत आयोजनाहरुमा लगानी विस्तार गर्नका लागि कम्पनीको भविष्य राम्रो रहेको छ। त्यसैले हालको अवस्थामा यस व्यवसायमा प्रतिस्पर्धाको अवस्था सृजना हुनसक्ने सम्भावना ज्यादै न्यून रहेको छ। यसर्थ कम्पनीले आफ्नो व्यवसायको निरन्तरताका लागि अगाडि बढाएको जलविद्युत आयोजनाको निर्माण र अन्य आयोजनाहरुको पहिचान तथा विकास गर्दा अन्य वस्तुको उत्पादनमा जस्तो प्रतिस्पर्धा गर्नु पर्दैन। नेपालमा जलविद्युत आयोजनामा लगानीको राम्रो सम्भावना रहेको छ।

**ग.३.घ. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :**

(१) कम्पनीको नियमावलीको नियम २८, २९ तथा ३० बमोजिम कम्पनीमा ५ (पाँच) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ।

| क्र.सं. | समुह | संख्या |
|---|---|---|
| १. | संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित | ३ जना |
| २. | सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | १ जना |
| ३. | स्वतन्त्र सञ्चालक | १ जना |
| | **जम्मा** | **५ जना** |

कम्पनीको नियमावलीको नियम २९ मा भएको व्यवस्था अनुसार सञ्चालकको पदमा नियुक्त हुनको लागि वा निर्वाचित हुनको लागि संस्थापक शेयरधनी समुहले आफ्नो नाममा कम्तिमा १०,००० (दश हजार) कित्ता शेयर लिएको हुनु पर्नेछ। साथै सर्वसाधारण शेयरधनीहरुले आफ्नो नाममा कम्तिमा १०० (सय) कित्ता शेयर लिएको हुनु पर्नेछ। तर स्वतन्त्र व्यावसायिक सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन्। सञ्चालकहरुको कार्यकाल ४ वर्ष तथा स्वतन्त्र सञ्चालकको कार्यकाल १ वर्षको हुनेछ।

**नोट :** कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (२) मा भएको व्यवस्थाको अधिनमा रहि कम्पनीको नियमावलीको नियम २९ मा भएको व्यवस्था बमोजिम शेयर सर्वसाधारणमा बाँडफाँड नहुँदा सम्मको लागि संस्थापक समुहबाट प्रतिनिधित्व गर्ने ४ जना सञ्चालकहरु सञ्चालक समितिमा रहनु भएको छ। कम्पनीको सर्वसाधारण शेयरधनी समुहको शेयर निष्काशन तथा बाँडफाँड सम्पन्न भए पश्चात् कानुन बमोजिम सञ्चालक समितिमा माथि उल्लेख गरिए अनुसार प्रतिनिधित्व रहने गरि सञ्चालक समितिको गठन गरिनेछ।

**ग ३. ङ. हालसम्म भए गरेका मुख्य सम्झौता सम्बन्धी विवरणहरु**
**विद्युत विकास विभागबाट प्राप्त अनुमति/इजाजत सम्बन्धी विवरण**

| क्र.सं. | अनुमतिपत्रको विवरण | क्षमता मे.वा. | अनुमतिपत्र संख्या नं. | अनुमति प्राप्त निर्णय मिति | सुरु मिति | समाप्त मिति |
|---|---|---|---|---|---|---|
| १. | विद्युत उत्पादन अनुमतिपत्र | १३.५ मे.वा. | वि.वि.वि/०७८/७९ वि.उ.३४७ | २०७८।०७।१२ | २०७८।०७।१२ | २११३।०७।११ |

**नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिदबिक्री सम्झौता सम्बन्धी विवरण**

| क्र.सं. | सम्झौताको संक्षिप्त विषय वस्तु | क्षमता मेगावाट | सम्झौता मिति | RCOD मिति | समाप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | विद्युत खरिद सम्झौता | १३.५ | २०७५।११।०२ | २०८०।०१।०१ | २११३/०७/११ | विद्युत खरिद बिक्री सम्झौता बमोजिम |
| २. | विद्युत खरिद सम्झौता पहिलो संशोधन | | २०७८।०७।१४ | - | | मूल सम्झौताका केही दफाहरुमा संशोधन । |
| ३. | विद्युत खरिद सम्झौता दोश्रो संशोधन | | २०७८।१०।०२ | २०८०।१२।३० | | व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति थप गर्नुपर्ने सम्बन्धी संशोधन । |
| ४. | विद्युत खरिद सम्झौता तेस्रो संशोधन | | २०७९।०८।२७ | २०८१।१२।२९ | | व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति थप गर्नुपर्ने सम्बन्धी संशोधन । |

**वातावरणीय अध्ययन स्वीकृति सम्बन्धी विवरण**

| क्र.सं. | अनुमतिपत्रको विवरण | क्षमता मे.वा | स्वीकृति दिने निकाय | निर्णय मिति | स्वीकृति प्रदान गरिएको भएको पत्रको मिति |
|---|---|---|---|---|---|
| १ | सुपर काबेली खोला ए जलविद्युत आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (EIA) | १३.५ मे.वा. | वन तथा वातावरण मन्त्रालय | २०७८/०३/०४ | २०७८/०३/१४ |

**ग.४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात् सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी :** कम्पनीको अधिकृत पूँजी रु.९३,७५,००,०००/- (अक्षरेपि त्रियानब्बे करोड पचहत्तर लाख मात्र रहेको छ। उक्त पूँजीलाई रु.१००/-का दरले ९३,७५,००० (त्रियानब्बे लाख पचहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ।

**जारी पूँजी :** कम्पनीको जारी पूँजी रु.९३,७५,००,०००/- (अक्षरेपि त्रियानब्बे करोड पचहत्तर लाख मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ९३,७५,००० (त्रियानब्बे लाख पचहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ।

**चुक्ता पूँजी :** कम्पनीको संस्थापकहरुबाट चुक्ता पूँजी रु.७५,००,००,०००/- (अक्षरेपि पचहत्तर करोड मात्र) चुक्ता भइसकेको छ। आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई (अति प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाको सिरिजङ्घा गाँउपालिकाको वडा नं. ८ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर र आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरिजङ्घा गाँउपालिकाको वडा नं. १, २, ३, ४, ५, ६ र ७ का स्थानीय बासिन्दाहरु, सिदिङ्वा गाँउपालिकाको वडा नं. ५ र ६, पाथिभरा याङवारक गाँउपालिकाको वडा नं. ५ र ६ र पाँचथर जिल्लाको हिलिहाङ गाँउपालिकाको वडा नं. १ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर) निष्काशन गरिने जारी पुँजीको १०% अर्थात् रु.९,३७,५०,०००/- ( अक्षरेपि नौ करोड सैंतिस लाख पचास हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/– दरको ९,३७,५०० कित्ता शेयर तथा सर्वसाधारणलाई निष्काशन गरिने जारी पूँजीको १०% अर्थात् रु.९,३७,५०,०००/- (अक्षरेपि नौ करोड सैंतिस लाख पचास हजार मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/– दरको ९,३७,५०० कित्ता शेयर ( जसमध्ये वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि १०% अर्थात् ९३,७५० कित्ता, सामुहिक लगानी कोषहरुलाई ५% अर्थात् ४६,८७५ कित्ता तथा संस्थामा कार्यरत कर्मचारी/कामदारहरुलाई २% अर्थात् १८,७५० कित्ता समेत) निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.९३,७५,००,०००/- (त्रियानब्बे करोड पचहत्तर लाख मात्र) हुनेछ।

**कम्पनी संस्थापना भए पश्चात् पूँजी संरचनामा भएको परिवर्तन सम्बन्धि विवरण:**

| आ.व. | कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित मिति | विवरण | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी |
|---|---|---|---|---|---|
| २०७१/७२ | २०७१/०५/११ | कम्पनी स्थापना गर्दाको प्रबन्धपत्र | रु. ३,००,००,०००।- | रु. ३,००,००,०००।- | - |
| २०७३/७४ | २०७४/०१/२० | अद्यावधिक शेयर लगत | - | - | रु. ३,००,००,०००।- |
| २०७३/७४ | २०७४/०१/२८ | प्रबन्धपत्रमा संशोधन | रु. २०,००,००,०००।- | - | - |
| २०७५/७६ | २०७५/१०/१८ | प्रबन्धपत्रमा संशोधन | रु. ७३,००,००,०००।- | रु. ६,००,००,०००।- | - |
| २०७५/७६ | २०७६/०१/१४ | प्रबन्धपत्रमा संशोधन | रु. ८२,००,००,०००।- | - | - |
| २०७८/७९ | २०७८/११/३० | प्रबन्धपत्रमा संशोधन | - | रु. ६५,००,००,०००।- | - |
| २०७८/७९ | २०७९/०२/२५ | अद्यावधिक शेयर लगत | - | - | रु.२०,१९,०५,४००।- |
| २०७८/७९ | २०७९/०३/०३ | कम्पनीलाई पब्लिक लिमिटेड कम्पनीमा परिवर्तन गर्दाको प्रबन्धपत्र | रु. ८२,००,००,०००।- | रु. ८१,२५,००,०००।- | - |

| आ.व. | कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणित मिति | विवरण | अधिकृत पूँजी | जारी पूँजी | चुक्ता पूँजी |
|---|---|---|---|---|---|
| २०७९/८० | २०८०/०३/२७ | अद्यावधिक शेयर लगत | - | - | रु. ३७,६४,७७,०००।- |
| २०८०/८१ | २०८०/१०/१० | अद्यावधिक शेयर लगत | - | - | रु. ४६,७१,४६,२००।- |
| २०८०/८१ | २०८०/१२/२१ | अद्यावधिक शेयर लगत | - | - | रु. ६५,००,००,०००।- |
| २०८१/८२ | २०८२/०२/११ | प्रबन्धपत्रमा संशोधन | रु. ९३,७५,००,०००।- | रु. ९३,७५,००,०००।- | - |
| २०८१/८२ | २०८२/०२/१४ | अद्यावधिक शेयर लगत | - | - | रु. ७५,००,००,०००।- |

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

**कम्पनीको प्रबन्धपत्रको दफा ६ मा उल्लेख भए अनुसार यस निष्काशन पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :**

| क्र.सं. | शेयरधनीहरु | शेयर संख्या | चुक्ता रकम (रु.) | पूँजी संरचना | कैफियत |
|---|---|---|---|---|---|
| १. | संस्थापक शेयरधनी समुह "क" | ७५,००,००० | ७५,००,००,००० | ८०% | शत् प्रतिशत चुक्ता |
| २. | सर्वसाधारण शेयरधनी समुह "ख" | | | | निष्काशन पश्चात् |
| | क. आयोजना प्रभावित तथा अति प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु | ९,३७,५०० | ९,३७,५०,००० | १०% | |
| | ख. सर्वसाधारणहरु (जसमध्ये वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि १०%, कम्पनीमा कार्यरत कामदार/कर्मचारीहरुलाई २% तथा सामुहिक लगानी कोषलाई ५% समेत) | ९,३७,५०० | ९,३७,५०,००० | १०% | |
| **जम्मा** | | **९३,७५,०००** | **९३,७५,००,०००** | **१००%** | |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्) :** शेयर प्रिमियम खाताको व्यवस्था हाल नरहेको ।

**ग.५.संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/सञ्चालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा सञ्चालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण**

| क्र.सं. | शेयरवालाको नाम तथा ठेगाना | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (संख्या) | शेयर स्वामित्व (प्रतिशत) | पेशा | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री मोहन बिक्रम कार्की ठेगाना : सुनकोशी गा.पा.-६, थुम्पाखर, सिन्धुपाल्चोक | ५२ | नेपाली | ९००,००० | १२ | व्यापार/व्यवसाय | आइ.ए | अध्यक्ष – सुपरमाई हाईड्रोपावर लिमिटेड । (२०७३ देखि २०७९ श्रावण मसान्त सम्म) अध्यक्ष–आशुतोष इनर्जी लि. । (२०७७ देखि हाल सम्म) | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २ | श्री नेशनल इक्वीटी फण्ड-१ ठेगाना: ललितपुर म.न.पा.-१०, कुपण्डोल, ललितपुर | लागू नहुने | लागू नहुने | ९००,००० | १२ | लागू नहुने | लागू नहुने | लागू नहुने | लागू नहुने |
| ३ | श्री प्रताप गुरुङ ठेगाना : काठमाण्डौ म.न.-८, गुह्येश्वरी, काठमाण्डौ | ६३ | नेपाली | ४५०,००० | ६ | व्यापार/व्यवसाय | आइ.ए | संचालक- डायनामिक हाइड्रो इनर्जी प्रा. लि (२०७४ देखि २०८२ पौष सम्म) | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ४ | श्री नेशनल हाइड्रो फण्ड-२ ठेगाना: ललितपुर म.न.पा.-१०, कुपण्डोल, ललितपुर | लागू नहुने | लागू नहुने | ४००,००० | ५.३३ | लागू नहुने | लागू नहुने | लागू नहुने | लागू नहुने |
| ५ | श्री भीमसेन भण्डारी ठेगाना : सुनकोशी गा.पा.-६, थुम्पाखर, सिन्धुपाल्चोक | ३३ | नेपाली | ३७४,००० | ४.९९ | व्यापार/व्यवसाय | स्नाकोत्तर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ६ | श्री तारा बहादुर कार्की ठेगाना : सुनकोशी गा.पा.-६, थुम्पाखर, सिन्धुपाल्चोक | ४९ | नेपाली | २६०,००० | ३.४७ | व्यापार/व्यवसाय | एम.ए | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ७ | श्री दिपा राना मगर ठेगाना : नारायण न.पा.-५, दैलेख | २८ | नेपाली | १९२,००० | २.५६ | व्यापार/व्यवसाय | नर्सिङमा स्नातक | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ८ | श्री हरिहर उप्रेती ठेगाना : काठमाण्डौ म.न.पा.-३१, बानेश्वर, काठमाण्डौ | ६४ | नेपाली | १८३,३८५ | २.४५ | व्यापार/व्यवसाय | एस.एल.सी. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |

| क्र.सं. | शेयरवालाको नाम तथा ठेगाना | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (संख्या) | शेयर स्वामित्व ( प्रतिशत) | पेशा | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | श्री डिल्ली प्रसाद पराजुली ठेगाना : बुढानिलकण्ठ न.पा.-४, काठमाण्डौ | ५४ | नेपाली | १७०,००० | २.२७ | व्यापार/व्यवसाय | बि.बि.एम. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १० | श्री सविता वर्तौला ठेगाना : बुढानिलकण्ठ न.पा.-४, काठमाण्डौ | ४४ | नेपाली | १७०,००० | २.२७ | व्यापार/व्यवसाय | बि.बि.एम. | प्रवन्ध संचालक – त्रिमुर्ती इन्टरनेशनल ट्रेड कम्पनी लिमिटेड । (२०६६ देखि हाल सम्म) | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ११ | श्री दुर्गा प्रसाद उप्रेती ठेगानाः काठमाण्डौ म.न.पा.-१०, बानेश्वर, काठमाण्डौ | ६२ | नेपाली | १६८,४६१ | २.२५ | व्यापार/व्यवसाय | स्नातक | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १२ | श्री मेघ नाथ ढुङ्गाना ठेगाना : ईलाम न.पा.-२, सुम्बेक, ईलाम | ५० | नेपाली | १६५,००० | २.२० | व्यापार/व्यवसाय | सिभिल ओभरसियर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १३ | श्री श्रीजेश गुरागाई ठेगाना : बुढानिलकण्ठ न.पा.-८, काठमाण्डौ | २५ | नेपाली | १,५०,००० | २.०० | व्यापार/व्यवसाय | स्नाकोत्तर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १४ | डा.सन्तोष भट्टराई ठेगाना : शुक्लागण्डकी न.पा. -११, राईपुर, तनहुँ | ४० | नेपाली | १३५,००० | १.८० | व्यापार/व्यवसाय | विद्यावारिधी | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १५ | श्री सुमिरा खड्का ठेगाना : त्रियुगा न.पा.-११, उदयपुर | ३९ | नेपाली | १२६,९२३ | १.६९ | व्यापार/व्यवसाय | स्नातक | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १६ | श्री पूर्णध्वज कार्की ठेगाना :सुनकोशी गा.पा.-६, थुम्पाखर, सिन्धुपाल्चोक | ४४ | नेपाली | १२५,००० | १.६७ | व्यापार/व्यवसाय | बि.ए | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १७ | श्री दल बहादुर रुम्बा ठेगाना :सुनकोशी गा.पा-४, यमुनाडाँडा, सिन्धुपाल्चोक | ५४ | नेपाली | ११०,००० | १.४७ | व्यापार/व्यवसाय | आइ.ए. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १८ | श्री उत्तम पौडेल ठेगाना : भानु न.पा.-११, रुपाकोट, तनहुँ | ३९ | नेपाली | ११०,००० | १.४७ | व्यापार/व्यवसाय | बि.सि.इ. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| १९ | श्री बासु खड्का ठेगाना : काठमाण्डौ म.न.पा.-३१, काठमाण्डौ | ५३ | नेपाली | १००,००० | १.३३ | व्यापार/व्यवसाय | आई.कम. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २० | श्री भोगेन्द्र कुमार गुरागाई ठेगाना : बुढानिलकण्ठ न.पा.-८, काठमाण्डौ | ६७ | नेपाली | १,००,००० | १.३३ | व्यापार/व्यवसाय | स्नाकोत्तर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २१ | श्री विरोध कुमार बन्जारा ठेगाना : बनेपा न.पा.-११, उग्रतारा जनागाल, काभ्रे | ४३ | नेपाली | १००,००० | १.३३ | व्यापार/व्यवसाय | बि.इ./एम.बि.ए. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २२ | श्री देवका शिवाकोटी उप्रेती ठेगाना : काठमाण्डौ म.न.पा.-३१, काठमाण्डौ | ६० | नेपाली | १००,००० | १.३३ | व्यापार/व्यवसाय | एस.एल.सी. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २३ | श्री कृष्ण प्रसाद न्यौपाने ठेगाना : काठमाण्डौ म.न.पा.-९, काठमाण्डौ | ६६ | नेपाली | १००,००० | १.३३ | व्यापार/व्यवसाय | एम.कम. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २४ | श्री माधव प्रसाद मैनाली ठेगाना : कालिञ्चोक गा.पा.-९, सुन्दावती, दोलखा | ४६ | नेपाली | १००,००० | १.३३ | व्यापार/व्यवसाय | स्नाकोत्तर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २५ | श्री प्रज्वल उप्रेती ठेगाना : काठमाण्डौ म.न.पा.-३१, बानेश्वर, काठमाण्डौ | ३३ | नेपाली | १००,००० | १.३३ | व्यापार/व्यवसाय | स्नाकोत्तर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २६ | श्री राजेन्द्र राज भारती ठेगानाः धुंनीबेशी न.पा.-२, छत्रेदेउराली, धादिङ | ३५ | नेपाली | १००,००० | १.३३ | व्यापार/व्यवसाय | बि.सि.इ. | प्रोजेक्ट ईन्जिनियर - सुपरमाई हाइड्रोपावर लिमिटेड (मिति २०७३ देखि २०७४ सम्म) प्रोजेक्ट म्यानेजर - कावेली ३ हाइड्रो पावर प्रोजेक्ट (२०७८ देखि २०७९ सम्म) | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २७ | श्री रतन कुमार चौधरी ठेगाना : इलाम न.पा.-१, इलाम जिल्ला | ७२ | नेपाली | ९४,६१५ | १.२६ | व्यापार/व्यवसाय | स्नातक | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| २८ | श्री जेनिसा उप्रेती ठेगाना : काठमाण्डौ म.न.पा.-१०, बानेश्वर, काठमाण्डौ | ३४ | नेपाली | ९०,००० | १.२० | व्यापार/व्यवसाय | स्नाकोत्तर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |

| क्र.सं. | शेयरवालाको नाम तथा ठेगाना | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (संख्या) | शेयर स्वामित्व ( प्रतिशत) | पेशा | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|---|
| २९ | श्री निजेश उप्रेती ठेगाना : काठमाण्डौ म.न.पा.-१०, बानेश्वर, काठमाण्डौ | ३२ | नेपाली | ९०,००० | १.२० | व्यापार/व्यवसाय | स्नाकोत्तर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ३० | श्री निर्मला चुडाल ठेगाना : काठमाण्डौ म.न.पा.-१०, बानेश्वर, काठमाण्डौ | ५८ | नेपाली | ९०,००० | १.२० | व्यापार/व्यवसाय | एस.एल.सी. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ३१ | श्री प्रचिता उप्रेती ठेगाना : काठमाण्डौ म.नपा.-३१, बानेश्वर, काठमाण्डौ | २८ | नेपाली | ८०,००० | १.०७ | व्यापार/व्यवसाय | बि.बि.ए. | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ३२ | श्री प्रकृति उप्रेती ठेगाना : काठमाण्डौ म.न.पा.-३१, बानेश्वर, काठमाण्डौ | ३५ | नेपाली | ८०,००० | १.०७ | व्यापार/व्यवसाय | स्नाकोत्तर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |
| ३३ | श्री सन्दिका पौड्याल ठेगाना : देवचूली न.पा.-३, दिव्यपूरी, नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) | ३२ | नेपाली | ७६,००० | १.०१ | व्यापार/व्यवसाय | शहरी योजनामा स्नाकोत्तर | व्यापार/व्यवसाय | यस कम्पनीमा संस्थापक शेयरधनी रहेको । |

## सञ्चालकको विवरण

| क्र.सं. | नाम, पद तथा ठेगाना | उमेर | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव | प्रस्तावित व्यापार र व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | श्री मोहन विक्रम कार्की (अध्यक्ष) सुनकोशी गा.पा.-६, सिन्धुपाल्चोक । | ५२ | नेपाली | ९,००,००० | ईन्टरमिडीएट ईन आर्टस् | १) अध्यक्ष, डायनामिक हाईड्रो इनर्जि लि.<br>२) अध्यक्ष – सुपरमाई हाईड्रोपावर लिमिटेड । (२०७३ देखि २०७९ श्रावण मसान्त सम्म)<br>३) अध्यक्ष, हिल्टन हाईड्रो इनर्जि लि.,<br>४) अध्यक्ष, ईलेक्ट्रो पावर कम्पनी लि.,<br>५) अध्यक्ष, कालिका इनर्जि लि.,<br>६) अध्यक्ष, आशुतोष इनर्जि लि.,<br>७) प्रबन्ध संचालक, कावेली हाईड्रोपावर कम्पनी लि.<br>८) प्रबन्ध संचालक, सुर्य होल्डिङ्ग प्रा. लि. | अध्यक्ष : स्नो रिभर्स लिमिटेड (वि.सं २०८२/०१/२६ देखि हालसम्म) |
| २. | श्री उत्तम पौडेल ठेगाना : भानु न.पा.-११, रुपाकोट, तनहुँ | ३९ | नेपाली | ११०,००० | ब्याचलर्स इन सिभिल इन्जिनियरिङ्ग (BCE) | १) परियोजना प्रबन्धक - आशुतोष इनर्जी लि.(चेपे खोला साना जलविद्युत आयोजना)<br>२) परियोजना प्रबन्धक - सगरमाथा जलविद्युत कम्पनी लि.(सुपर माई-ए जलविद्युत आयोजना)<br>३) परियोजना प्रबन्धक - सुपरमाई हाइड्रोपावर कम्पनी लि.(सुपर माई जलविद्युत आयोजना)<br>४) परियोजना प्रबन्धक - भुगोल इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि (द्वारी खोला जलविद्युत आयोजना प्रा.लि.) | सञ्चालक : स्नो रिभर्स लिमिटेड (वि.सं २०८२/०९/०५ देखि हालसम्म) |
| ३. | श्रीमती दिपा राना मगर (सञ्चालक) नारायण न.पा. ५, दैलेख | २६ | नेपाली | १९२,००० | नर्सिङमा स्नातक | १) संस्थापक, इलेक्ट्रो पावर कम्पनी लि. | सञ्चालक : स्नो रिभर्स लिमिटेड (वि.सं २०८०/०५/२७ देखि हालसम्म) |
| ४. | श्री प्रकाश श्रेष्ठ (स्वतन्त्र सञ्चालक) चाँगुनारायण न.पा.७, भक्तपुर । | ३२ | नेपाली | लागु नहुने | ब्याचलर इन इन्जिनियरिङ्ग (सिभिल) | १) पूर्व प्रोजेक्ट इन्जिनियर, अपर चाखु ए हाइड्रो इलेक्ट्रिक प्रोजेक्ट, रावाखोला हाईड्रोपावर प्रोजेक्ट, चेपे खोला स्मल हाइड्रोपावर प्रोजेक्ट (प्रोजेक्ट इन्जिनियरको रुपमा कार्य गरेको ७ वर्षको अनुभव)<br>२) वरिष्ठ सिभिल इन्जिनियर, सुपर काबेली खोला क्यासकेड जलविद्युत आयोजना, काबेली-३ जलविद्युत आयोजना (वरिष्ठ सिभिल इन्जिनियरको रुपमा कार्य गरेको ४ वर्षको अनुभव) | स्वतन्त्र सञ्चालक : स्नो रिभर्स लिमिटेड (वि.सं २०८०/०५/२७ देखि हालसम्म) |

**नोटः** कम्पनीको सञ्चालक त्यस्तै खालको अन्य कम्पनीको सञ्चालक नभएको तथा कम्पनी ऐन, २०६३ को दफा ८९ को उपदफा (१) (छ) को पालना गरिएको छ । "सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" मा भएको व्यवस्थाको पूर्ण पालना गरिएको छ ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका सञ्चालकहरुको नाम, ठेगाना (प्राकृतिक व्यक्ति नखुलेसम्म) :**

| क्र.सं | संस्थापकहरुको नाम तथा ठेगाना | संक्षिप्त विवरण | सञ्चालकहरुको नाम तथा ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | नेशनल इक्वीटी फण्ड-१, ललितपुर म.न.पा., वडा नं. १०, कुपण्डोल, ललितपुर । | नेशनल इक्वीटी फण्ड-१ धितोपत्र सम्बन्धि ऐन, २०६३ र विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम मिति २०८०/०६/०४ मा नेपाल धितोपत्र बोर्डमा दर्ता भएको प्राइभेट इक्वीटी फण्ड हो । यसमा रु.१०००/- दरका ७० लाख इकाई बराबरको रु.७ अर्बको कोष रहेको छ । कोष व्यवस्थापकमा नेशनल फण्ड म्यानेजमेन्ट लिमिटेड रहेको छ । | १) श्री घनश्याम थापा - अध्यक्ष (प्रतिनिधिः क्यास्केड इन्भेष्टमेन्ट प्रा.लि.)<br>२) श्री सुवास खड्का - सञ्चालक (प्रतिनिधिः कर्मचारी सञ्चय कोष) | |

| क.सं | संस्थापकहरुको नाम तथा ठेगाना | संक्षिप्त विवरण | सञ्चालकहरुको नाम तथा ठेगाना | कैफियत |
|---|---|---|---|---|
| २. | नेशनल हाइड्रो फण्ड-२, ललितपुर म.न.पा., वडा नं. १०, कुपण्डोल, ललितपुर । | नेशनल हाइड्रो फण्ड-२ धितोपत्र सम्बन्धि ऐन, २०६३ र विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिम मिति २०८१/१०/२० मा नेपाल धितोपत्र बोर्डमा दर्ता भएको प्राइभेट इक्वीटी फण्ड हो । यसमा रु.१०००/- दरका ५ लाख इकाई बराबरको रु.५० करोडको कोष रहेको छ । कोष व्यवस्थापकमा नेशनल फण्ड म्यानेजमेन्ट लिमिटेड रहेको छ । | ३) श्री सर्जु कुमार थापा - सञ्चालक (प्रतिनिधिः सानिमा बैंक लि.)<br>४) श्री प्रशिद्ध राज अर्याल - सञ्चालक (प्रतिनिधिः माछापुच्छ्रे बैंक लि.)<br>५) श्री शोभा श्रेष्ठ - स्वतन्त्र सञ्चालक (ललितपुर म.न.पा. १, ललितपुर) | |

**ग) संगठित संस्थाको सञ्चालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो सञ्चालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.सं. | सञ्चालकको नाम तथा ठेगाना | आवद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | श्री मोहन विक्रम कार्की<br>(अध्यक्ष) सुनकोशी गा.पा.-६, सिन्धुपाल्चोक । | १. हिलटन हाइड्रो इनर्जी लिमिटेड, का.म.न.पा ३०, काठमाण्डौ ।<br>२. आशुतोष इनर्जी लिमिटेड, का.म.न.पा ३०, काठमाण्डौ । |
| २. | श्री उत्तम पौडेल<br>(सञ्चालक) भानु न.पा.-११, रुपाकोट, तनहुँ । | - |
| ३. | श्रीमती दिपा राना मगर<br>(सञ्चालक) नारायण न.पा. ५, दैलेख | - |
| ४. | श्री प्रकाश श्रेष्ठ<br>(स्वतन्त्र सञ्चालक) चाँगुनारायण न.पा.७, भक्तपुर । | - |

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) कम्पनीको संस्थापक शेयर हस्तान्तरण, कम्पनी ऐन तथा धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानून, प्रबन्धपत्र तथा नियमावलीको अधिनमा रहि गरिनेछ ।

(ख) सर्वसाधारण शेयरधनी समूह अन्तर्गत सर्वसाधारण बाहेक अन्य उपसमूह (संस्थापक, संगठित संस्थाका कर्मचारी/कामदार तथा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरु) का लागि बाँडफाँड गरिएको/गरिने शेयर धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३८ को उपनियम (१) बमोजिम सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन । साथै संस्थापक शेयरधनीको रुपमा रहेका विशिष्टीकृत लगानी कोषहरुले विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम ३४ को उपनियम (१) बमोजिम सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले एक वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**ग. ५. ख. संस्थापक/सञ्चालकसँगको कारोबार :**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :** सो नभएको ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** सो नभएको ।

**ग. ६. सीमित दायित्व सम्बन्धी विवरण :** यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

**ग. ७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**ग. ७. क. संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | शेयर संख्या | अन्य लगानी | अनुभव |
|---|---|---|---|---|---|---|---|
| १. | रबिन पाठक | महाप्रबन्धक | स्नातक | २०८२।०४।२० | नभएको | नभएको | १) पाँचथर पावर कम्पनी-ईलेक्ट्रीकल ईन्जिनियर(वि.सं. २०७२ मंसिर देखि २०७३ कार्तीक सम्म)<br>२) जेड ईन्फ्रा प्रा. लि.-ईलेक्ट्रीकल ईन्जिनियर (वि.सं. २०७६ देखि २०७८ सम्म)<br>२) भिजन लुम्बिनी उर्जा कम्पनी लि.-ईलेक्ट्रीकल ईन्जिनियर |

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | शेयर संख्या | अन्य लगानी | अनुभव |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | (वि.सं. २०७९ देखि २०८० सम्म) ३) महाप्रबन्धक स्नो रिभर्स लिमिटेड (वि.सं. २०८२ श्रावण देखि हाल सम्म) |
| २. | मेघनाथ ढुङ्गाना | सम्पर्क प्रबन्धक | डिप्लोमा इन इन्जिनियरिङ्ग | २०७१।०६।०१ | १,६५,००० | नभएको | १) जनसम्पर्क अधिकृत सुपरमाई हाइड्रोपावर कम्पनी लि. (सुपर माई जलविद्युत आयोजना) (वि.सं. २०७६ देखि २०७७ सम्म) २) जनसम्पर्क अधिकृत स्नो रिभर्स लिमिटेड (वि.सं. २०७८ देखि हाल सम्म) |
| ३. | सुजन चिलुवाल | वित्त प्रबन्धक | स्नातकोत्तर | २०६९/०९/१५ | १०,००० | नभएको | १) लेखा प्रमुख आशुतोष इन्भेष्टमेन्ट प्रा.लि. (वि.सं. २०७३-२०७४) २) वित्त प्रमुख आशुतोष इनर्जी लि. (वि.सं. २०७४-२०७५) ३) वित्त प्रमुख काबेली हाइड्रोपावर लिमिटेड (वि.सं.२०७५-२०७७), ४) वित्त प्रमुख हिलटन हाइड्रो इनर्जी लि.(वि.सं.२०७७-२०७९) |
| ४. | अभिषेक कार्की | कम्पनी सचिव | स्नातक | २०८२/०१/१० | नभएको | नभएको | १) लेखा अधिकृत-दोर्दीखोला जलविद्युत कम्पनी लि. (२०७८ चैत्र देखि २०८० चैत्र सम्म) २) मातारानी ईन्टरप्राईजेज (२०८० बैशाखदेखी फाल्गुण सम्म) ३) लेखा अधिकृत- स्नो रिभर्स लि. (२०८० चैत्र देखि हालसम्म) |

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको

**(ग) कर्मचारी संख्या :** ३० जना

| क्र.सं | स्थायी/अस्थायी | करार | ज्यालादारी | अन्य | कुल कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| १ | ३० | - | - | - | ३० |

**ग. ७. ख. सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधा :** सो नभएको

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम पद र एक आर्थिक वर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

**आ.व.२०८१/८२ को वित्तीय विवरण अनुसार**

| क्र.सं | कर्मचारीको नाम | पद | पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (रु.) | अवधि | पारिश्रमिक निर्धारण गर्ने निकाय |
|---|---|---|---|---|---|
| १. | रबिन पाठक | महाप्रबन्धक | ३४९,०४८.०० | आ.व ८२।८३ | व्यवस्थापन समिति |
| २. | मेघ नाथ ढुङ्गाना | सम्पर्क प्रबन्धक | २,३०९,३७२.०० | आ.व ८२।८३ | व्यवस्थापन समिति |
| ३. | अभिषेक कार्की | कम्पनी सचिव/लेखा अधिकृत | ५२०,०००.०० | आ.व ८२।८३ | व्यवस्थापन समिति |

**(ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :** सो नरहेको ।

**ग. ८. अर्न्तनिहित जोखिम तथा सो मा व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :**

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

आयोजनाको निर्माणको लागि आवश्यक वित्तीय साधनको प्रबन्ध भईसकेको र आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा रहेको हुँदा वित्तीय साधनको अभावको जोखिम रहेको छैन । भविष्यमा नयाँ आयोजनाहरु निर्माण तथा सञ्चालन गरिने भएमा उपयुक्त वित्तीय साधनको व्यवस्थापन गरी लगानी गरिने छ ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

- रहेको/नरहेको: नरहेको
- नरहनुको कारण: आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको ।
- हुँदा कच्चा पदार्थको अभावबाट हुने जोखिम नरहेको ।
- जलवायु परिवर्तन वा अन्य कारणले नदीको बहावमा परिवर्तन आउन सक्ने सम्भावना रहन्छ, जुन कम्पनीको नियन्त्रण बाहिरको विषय हो । तर, आयोजनाको निर्माण गर्दा लामो अवधिको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा क्षमता निर्धारण गरिएको हुँदा तत्काल यस प्रकारको समस्या आउने सम्भावना न्यून रहेको छ ।
- आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइरहेको हुनाले कच्चा पदार्थको अभाव हुने अवस्था छैन ।

**(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको । नेपालमा विद्युतको माग बढी रहेको र छिमेकी मुलुकमा समेत विद्युत निर्यात गर्न सकिने प्रवल सम्भावना रहेको हुँदा बजारको स्थितिमा आउने परिवर्तनहरु थप सकरात्मक हुने देखिएको छ। विद्युत खरिद सम्झौताको प्रावधान अनुसार आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सुनिश्चिता गरेको छ ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :** COVID-19 का कारण आयोजनामा केही ढिलाई भएको छ तर आयोजना निर्माणको अन्तिम चरणमा रहेको हुँदा यस विवरणपत्रमा उल्लेखित आयोजना लागत बढ्ने सम्भावना रहेको छैन । त्यसैगरी यस ढिलाईबाट विद्युत खरिददरमा कुनै प्रतिकुल असर पर्ने छैन ।

**(ङ) विदेशी विनिमयको जोखिम :** विदेशी विनिमय दरमा परिवर्तन भएमा संचालन खर्चमा बृद्धि हुन सक्ने जोखिम रहेको ।

**(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु:** आयोजना निर्माणका लागि कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरी इजाजतपत्रहरु प्राप्त गरी सकेको छ । यस प्रकारको अवरोधहरु रहेको छैन ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** यस्तो जोखिम नरहेको ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।

**(झ) सञ्चालन इतिहासको अभाव :** कम्पनीका संस्थापकहरु जलविद्युत क्षेत्रमा लामो समय देखि कार्य गर्दै आएका अनुभवी व्यक्ति भएको हुनाले यस्तो जोखिम न्यून रहेको ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :** आयोजनामा प्रयोग भएका प्रविधिहरुमा पछि परिवर्तन भएको खण्डमा मात्रै भविश्यमा केही प्रभाव पर्न सक्ने हुन्छ । तर यस्तो प्रकारको जोखिम ज्यादै न्यून हुने र सहजै सम्बोधन गर्न सकिने हुन्छ ।

**(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : सम्पूर्ण पुर्वाधार निर्माण कार्य अन्तिम चरणमा रहेकोले यसबाट जोखिम नरहेको । पुर्वाधारको व्यवस्था सम्पन्न भई सकि हाल आयोजना निर्माणको अन्तिम चरणमा रहेता पनि वर्षायाममा पहुच मार्गमा पुग्न जाने क्षतिको कारण आयोजनाको निर्माणमा ढिलासुस्तीको जोखिम रहनेछ ।

**(ठ) अन्य :**

- खडेरी, अनावृष्टि, अतिवृष्टि, जलस्रोतको मुहानमा अप्रत्याशित परिवर्तन, जलवायु परिवर्तनका कारण हुने अनपेक्षित वातावरण परिवर्तन आदिका कारण पानीको स्रोतमा कमी आएमा उत्पादन क्षमतामा कमी आउन सक्ने ।
- प्राकृतिक प्रकोप तथा नियन्त्रण बाहिरका परिस्थितिहरु सृजना भई आयोजनाको भौतिक संरचना तथा उपकरणहरुमा क्षति पुऱ्याएमा खर्च वृद्धि हुन सक्ने तथा व्यावसायिक आम्दानीमा कमी हुन सक्ने ।
- प्रशारण लाईनमा हुन सक्ने प्राविधिक वा यान्त्रिक गडबडीका कारण उत्पादित विद्युत आपूर्ति अवरुद्ध हुन सक्ने ।
- विद्युत केन्द्रमा जडित मेसिन तथा यान्त्रिक उपकरणहरुमा हुने खराबीका कारण विद्युत उत्पादन तथा आपूर्ति अवरुद्ध हुन सक्ने ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्बन गर्दै जानेछ ।**

नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोतभन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा विभिन्न श्रोत जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदिबाट प्राप्त गर्न सकिन्छ । यस मध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जाभन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ । साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्नका लागि आयोजनाको आवश्यक संरचनाको हकमा आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेडबाट सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न यस कम्पनीले गरेको बीमा सम्बन्धी विवरण निम्नानुसार रहेको छ ।

**तपशिल**

| क्र.सं. | बीमा कम्पनीको नाम | बीमाको शीर्षक | बीमा गरिएको रकम (रु.) | बीमा बहन गर्ने जोखिम | प्रिमियमको रकम (रु.) | पछिल्लो पटक प्रिमियम भुक्तानी गरेको रकम (रु.) | बीमाको वैधता (Validity) |
|---|---|---|---|---|---|---|---|
| १ | आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । | Project Insurance Policy | १,९६,१०,०७,३३९.२८ | All Project Risks | ४४,३१,८९६.५९ | ४४,३१,८९६.५९ | इ.सं. २०२६/११/०२ |
| २ | आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । | Loss of Profit (LOP) | ४३,८६,४७,३२८.३९ | Generation Loss | १९,८२,७०५.९३ | १९,८२,७०५.९३ | इ.सं. २०२६/११/०२ |
| ३ | आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । | Public Liability Insurance | १०,००,०००.०० | Bodily Injury and Property Damage of Third party | ५,६७०.०० | ५,६७०.०० | इ.सं. २०२६/११/०२ |
| | **जम्मा** | | **२,४०,०६,५४,६६७६७** | **All Project Risks** | **६४,२०,२७२५२** | **६४,२०,२७२५२** | |

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

प्रति शेयर अंकित मूल्य रु.१००/–दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग. ९. वित्तीय विवरण :**

**ग. ९. क. वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :**

**(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान हिसाब बाँडफाँड, नगद प्रवाह विवरण :** यस कम्पनीको आ.व.२०८१/०८२ को लेखापरीक्षण भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार रहेको छ :

**वासलात**

**(२०८२ आषाढ मसान्त)**

**(रु. हजारमा)**

| विवरण | आ.व.२०८१/८२ |
|---|---|
| **पूँजी** | |
| शेयर पूँजी | ७५०,००० |
| अन्य पूँजी | ३७,९२२ |
| **कुल पूँजी** | **७८७,९२२** |
| **गैह्र चालु दायित्व** | |
| वित्तीय दायित्व | |
| *दिर्घकालीन ऋण* | १,९१५,७९९ |
| *लिज सम्बन्धी दायित्व (गैह्र चालु अंश)* | ५,७७७ |
| **कुल गैह्र चालु दायित्व** | **१,९२१,५७६** |
| **चालु दायित्व** | |
| वित्तीय दायित्व | |
| *अल्पकालीन ऋण* | ७४,४५३ |
| *व्यापार तथा अन्य भुक्तानी गर्नुपर्ने* | ८,७६१ |
| अन्य चालु दायित्व | ८,४५४ |
| **कुल चालु दायित्व** | **९१,६६८** |
| **कुल पूँजी तथा दायित्व** | **२,८०१,१६६** |
| **सम्पत्ति** | |
| **गैह्र चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ११,१७२ |
| अमूर्त सम्पत्ति (परियोजना सम्पत्ति) | २,५६८,०५५ |
| भोगाधिकार भएको सम्पत्ति | ७,१२२ |
| **कुल गैह्र चालु सम्पत्ति** | **२,५८६,३४८** |
| **चालु सम्पत्ति** | |
| वित्तीय सम्पत्ति | |
| *नगद तथा नगद समान* | ६३,८८८ |
| *ऋण, पेश्की तथा निक्षेप* | १४८,२७५ |
| अन्य चालु सम्पत्ति | २,६५६ |
| **कुल चालु सम्पत्ति** | **२१४,८१८** |
| **कुल सम्पत्ति** | **२,८०१,१६६** |

**नाफा - नोक्सान हिसाब**

**(श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२)**

**(रु. हजारमा)**

| विवरण | आ.व.२०८१/८२ |
|---|---|
| आय | ५४६,५६५ |
| प्रत्यक्ष खर्च | (३७४,९३७) |
| **कुल नाफा/नोक्सान** | **१७१,६२८** |
| अन्य आय | - |
| प्रशासनिक खर्च | (३,८०३) |
| वित्त लागत | (८४,०९०) |
| ह्रासकट्टी तथा परिशोधन | (४९,९८६) |
| **कर तथा बोनस अघिको खुद नाफा** | **३३,७४९** |

| विवरण | आ.व.२०८१/८२ |
|---|---|
| कर्मचारी बोनस सम्बन्धी प्रावधान | (६७४) |
| **कर खर्च** | - |
| चालु कर | - |
| स्थगन कर | - |
| **कर र बोनस पछिको खुद नाफा** | ३३,०७४ |

**नगद प्रवाह विवरण**

**(श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२)**

**(रु. हजारमा)**

| विवरण | आ.व.२०८१/८२ |
|---|---|
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | |
| यस वर्षको खुद मुनाफा | ३३,०७४ |
| समायोजन | - |
| ह्रासकट्टि तथा परिशोधन | ५१,७९८ |
| वित्त लागत | ८४,०९० |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरीको बिक्रीमा (नोक्सान)/नाफा | - |
| संस्थागत सामाजिक उत्तरदायित्व | (३३१) |
| **चालु पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **१६८,६३२** |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | |
| चालु सम्पत्तिमा कमी/(वृद्धि) | ५८,३०९ |
| चालु दायित्व तथा व्यवस्थामा (कमी)/वृद्धि | (७६,९८५) |
| **कार्यशील पूँजी परिवर्तनबाट खुद नगद प्रवाह** | **(१८,६७६)** |
| **क) सञ्चालनबाट गतिविधिबाट खुद नगद प्रवाह** | **१४९,९५६** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | |
| स्थिर सम्पत्तिमा कमी/(वृद्धि) | ७,४१८ |
| कार्यगत पूँजीमा (कमी)/वृद्धि | (३५९,६३४) |
| भोगाधिकार भएको सम्पत्तिमा (कमी)/वृद्धि | (७,७१५) |
| **ख) लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(३५९,९३१)** |
| **वित्तीय कारोबारबाट नगद प्रवाह** | |
| शेयर पूँजीमा वृद्धि/(कमी) | १००,००० |
| दिर्घकालिन बैंक कर्जामा वृद्धि/(भुक्तानी) | ३०२,१५७ |
| हानिको पुनवर्गीकरण | - |
| अल्पकालिन बैंक ऋणमा वृद्धि/(भुक्तानी) | (५१,१२३) |
| वित्त लागत | (८४,०९०) |
| लिज दायित्वमा भएको वृद्धि/(कमी) | ५,७७७ |
| शेयर निष्काशन लागत | (४४६) |
| **ग) वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **२७२,२७५** |
| **घ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **६२,३००** |
| **ङ) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | **१,५८८** |
| **च) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **६३,८८८** |

**अन्य विस्तृत आम्दानी विवरण (OTHER COMPREHENSIVE INCOME)**

**(रु. हजारमा)**

| विवरण | आ.व.२०८१/८२ |
|---|---|
| चालु वर्षको नाफा/(नोक्सान) | ३३,०७४ |
| **अन्य विस्तृत आयलाई पछिको अवधिमा नाफा/नोक्सानमा वर्गिकरण नगरिने** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरीको पुनर्मुल्याङ्कनमा नाफा/नोक्सान | - |
| आयकर | - |
| **अन्य विस्तृत आयलाई पछिको अवधिमा नाफा/नोक्सानमा वर्गिकरण नगरिने** | - |
| यस वर्षको अन्य विस्तृत आम्दानी | - |
| **यस वर्षको अन्य विस्तृत आम्दानी** | ३३,०७४ |

**स्वःपूँजीमा भएको परिवर्तनको विवरण**

(रु.हजारमा)

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | पुनर्मुल्याङ्कन जगेडा | संचित नाफा | अन्य जगेडा | जम्मा |
|---|---|---|---|---|---|---|
| **श्रावण १, २०८१ सम्मको मौज्दात** | ६५०,००० | - | - | ५,६२४ | - | ६५५,६२४ |
| लेखा नीतिमा परिवर्तन | - | - | - | - | - | - |
| चालु वर्षको नाफा/(नोक्सान) | - | - | - | ३३,०७४ | - | ३३,०७४ |
| सामान्य जगेडामा स्थानान्तरण | - | - | - | - | - | ३३,०७४ |
| लाभांश | - | - | - | - | - | - |
| इक्विटि शेयर निष्काशन | १००,००० | - | - | (७७७) | - | १००,००० |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | ७५०,००० | - | - | ३७,९२२ | - | ७८७,९२२ |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा):**

विगत तीन वर्षको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण निम्नानुसार रहेको छ :

**वासलात**

(रु.हजारमा)

| विवरण | वास्तविक (रु.हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ |
| **पूँजी** | | | |
| शेयर पूँजी | ३७६,४७७ | ६५०,००० | ७५०,००० |
| अन्य पूँजी | २,२१९ | ५,६२४ | ३७,९२२ |
| **कुल पूँजी** | **३७८,६९६** | **६५५,६२४** | **७८७,९२२** |
| **गैह्र चालु दायित्व** | | | |
| वित्तीय दायित्व | | | |
| दिर्घकालीन ऋण | ५५०,७०७ | १,६१३,६४२ | १,९१५,७९९ |
| लिज सम्बन्धी दायित्व (गैह्र चालु अंश) | | | ५,७७७ |
| **कुल गैह्र चालु दायित्व** | **५५०,७०७** | **१,६१३,६४२** | **१,९२१,५७६** |
| **चालु दायित्व** | | | |
| वित्तीय दायित्व | | | |
| अल्पकालिन ऋण | १६२,८१२ | १२५,५७६ | ७४,४५३ |
| व्यापार तथा अन्य भुक्तानी गर्नुपर्ने | २९,११९ | ८८,७२८ | ८,७६१ |
| अन्य चालु दायित्व | २०,१९४ | ५,४७२ | ८,४५४ |
| **कुल चालु दायित्व** | **२१२,१२५** | **२१९,७७६** | **९१,६६८** |
| **कुल पूँजी तथा दायित्व** | **१,१४१,५२९** | **२,४८९,०४३** | **२,८०१,१६६** |
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | २६,०६८ | २२,८११ | ११,१७२ |
| अमूर्त सम्पत्ति (परियोजना सम्पत्ति) | - | - | २,५६८,०५५ |
| भोगाधिकार भएको सम्पत्ति | - | - | ७,१२२ |
| आयोजना प्रगतिमा लगाइएको पूँजी | ८८९,८०३ | २,२५५,४०४ | |
| **कुल गैह्र चालु सम्पत्ति** | **९१५,८७१** | **२,२७८,२१५** | **२,५८६,३४८** |
| **चालु सम्पत्ति** | | | |
| वित्तीय सम्पत्ति | | | |
| नगद तथा नगद समान | ४८,८६३ | १,५८८ | ६३,८८८ |
| ऋण, पेश्की तथा निक्षेप | १७६,७९४ | २०९,२४० | १४८,२७५ |
| अन्य चालु सम्पत्ति | - | - | २,६५६ |
| **कुल चालु सम्पत्ति** | **२२५,६५७** | **२१०,८२८** | **२१४,८१८** |
| **कुल सम्पत्ति** | **१,१४१,५२९** | **२,४८९,०४३** | **२,८०१,१६६** |

## नाफा- नोक्सान हिसाब

(रु.हजारमा)

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ |
| आय | ६३६,९७१ | १,३६५,६०१ | ५४६,५६५ |
| प्रत्यक्ष खर्च | (६३५,३८३) | (१,३६२,१९५) | (३७४,९३७) |
| **कुल नाफा/नोक्सान** | **१,५८८** | **३,४०५** | **१७१,६२८** |
| अन्य आय | - | - | - |
| प्रशासनिक खर्च | - | - | (३,८०३) |
| वित्त लागत | - | - | (८४,०९०) |
| ह्रासकट्टी तथा परिशोधन | - | - | (४९,९८६) |
| **कर र बोनस अघिको खुद नाफा** | **१,५८८** | **३,४०५** | **३३,७४९** |
| कर्मचारी बोनस सम्बन्धी प्रावधान | | | (६७५) |
| **कर खर्च** | | - | - |
| चालु कर | - | - | - |
| स्थगन कर | - | - | - |
| **कर पछिको खुद नाफा** | **१,५८८** | **३,४०५** | **३३,०७४** |

## नगद प्रवाह विवरण

(रु. हजारमा)

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | | | |
| यस वर्षको खुद मुनाफा | १,५८८ | ३,४०५ | ३३,०७४ |
| समायोजन | - | - | - |
| ह्रासकट्टि तथा परिशोधन | - | - | ५१,७९८ |
| वित्त लागत | - | - | ८४,०९० |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरीको बिक्रीमा (नोक्सान)/नाफा | - | - | - |
| संस्थागत सामाजिक उत्तरदायित्व | - | - | (३३१) |
| **कार्यगत पूँजीको परिवर्तन अघिको सञ्चालन नगद प्रवाह** | **१,५८८** | **३,४०५** | **१६८,६३२** |
| **कारोबार सञ्चालनबाट नगद प्रवाह** | | | |
| चालु सम्पतिमा कमी/(वृद्धि) | (११०,१९१) | (३२,४४६) | ५८,३०९ |
| चालु दायित्व तथा व्यवस्थामा (कमी)/वृद्धि | (३५,७३०) | ४४,८८७ | (७६,९८५) |
| **कार्यशील पूँजी परिर्वतनबाट खुद नगद प्रवाह** | **(१४५,९२१)** | **१२,४४१** | **(१८,६७६)** |
| **क) सञ्चालनबाट गतिविधिबाट खुद नगद प्रवाह** | **(१४४,३३३)** | **१५,८४७** | **१४९,९५६** |
| **लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| स्थिर सम्पत्ति खरिद | (३,८८४) | ३,२५७ | ७,४१८ |
| कार्यगत पूँजीमा (कमी)/वृद्धि | (६३६,९७१) | (१,३६५,६०१) | (३५९,६३४) |
| भोगाधिकार भएको सम्पत्तिमा (कमी)/वृद्धि | - | - | (७,७१५) |
| **ख) लगानी गतिविधिबाट खुद नगद प्रवाह** | **(६४०,८५५)** | **(१,३६२,३४४)** | **(३५९,९३१)** |
| **वित्तीय कारोबारबाट नगद प्रवाह** | | | |
| शेयर पूँजीमा वृद्धि/(कमी) | १७४,५७२ | २७३,५२३ | १००,००० |
| बैंक ऋणमा वृद्धि/(भुक्तानी) | ४८५,८६२ | १,०६२,९३५ | ३०२,१५७ |
| हानिको पुनवर्गीकरण | - | - | - |
| अल्पकालिन बैंक ऋणमा वृद्धि/(भुक्तानी) | १६२,८१२ | (३७,२३६) | (५१,१२३) |
| व्याज भुक्तानी | - | - | (८४,०९०) |
| लिज दायित्वमा भएको वृद्धि/(कमी) | - | - | ५,७७७ |
| जारी खर्च | - | - | (४४६) |
| **ग) वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | **८२३,२४६** | **१,२९९,२२२** | **२७२,२७५** |
| **घ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **३८,०५८** | **(४७,२७५)** | **६२,३००** |
| **ङ) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | **१०,८०६** | **४८,८६३** | **१,५८८** |
| **च) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **४८,८६३** | **१,५८८** | **६३,८८८** |

## अन्य विस्तृत आम्दानी विवरण (OTHER COMPREHENSIVE INCOME)

(रु. हजारमा)

| विवरण | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.व.२०७९/८० | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ |
| चालु वर्षको नाफा/(नोक्सान) | १,५८८ | ३,४०५ | ३३,०७४ |
| **अन्य विस्तृत आयलाई पछिको अवधिमा नाफा/नोक्सानमा वर्गिकरण नगरिने** | - | - | - |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरीको पुनर्मुल्याङ्कनमा नाफा/नोक्सान | - | - | - |
| आयकर | - | - | - |
| **अन्य विस्तृत आयलाई पछिको अवधिमा नाफा/नोक्सानमा वर्गिकरण नगरिने** | - | - | - |
| यस वर्षको अन्य OCI | - | - | - |
| **यस वर्षको अन्य OCI** | **१,५८८** | **३,४०५** | **३३,०७४** |

## स्वःपूँजीमा भएको परिवर्तनको विवरण

(रु. हजारमा)

| विवरण | शेयर पूँजी | शेयर प्रिमियम | पुनर्मुल्याङ्कन जगेडा | संचित नाफा | अन्य जगेडा | जम्मा |
|---|---|---|---|---|---|---|
| **श्रावण १, २०७९ सम्मको मौज्दात** | २०१,९०५ | - | - | ६३१ | - | २०४,१२५ |
| लेखा नीतिमा परिवर्तन | - | - | - | | | |
| चालु वर्षको नाफा/(नोक्सान) | - | - | - | - | - | - |
| सामान्य जगेडामा स्थानान्तरण | - | - | - | - | - | - |
| लाभांश | - | - | - | - | - | - |
| इक्विटि शेयर निष्काशन | १,७४,५७२ | - | - | १,५८८ | - | १७६,१६० |
| **आषाढ मसान्त २०८० को मौज्दात** | ३,७६,४७७ | - | - | २,२१९ | - | ३७८,६९६ |
| **श्रावण १, २०८० सम्मको मौज्दात** | ३,७६,४७७ | - | - | २,२१९ | - | ३७८,६९६ |
| लेखा नीतिमा परिवर्तन | - | - | - | - | - | - |
| चालु वर्षको नाफा/(नोक्सान) | - | - | - | ३,४०५ | - | ३,४०५ |
| सामान्य जगेडामा स्थानान्तरण | - | - | - | - | - | - |
| लाभांश | - | - | - | - | - | - |
| इक्विटि शेयर निष्काशन | २७३,५२३ | - | - | - | - | २७३,५२३ |
| **आषाढ मसान्त २०८१ को मौज्दात** | ६५०,००० | - | - | ५,६२५ | - | ६५५,६२५ |
| **श्रावण १, २०८१ सम्मको मौज्दात** | ६५०,००० | - | - | ५६२४ | - | ६५५,६२४ |
| लेखा नितिमा परिवर्तन | - | - | - | - | - | - |
| चालु वर्षको नाफा/(नोक्सान) | - | - | - | ३३,०७४ | - | ३३,०७४ |
| सामान्य स्थानान्तरण | - | - | - | - | - | - |
| लाभांश | - | - | - | - | - | - |
| इक्विटि शेयर निष्काशनको आम्दानी | १००,००० | - | - | | - | १००,००० |
| इक्वीटी शेयर निष्काशनको खर्च | | | | (७७७) | | (७७७) |
| सामाजिक उत्तरादायित्व कोष | | | | | | |
| **आषाढ मसान्त २०८२ को मौज्दात** | ७,५०,००० | - | - | ३८,६९९ | - | ७८७,९२२ |

**(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात् विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत विवरण :** यस कम्पनीको आ.व.२०८२/०८३ को दोस्रो त्रैमास, २०८२ पौष मसान्तको लेखापरीक्षकबाट प्रमाणित भएको वासलात, नाफा–नोक्सान हिसाब तथा नाफा–नोक्सान बाँडफाँड हिसाब खाताको यथार्थ रूपरेखा यस प्रकार रहेको छ :

## अपरिष्कृत वासलात
## (२०८३ पौष मसान्त)

(रु.हजारमा)

| विवरण | आ.व.२०८२/८३ पौष मसान्त सम्म |
|---|---|
| **सम्पत्ति** | |
| **गैह्र चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | १०,०४९ |
| कार्य प्रगति (आयोजनाको लागत)/संरचनात्मक सम्पत्ति | - |

| विवरण | आ.व.२०८२/८३ पौष मसान्त सम्म |
|---|---|
| अमुर्त सम्पत्ति (आयोजना सम्पत्ति) | २,५२७,०२८ |
| भोगाधिकार भएको सम्पत्ति | ६,५२८ |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **२,५४३,६०५** |
| **लगानी** | |
| **चालु सम्पत्ति** | |
| वित्तीय सम्पत्ति | |
| नगद तथा नगद समान | ३६,३१८ |
| अग्रिम भुक्तानी तथा पाउनुपर्ने | १२०,३६२ |
| अन्य चालु सम्पत्ति | ५९,१९१ |
| अन्य वित्तीय सम्पत्ति/कारोबार तथा अन्य प्राप्ति | |
| **जम्मा चालु सम्पत्ति** | **२१५,८७१** |
| **जम्मा सम्पत्ति** | **२,७५९,४७६** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ७५०,००० |
| शेयर आवेदन रकम | |
| जगेडा तथा कोषहरु | ५५,९७८ |
| **जम्मा शेयर पूँजी** | **८०५,९७८** |
| **गैह्र चालु दायित्वहरु** | |
| वित्तीय दायित्वहरु | - |
| सुरक्षित ऋण (दीर्घकालीन ऋण) | १,८६४,१२० |
| लिज सम्बन्धी दायित्व (गैह्र चालु अंश) | ५,५७२ |
| असुरक्षित ऋण | - |
| **जम्मा गैह्र चालु दायित्वहरु** | **१,८६९,६९२** |
| **चालू दायित्वहरु** | |
| वित्तीय दायित्वहरु | - |
| अल्पकालीन ऋण तथा सापटि | ७३,९३२ |
| कारोबार भुक्तानी | - |
| अन्य वित्तीय दायित्वहरु | - |
| अन्य चालु दायित्वहरु | ९८७४ |
| प्रस्तावित लाभांश | - |
| **जम्मा चालु दायित्वहरु** | **८३,८०६** |
| **जम्मा** | **२,७५९,४७६** |

**अपरिष्कृत नाफा - नोक्सान हिसाब**

**(श्रावण १, २०८२ देखि पौष ३०, २०८२ सम्म)** **(रु.हजारमा)**

| विवरण | आ.व.२०८२/८३ पौष मसान्त सम्म |
|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | १८५,१९४ |
| दीर्घकालीन सम्झौताबाट राजस्व | |
| अन्य आम्दानी | - |
| **जम्मा आम्दानी** | **१८५,१९४** |
| घटाउने: | |
| दीर्घकालीन सम्झौताको लागत | ४१,०२७ |
| रोयल्टी खर्च | ३,७०४ |
| प्रारम्भिक शेयर (IPO) निष्काशन खर्च | |
| ह्रास तथा परिशोधन | ४२,९७६ |
| आयोजना संचालन, मर्मत सम्भार तथा प्रशासन खर्च | २१,६७८ |
| **संचालन नाफा/(नोक्सान)** | **११६,८३६** |
| घटाउने: | |
| ब्याज खर्च | ६७,२०१ |

| विवरण | आ.व.२०८२/८३ पौष मसान्त सम्म |
| --- | ---: |
| **बोनस तथा कर अघिको नाफा/(नोक्सान)** | **४९,६३५** |
| घटाउनेः | |
| कर्मचारी बोनस | - |
| **कर अघिको नाफा/(नोक्सान)** | **४९,६३५** |
| चालु कर | - |
| स्थगित कर | - |
| **खुद नाफा/(नोक्सान)** | **४९,६३५** |

## अपरिष्कृत नगद प्रवाह विवरण
## (श्रावण १, २०८१ देखि पौष ३०, २०८२ सम्म )

(रु.हजारमा)

| विवरण | आ.व.२०८२/८३ पौष मसान्त सम्म |
| --- | ---: |
| **क) सञ्चालन गतिविधिबाट नगद प्रवाह** | |
| आयकर पछिको खुद नाफा/(नोक्सान) | ४९,६३५ |
| **समायोजन** | |
| जोड : ह्रास कट्टी/परिशोधन (Amortization) | ४२,९७६ |
| अमुर्त सम्पत्तिको परिशोधन | - |
| अवधि ऋणमा व्याज | ६७,२०१ |
| स्थगन कर | - |
| अग्रिम अवधिका त्रुटिहरु | - |
| गैर-मौद्रिक वस्तुहरुको विनिमय लाभ | - |
| घटाउनेः गैर चालू सम्पत्तिको विक्रिमा लाभ | - |
| **कार्यशील पूँजी परिर्वतन हुनु भन्दा अघिको नगद प्रवाह** | **१५९,८१२** |
| **कार्यशील पूँजी परिर्वतनबाट नगद प्रवाह** | |
| **चालु सम्पत्तिमा वृद्धि/कमी** | |
| प्राप्यमा वृद्धि/कमी : | |
| चालु सम्पत्तिमा वृद्धि/कमी | (२८,६२३) |
| चालु दायित्वमा वृद्धि/कमी | (७,३४२) |
| **कार्यशील पूँजी परिर्वतनबाट खुद नगद प्रवाह** | **(३५,९६४)** |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **१२३,८४८** |
| **ख) लगानी गतिविधिबाट नगद प्रवाह** | |
| लगानीमा वृद्धि | |
| कार्य प्रगतिमा (वृद्धि)/कमी | - |
| सम्पत्ति, प्लान्ट तथा उपकरणको जोड | (८२७) |
| निक्षेपमा (वृद्धि)/कमी | - |
| अर्मूत सम्पत्ति (वृद्धि)/कमी | ५९३ |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | **(२३४)** |
| **ग) वित्तीय गतिविधिबाट नगद प्रवाह** | |
| शेयर पूँजीमा वृद्धि/कमी | - |
| शेयर पूँजी आवेदनमा वृद्धि/कमी | |
| सुरक्षित ऋणमा वृद्धि/(कमी) | (५१,६७९) |
| सुरक्षित ऋणको किस्ता रकम | (५२१) |
| छोटो अवधिको ऋण तथा उधारोमा वृद्धि/(कमी) | - |
| कार्यशील पूँजी ऋणमा वृद्धि/(कमी) | - |
| हानीको वर्गिकरण | - |
| ब्याज भुक्तानी | (६७,२०१) |
| लिज दायित्वमा भएको वृद्धि/(कमी) | (२०५) |
| लाभांश भुक्तानी | (३१,५७९) |
| जारी खर्च | - |

| विवरण | आ.व.२०८२/८३ पौष मसान्त सम्म |
|---|---|
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **(१५१,१८५)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट खुद नगद प्रवाह (क+ख+ग)** | (२७,५७०) |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ६३,८८८ |
| **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **३६,३१८** |

**अन्य विस्तृत आम्दानी विवरण (Other Comprehensive Income)**
**(श्रावण १, २०८२ देखि पौष ३०, २०८२ सम्म)**

**(रु. हजारमा)**

| विवरण | आ.व.२०८२/८३ पौष मसान्त सम्म |
|---|---|
| यस वर्षको नाफा/नोक्सान | **४९,६३५** |
| अन्य व्यापक आयलाई त्यसपछिका अवधिहरूमा नाफा वा नोक्सानमा पुनः वगीकृत नगरिने | **-** |
| पुनःमूल्यांकनमा घाटा | **-** |
| गैर-मौद्रिक वस्तुहरूमा विनिमय लाभ/(हानि) | **-** |
| रोजगारी पछि परिभाषित लाभ योजनाहरूमा पुनः मापन (घाटा)/लाभ | **-** |
| माथिको कर प्रभाव | **-** |
| वर्षको अन्य विस्तृत आम्दानीमा लाभ/(हानि) (करको खुद) | **-** |
| वर्षको लागि कुल अन्य विस्तृत आमदानीको रकममा लाभ/(हानि) (करको खुद) | **-** |
| **थप/घटाउने :** | |
| अघिल्लो अवधिको नाफा/नोक्सान | ३७,९२२ |
| नोक्सानको पूँजीकरण | - |
| लाभांश भुक्तानी | (३१,५७९) |
| NFRS लागू गर्दा भएको समायोजन | - |
| निष्काशन खर्च | - |
| **संचित नाफा/नोक्सान समान्य जगेडा तथा कोषमा स्थानान्तरण** | **५५,९७८** |

(घ) **आम्दानी र खर्च हिसावको कुनै शीर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरीक्षण भए पश्चात् संगठित संस्थाको कारोबार, नाफा नोक्सान, सम्पत्तिको मुल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा सञ्चालकहरुको धारणा :** सो नभएको ।

(च **आर्थिक वर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश भएको मितिसम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नुपर्ने :** मिति २०८२ साल भाद्र ११ गते बसेको सञ्चालक समितिको बैठकले चुक्ता पूँजी ७५ करोडको कर सहित ४.२११ प्रतिशतको दरले नगद लाभांश वितरण गर्ने निर्णय गरेको छ ।

(छ) **विगत ५ वर्षमा सम्पत्तिको पुनर्मूल्याङ्कन गरिएको छ/छैन, यदि गरिएको भए (अ) सम्पत्तिको विवरण (आ) सम्पत्तिको पुनर्मूल्याङ्कन अघि र पछिको कितावी मूल्य (ई) पुनर्मूल्याङ्कनको औचित्य :** सो नभएको ।

(ज) **आगामी तिन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :** कम्पनीको आगामी ३ आर्थिक वर्षको लागि प्रक्षेपित वित्तीय स्थिति देहाय बमोजिम रहेको छ :

**प्रक्षेपित वासलात**

**(रु. हजारमा)**

| विवरण | आ.व.२०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| **गैह्र चालु सम्पत्ति** | | | |
| सम्पत्ति, प्लान्ट तथा उपकरण | ८,९१८ | ६,९१५ | ५,१०७ |
| कार्य प्रगति (आयोजनाको लागत)/संरचनात्मक सम्पत्ति | - | - | - |
| अन्य वित्तिय सम्पत्ति | - | - | - |
| अमुर्त सम्पत्ति (आयोजना सम्पत्ति) | २,५९३,२६९ | २,५०७,६३९ | २,४२२,००९ |
| भोगाधिकार भएको सम्पत्तिमा | ६,४१० | ५,६९७ | ४,९८५ |
| **जम्मा गैह्र चालु सम्पत्ति** | **२,६०८,५९६** | **२,५२०,२५१** | **२,४३२,१०२** |
| **लगानी** | | | |
| **चालु सम्पत्ति** | | | |
| वित्तीय सम्पत्ति | - | - | - |

| विवरण | आ.व.२०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| *नगद तथा नगद समान* | १०७,७३६ | १८४,८७० | १९८,३८५ |
| *ऋण, अग्रिम र निक्षेप* | ५,४४३ | ५,४४३ | ५,४४३ |
| *अन्य वित्तीय सम्पत्ति/कारोबार तथा अन्य प्राप्ति* | ८६,३२० | ८८,८३४ | ९१,३४९ |
| अन्य चालु सम्पत्ति | - | - | - |
| **जम्मा चालु सम्पत्ति** | **१९९,४९९** | **२७९,१४७** | **२९५,१७६** |
| **जम्मा सम्पत्ति** | **२,८०८,०९५** | **२,७९९,३९८** | **२,७२७,२७८** |
| **पूँजी तथा दायित्व** | | | |
| **पुँजी** | | | |
| शेयर पूँजी | ९३७,५०० | ९३७,५०० | ९३७,५०० |
| शेयर आवेदन रकम | - | - | - |
| जगेडा तथा कोषहरु | ६६,९८२ | १५५,६५९ | २६४,८९५ |
| **जम्मा शेयर पूँजी** | **१,००४,४८२** | **१,०९३,१५९** | **१,२०२,३९५** |
| **गैह्र चालु दायित्वहरु** | | | |
| वित्तीय दायित्वहरु | - | - | - |
| *सुरक्षित ऋण (दीर्घकालीन ऋण)* | १,७१४,६३० | १,६१७,८३३ | १,५११,५०८ |
| *लिज सम्बन्धी दायित्व* | ५,२०० | ४,६२२ | ४,०४४ |
| **जम्मा गैह्र चालु दायित्वहरु** | **१,७१९,८३०** | **१,६२२,४५५** | **१,५१५,५५३** |
| **चालू दायित्वहरु** | | | |
| वित्तीय दायित्वहरु | - | - | - |
| *अल्पकालीन ऋण तथा सापटि* | ७४,४५३ | ७४,४५३ | - |
| *कारोबार भुक्तानी* | ८७६ | ८७६ | ८७६ |
| *अन्य वित्तीय दायित्वहरु* | - | - | - |
| अन्य चालु दायित्वहरु | ८,४५४ | ८,४५४ | ८,४५४ |
| प्रस्तावित लाभांश | - | - | - |
| **जम्मा चालु दायित्वहरु** | **८३,७८३** | **८३,७८३** | **९,३३०** |
| **जम्मा दायित्वहरु** | **१,८०३,६१३** | **१,७०६,२३८** | **१,५२४,८८३** |
| **जम्मा** | **२,८०८,०९५** | **२,७९९,३९८** | **२,७२७,२७८** |

## प्रक्षेपित नाफा नोक्सान हिसाव

(रु. हजारमा)

| विवरण | आ.व.२०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| विद्युत बिक्रीबाट आम्दानी | ३९५,०४० | ४०६,७०८ | ४१९,९०० |
| दीर्घकालीन सम्झौताबाट राजस्व | ११०,८४४ | - | - |
| अन्य आम्दानी | - | - | - |
| **जम्मा आम्दानी** | **५०५,८८३** | **४०६,७०८** | **४१९,९००** |
| घटाउनेः | | | |
| दीर्घकालीन सम्झौताको लागत | ११०,५६७ | - | - |
| रोयल्टी खर्च | ९,२५१ | ९,४८४ | ९,७४८ |
| प्रारम्भिक शेयर (IPO) निष्काशन खर्च | ५,००० | - | - |
| परियोजना सम्पत्तिरअमूर्त सम्पत्तिको परिशोधन | ८५,६३० | ८५,६३० | ८५,६३० |
| ह्रास तथा परिशोधन | २,२५४ | २,००३ | १,८०७ |
| आयोजना संचालन, मर्मत सम्भार तथा प्रशासन खर्च | ५८,०४७ | ५९,६३१ | ६१,३१४ |
| **संचालन नाफा/(नोक्सान)** | **२३५,१३५** | **२४९,९६०** | **२६१,४०१** |
| घटाउनेः | - | - | - |
| ब्याज खर्च | १६८,१८३ | १५९,५०९ | १४९,९८० |
| **बोनस तथा कर अघिको नाफा/(नोक्सान)** | **६६,९५२** | **९०,४५१** | **१११,४२०** |
| घटाउनेः | - | - | - |
| कर्मचारी बोनस | १,३१३ | १,७७४ | २,१८५ |
| **कर अघिको नाफा/(नोक्सान)** | **६५,६३९** | **८८,६७८** | **१०९,२३६** |
| चालु कर | - | - | - |
| स्थगित कर | - | - | - |
| **खुद नाफा/(नोक्सान)** | **६५,६३९** | **८८,६७८** | **१०९,२३६** |

## प्रक्षेपित नाफा - नोक्सान बाँडफाँड हिसाब

(रु. हजारमा)

| विवरण | आ.व.२०८२/८३ | आ.व.२०८३/८४ | आ.व.२०८४/८५ |
|---|---|---|---|
| कर पछिको नाफा | **६५,६३९** | **८८,६७८** | **१०९,२३६** |
| थपने/घटाउनेः | | | |
| अघिल्लो अवधिको समायोजन | ३७,९२२ | ६६,९८२ | १५५,६५९ |
| घाटाको पूँजीकरण (परियोजना विकासमा भएको) | - | - | - |
| लाभांश भुक्तानी | (३१,५७९) | - | - |
| NFRS/CSR कोषमा स्थानान्तरणको आवेदनका कारण समायोजनहरू | - | - | - |
| निष्काशन खर्च | (५,०००) | - | - |
| **संचित नाफा (नोक्सान) सामान्य रिजर्भमा स्थानान्तरण** | **६६,९८२** | **१५५,६५९** | **२६४,८९५** |

## प्रक्षेपित नगद प्रवाह विवरण

(रु.हजारमा)

| विवरण | आ.व.२०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| **क) सञ्चालन गतिविधिबाट नगद प्रवाह** | | | |
| आयकर पछिको खुद नाफा/(नोक्सान) | ६५,६३९ | ८८,६७८ | १०९,२३६ |
| **समायोजन** | | | |
| जोड : ह्रास कट्टी/परिशोधन (Amortization) | ८७,८८४ | ८७,६३३ | ८७,४३७ |
| अमुर्त सम्पत्तिको परिशोधन | | | |
| आवधिक कर्जामा व्याज | १६८,१८३ | १५९,५०९ | १४९,९८० |
| स्थगन कर | - | - | - |
| अग्रिम अवधिका त्रुटिहरु | - | - | - |
| गैर-मौद्रिक वस्तुहरुको विनिमय लाभ | - | - | - |
| घटाउनेः गैर चालू सम्पत्तिको विक्रिमा लाभ | - | - | - |
| **कार्यशील पूँजी परिर्वतन हुनु भन्दा अघिको नगद प्रवाह** | - | - | - |
| **कार्यशील पूँजी परिर्वतनबाट नगद प्रवाह** | **३२१,७०६** | **३३५,८२०** | **३४६,६५३** |
| **चालु सम्पत्तिमा वृद्धि/कमी** | | | |
| प्राप्य मा वृद्धि/कमी : | | | |
| चालु सम्पत्तिमा वृद्धि/कमी | ५९,१६७ | (२,५१४) | (२,५१४) |
| चालु दायित्वमा वृद्धि/कमी | (७,८८५) | | |
| **कार्यशील पूँजी परिर्वतनबाट खुद नगद प्रवाह** | **५१,२८२** | **(२,५१४)** | **(२,५१४)** |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **३७२,९८८** | **३३३,३०५** | **३४४,१३९** |
| **ख) लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| लगानीमा वृद्धि | | | |
| कार्य प्रगतिमा (वृद्धि)/कमी | - | - | - |
| सम्पत्ति, प्लान्ट तथा उपकरणको जोड | (११०,८४४) | - | - |
| निक्षेपमा (वृद्धि)/कमी | - | - | - |
| भोगाधिकार भएको सम्पत्ति (वृद्धि)/कमी | ७१२ | ७१२ | ७१२ |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | **(११०,१३२** | **७१२** | **७१२** |
| **ग) वित्तीय गतिविधिबाट नगद प्रवाह** | | **-** | **-** |
| शेयर पूँजीमा वृद्धि/कमी | १८७,५०० | - | - |
| शेयर पूँजी आवेदनमा वृद्धि/कमी | | | |
| सुरक्षित ऋणमा वृद्धि/(कमी) | (१८७,५००) | - | - |
| सुरक्षित ऋणको किस्ता रकम | (१३,६६९) | (९६,७९७) | (१०६,३२५) |
| अल्पकालिन ऋण तथा उधारोमा वृद्धि/(कमी) | | | (७४,४५३) |
| चालु पूँजी ऋणमा वृद्धि/(कमी) | | - | - |
| हानीको वर्गिकरण | - | - | - |
| ब्याज भुक्तानी | (१६८,१८३) | (१५९,५०९) | (१४९,९८०) |

| विवरण | आ.व.२०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| लिज सम्बन्धी दायित्वमा वृद्धि/(कमी) | (५७८) | (५७८) | (५७८) |
| लाभांश भुक्तानी | (३१,५७९) | | |
| शेयर निष्काशन लागत | (५,०००) | | |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **(२१९,००९)** | **(२५६,८८३)** | **(३३१,३३६)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट खुद नगद प्रवाह (क+ख+ग)** | **४३,८४८** | **७७,१३४** | **१३,५१५** |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ६३,८८८ | १०७,७३६ | १८४,८७० |
| **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **१०७,७३६** | **१८४,८७०** | **१९८,३८५** |

## स्वःपूँजीमा भएको परिवर्तनको विवरण

(रु.हजारमा)

| विवरण | आ.व.२०८२/८३ | आ.व. २०८३/८४ | आ.व. २०८४/८५ |
|---|---|---|---|
| **शुरुको मौज्दात** | | | |
| शेयर पूँजी | ७,५०,००० | ९,३७,५०० | ९,३७,५०० |
| अग्रिम कल | - | - | - |
| संचित नाफा/नोक्सान (Retained Earning) | ३७,९२२ | ६६,९८२ | १५५,६५९ |
| अग्रिम अवधिका त्रुटिहरु | - | - | |
| **जम्मा** | **७८७,९२२** | **१,००४,४८२** | **१,०९३,१५९** |
| **वर्षभरीमा भएको परिवर्तनहरु** | | | |
| शेयर पूँजी निष्काशन | १८७,५०० | - | - |
| अग्रिम कल | - | - | - |
| वर्षभरिको नाफा | ६५,६३९ | ८८,६७८ | १०९,२३६ |
| सामान्य जगेडामा हस्तान्तरण | - | - | - |
| शेयरधनीलाई लाभांश | (३१,५७९) | - | - |
| निष्काशन खर्च | (५,०००) | - | - |
| लेखा नीतिरघाटाको पूँजीकरणमा परिवर्तनहरू | - | - | - |
| **जम्मा** | **२१६,५६०** | **८८,६७८** | **१०९,२३६** |
| **अन्तिम मौज्दात** | - | - | |
| शेयर पूँजी | ९,३७,५०० | ९,३७,५०० | ९,३७,५०० |
| अग्रिम कल | - | - | - |
| संचित नाफा/नोक्सान (Retained Earning) | ६६,९८२ | १५५,६५९ | २६४,८९५ |
| **जम्मा** | **१,००४,४८२** | **१,०९३,१५९** | **१,२०२,३९५** |

## वित्तीय प्रक्षेपणका आधार तथा तरिका

| विवरण | प्रक्षेपणका आधार तथा तरिका |
|---|---|
| जडित क्षमता | १३.५ मेगावाट |
| व्यापारिक उत्पादन शुरु हुनुपर्ने मिति | चैत्र २९, २०८१ |
| व्यापारिक उत्पादन सुरु भएको मिति | पौष ५, २०८१ |
| ऋण भुक्तानी अवधि (त्रैमासिक) | १२ वर्ष (आ.व २०८१।८२ को तेश्रो त्रैमास देखि शुरु भएको) |
| ऋणको व्याजदर | वार्षिक ९.५०% |
| छुट दर (ऋण) | ९.५०% |
| छुट दर (इक्विटी) | ९.५०% |
| एजेन्सी शुल्क | बाँकी कर्जाको ०.१०% |
| विद्युत खरिद दर (सुख्खायाम) | रु.८.४० प्रति युनिट |
| विद्युत खरिद दर (बर्षायाम) | रु.४.८० प्रति युनिट |
| उर्जादरमा मुल्यवृद्धि | वार्षिक ३.००% |
| बीमा प्रावधान | रु.१०,००,०००/- प्रति मेगावाट |
| बीमा प्रावधानमा वृद्धि | वार्षिक ३.००% |
| मर्मत तथा सम्भारको प्रावधान | कुल आयोजना लागतको ०.५०% |
| मर्मत तथा सम्भारको प्रावधानमा वृद्धि | वार्षिक ३.००% |
| संचालन र मर्मत सम्भार खर्चमा वार्षिक वृद्धि | वार्षिक ३.००% |

| विवरण | प्रक्षेपणका आधार तथा तरिका |
|---|---|
| क्षमता(Capacity) रोयल्टी १५ वर्ष सम्म | रु.१००/- प्रति कि.वा. |
| क्षमता (Capacity) रोयल्टी १५ वर्ष पछि | रु.१,०००/- प्रति कि.वा |
| आयमा रोयल्टी १५ वर्ष सम्म | वार्षिक आयको २.००% |
| आयमा रोयल्टी १५ वर्ष पछि | वार्षिक आयको १०.% |
| कर्मचारी बोनस प्रावधान | बोनस र कर अघिको नाफामा २% |
| प्राप्य (Receivables) | २ महिना |
| आयकर-(१० वर्षको लागि १००% छुट-५ वर्षको लागि ५०% छुट) | २०% |
| बट्टादर (बैंक ब्याज दर) | ९.५०% |
| आयोजनाको अवधि अनुसार परिशोधन दर | ३.१७% |
| **प्रस्तुत तथ्याङ्क** | **रु.हजारमा** |
| उत्पादन अनुमति वहाल रहने मिति (सुरु मिति) | वि.सं. २०७८/०७/१२ |
| उत्पादन अनुमति वहाल रहने मिति (अन्त्य मिति) | वि.सं. २११३/०७/११ |
| उर्जा उत्पादन क्षमता | ९०.००% |
| निष्काशन खर्च | रु.५०,००,०००/- |
| कुल आयोजना लागत (IDC) | रु.२,७१,९०,८५,०००/- |
| कुल ऋण | रु.१,९७,८१,२५,०००/- |
| जारी पूँजी | रु.९३,७५,००,०००/- |
| सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकम | रु.१८,७५,००,०००/- |
| सस्थापकबाट चुक्ता रकम | रु.७५,००,००,०००/- |
| पहिलो वर्षको आम्दानी (पुरै वर्षको सञ्चालनलाई ध्यानमा राख्दै) रु. हजारमा | रु.३१,८१,९०,०००/- |
| आम्दानी नोक्सानीको प्रावधान | आम्दानीको १०% |
| लाभांश भुक्तानी (आर्थिक वर्ष २०८६/८७ सम्म) | ०% |
| ढिलो COD को लागि NEA जरिवाना | सो नभएको |
| १५ वर्ष पछि वार्षिक रोयल्टी (Royalty) | रु.१,०९,९५,८२३/- |
| १५ वर्ष पछि वार्षिक रोयल्टी (Royalty) | रु.६१,७,२९,०००/- |
| **मूल्यह्रास दर** | |
| कार्यालय उपकरणहरुमा मूल्यह्रास कट्टि | वार्षिक २५% लिखित मुल्य |
| सवारी साधनमा मूल्यह्रास कट्टि | वार्षिक २०% लिखित मुल्य |
| प्लान्ट र मेसिनरी र अन्य सम्पत्तिहरू | वार्षिक १५% लिखित मुल्य |
| लीजहोल्ड सम्पत्तिहरू | ५ वर्ष जीवन मान्दै (SLM) |

| परिणाम | |
|---|---|
| आन्तरिक प्रतिफल दर (IRR) | ११.६१% |
| इक्विटीमा प्रतिफल EIRR/ROE (Return On Equity) | १४.८३% |
| पूँजीको लागतमा आयोजनाको खुद वर्तमान मुल्य (Net Present Value) | रु.४६,४५,३९,०००/- |
| लगानी फिर्ता अवधि-साधारण | ८.१७ वर्ष |
| डिस्काउन्टमा लगानी फिर्ता अवधि- १०.५०% को छुट (Discounted) | १५.७७ वर्ष |
| औषत DSCR (ऋण सेवा कभरेज अनुपात) | १.५३ |
| ऋण चुक्ता | तालिका अनुसार रु. हजारमा |
| पहिलो वर्षको आम्दानी (पुरै वर्षको सञ्चालनलाई ध्यानमा राख्दै) | रु.३१,८१,९०,०००/- |
| प्रति मेगावाट लागत | रु. २०,१४,१४,०००/- |

**अन्य अनुमान:**

१) प्राकृतिक प्रकोप र सुख्खायाममा पानीको बहावबाट हुने नोक्सानीलाई ध्यानमा राखी औसतमा ९० प्रतिशत विद्युत उत्पादनबाट आम्दानी लिइएको छ ।

२) रोयल्टी खर्च कुल आम्दानीको २ प्रतिशत अनुमान गरिएको छ ।

३) ब्याजदर ९.५०% प्रति वर्ष वित्तीय लागत अनुमान गरिएको छ ।

४) कर्मचारीहरुलाई कर अघिको खुद नाफामा २% बोनस प्रदान गर्ने अनुमान गरिएको छ ।

५) कम्पनीको नीति अनुसार मूल्यह्रास खर्च बुक गरिएको छ ।

६) अमूर्त सम्पत्तिहरूको परिशोधन, सम्पत्तिको अवधिसम्मको आधारमा गरिएको छ । (कम्पनीद्वारा सञ्चालनको लागि बाँकी अवधि)

७) व्यवसायिक सञ्चालनको पहिलो १० वर्षको लागि आयकरमा शतप्रतिशत र अर्को पाँच वर्षको लागि ५० प्रतिशत छुट ।

८) ऋण चुक्ता १५ वर्षमा (अर्थात् ६० किस्ता) हुने मानिएको छ ।
९) अन्य सञ्चालन र मर्मत सम्भार लागत व्यवस्थापनद्वारा अनुमान गरिएको र तालिकामा चित्रण गरिएको छ ।
१०) आयोजनाको कुल लागतको ०.५०% मा मर्मत तथा सम्भारको व्यवस्था गरिएको छ ।
११) प्रति मेगावाट १० लाखको दरले बीमाको व्यवस्था गरिएको छ ।
१२) कम्पनीले आवश्यक पर्दा परियोजना पूरा गर्नको लागि बजेट एक शीर्षकबाट अर्को शीर्षकमा स्थानान्तरण गर्छ ।

**ग. ९. ख. वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन वर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

कम्पनीको प्रति शेयर नेटवर्थ, प्रति शेयर आम्दानी तथा संचित नाफा/(नोक्सान) मा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :

| विवरण | वास्तविक (रु. हजारमा) | | | अपरिष्कृत | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व २०८२/२०८३ पौष मसान्त | आ.व २०८२/२०८३ | आ.व २०८३/२०८४ | आ.व २०८४/२०८५ |
| चुक्ता पूँजी | ३७६,४७७ | ६५०,००० | ७५०,००० | ७५०,००० | ९३७,५०० | ९३७,५०० | ९३७,५०० |
| जगेडा तथा कोषहरु | २,२१९ | ५,६२४ | ३७,९२२ | ५५,९७८ | ६६,९८२ | १५५,६५९ | २६४,८९५ |
| अन्य जगेडा कोष | - | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | **३७८,६९६** | **६५५,६२४** | **७८७,९२२** | **८,०५,९७८** | **१,००४,४८२** | **१,०९३,१५९** | **१,२०२,३९५** |
| शेयर संख्या | ३,७६५ | ६,५०० | ७,५०० | ७,५०० | ९,३७५ | ९,३७५ | ९,३७५ |
| प्रति शेयर नेटवर्थ (रु.) | १००.५९ | १००.८७ | १०५.०६ | १०७.४६ | १०७.१४ | ११६.६० | १२८.२६ |
| प्रति शेयर चुक्ता पुंजी (रु.) | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| खूद नाफा नोक्सान (रु. हजारमा) | १,५८८ | ३,४०५ | ३३,०७४ | ४९,६३५ | ६५,६३९ | ८८,६७८ | १०९,२३६ |
| प्रति शेयर आम्दानी (रु.) | ०.४२ | ०.७५ | ४.९८ | ४.९८ | ७.०० | ९.४६ | ११.६५ |
| नेटवर्थमा औसत प्रतिफल | ०.४२% | ०.५२% | ४.२०% | ६.१६% | ६.५३% | ८.११% | ९.०८% |

उक्त वित्तीय विवरणहरु कम्पनीको व्यवस्थापनले तयार गरी चार्टर्ड एकाउन्टेन्ट संस्था किरण आचार्य एण्ड एसोसियट्स चार्टड एकाउण्टेण्टस्ले पुनरावलोकन गरी ठिक छ भनी प्रमाणित गर्नुभएको हो ।

**(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :** १.७१ ।

**(ग) निष्काशन पूर्व प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्युनतम प्रतिफल :** ४.७९% ।

**(घ) नोट :** लेखापरीक्षण अवधिको प्रति शेयर आम्दानी (रु.) गणना गर्दा Weighted Average No. of Shares को आधारमा गणना भएको तर Net Worth मा प्रतिफल गणना गर्दा Closing No. of Shares को आधारमा गणना गरिएको छ ।

**ग. १०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग. १०. क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

१) कम्पनीको प्रबन्धपत्रमा रहेको व्यवस्था अनुसार जारी पूँजीको १०% शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुलाई तथा जारी पूँजीको १०% शेयर सर्वसाधारणमा बिक्री गर्नुपर्ने प्रावधान अनुरुप प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १८,७५,००० कित्ता शेयर बराबरले हुने रकम रु.१८,७५,००,०००/- शेयर पूँजी बराबर आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दा तथा सर्वसाधारण नेपाली नागरिकहरु (वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु, सामुहिक लगानी कोष र संस्थामा कार्यरत कर्मचारीहरु समेत) लाई बिक्री वितरण गरी कम्पनीको चुक्ता पूँजी रु.९३,७५,००,०००/- पुर्याउन ।
२) कम्पनीले लिएको बैंक कर्जा रकम चुक्ता भुक्तानी गर्न ।
३) कम्पनीको वित्तीय एवम् आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
४) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी संकलन गर्न ।
५) आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री गरी स्थानीय बासिन्दाहरुलाई लगानीको अवसर दिन ।

**ग. १०. ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :**

यस विवरणपत्र मार्फत सर्वसाधारणमा (स्थानीय वासिन्दाहरु, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु, सामुहिक लगानी कोष र संस्थामा कार्यरत कर्मचारीहरु समेत) निष्काशन गरिने प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १८,७५,००० कित्ता शेयर बराबरको रकम रु.१८,७५,००,०००/- (अक्षरेपि अठार करोड पचहत्तर लाख मात्र) कम्पनीद्वारा प्रवर्द्धित १३.५ मे.वा. जडित क्षमताको सुपर काबेली खोला ए जलविद्युत आयोजनाको बैंक कर्जा रकम चुक्ता भुक्तानी गर्न प्रयोग गरिनेछ र सो कर्जा रकम चुक्ता निम्न तालिका अनुसार गरिनेछ :

| क्र.सं. | बजेट | SLA अनुसार कुल वित्तपोषण मोडेल | वास्तविक प्रयोग र योजनाबद्ध | आमदानीबाट भुक्तानी | IPO आम्दानीबाट समायोजन/भुक्तानी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ऋण | १,९७८,१२५ | १,९७१,२३० | (५,९६३) | (१८७,५००) | १,७७७,७६६ | ६५.४७% |
| २ | इक्विटी | ९३७,५०० | - | - | - | ९३७,५०० | ३४.५३% |
| **जम्मा** | | **२,९१५,६२५** | **१,९७१,२३०** | **(५,९६३)** | **(१८७,५००)** | **२,७१५,२६६** | **१००.००%** |

**नोट :** *ऋण इक्विटीको रकम SLA र संस्थापक शेयरधनीहरूले प्रस्तावित सार्वजनिक निष्कासनसँगै लगानी गरेको कुल रकमको आधारमा लिइएको हो ।*

**(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने वैकल्पिक व्यवस्था:**

यस विवरणपत्रबाट निष्काशित शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुबाट माग बमोजिम दरखास्त प्राप्त नभई शेयर बाँकि रहन गएमा उक्त शेयर सर्वसाधारणमा थप गरी निष्काशन गरिनेछ । त्यसै गरी सर्वसाधारणहरुबाट माग बमोजिम दरखास्त प्राप्त नभई शेयर बाँकि रहन गएमा निष्काशित रकम रु.१८,७५,००,०००/- (अक्षरेपि अठार करोड पचहत्तर लाख) बराबरको शेयर खरिद गर्न प्रत्याभूतिकर्ता श्री सिद्धार्थ क्यापिटल लिमिटेडसँग धितोपत्र प्रत्याभूति सम्झौता गरि सकिएको छ ।

**(ग) आयोजनाको सञ्चालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण:**

यस कम्पनीद्धारा निर्माणाधिन सुपर काबेली खोला ए जलविद्युत आयोजनाको आयोजना स्थल आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाको सिरीजङ्घा गाउँपालिका वडा नं.-८, याम्फूदिनमा रहेको छ । यस जलविद्युत आयोजनाको निर्माण कार्यका लागि परामर्श सेवा कार्य, सिभिल कार्य, हाइड्रोमेकानिकल कार्य र इलेक्ट्रोमेकानिकल निर्माण कार्यका लागि परामर्शदाता तथा ठेकेदारहरुको छनौट भई हाल सम्झौता बमोजिमको कार्यहरु भईसकेका छन् । नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिदबिक्री सम्झौता बमोजिम आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोड्नको लागि करिब ३२ कि.मी १३२ के.भी. को प्रशारण लाईन मार्फत नेपाल विद्युत प्राधिकरणबाट निर्माणाधिन काबेली सब-स्टेसनमा जडान भैसकेको छ ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति :**

यस आयोजनाको नेपाल विद्युत प्राधिकरण र स्नो रिभर्स लिमिटेड बीच भएको विद्युत खरिद-बिक्री सम्झौताको तेस्रो संशोधन अनुसार व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date – RCOD) २०८१ चैत्र २९ गते रहेकोमा निर्धारित समयभन्दा ३ महिना २४ दिन अगावै मिति २०८१/०९/०५ गते व्यापारिक उत्पादन शुरु भई राष्ट्रिय प्रसारण लाईनमा जडान भईसकेको छ ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मुख्य मुख्य बूँदाहरु :** कम्पनीले आयोजनाको इलेक्ट्रोमेकानिकल कार्य अन्तर्गत पर्ने Turbine Generator, Transformer, Sub-station equipment, Earthing materials, Mandatory Spares लगायतका मेसीन तथा उपकरणहरुको Design, Manufacture, Supply Installation, Testing and Commissioning का लागि ठेकेदार कम्पनी ग्लोबल हाइड्रो इनर्जी लिमिटेडसँग मिति २०७९/११/३० मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भैसकेको र ठेक्का सम्झौता अनुसार यस कार्यको लागत भा.रु. ११,५८,००,०००/- (अक्षरेपि एघार करोड अन्ठाउन्न लाख भारतीय रुपैयाँ मात्र) अर्थात् ने.रु. १८,५४,५३,७००/- (अक्षरेपि अठार करोड चौवन्न लाख त्रिपन्न हजार सात सय नेपाली रुपैयाँ मात्र) र EURO ९,०८,०००/-(अक्षरेपि युरो नौ लाख आठ हजार मात्र) अर्थात् ने.रु. १३,१६,६०,०००/- (अक्षरेपि तेह्र करोड सोह्र लाख साठी हजार नेपाली रुपैयाँ मात्र) भुक्तानी भैसकेको छ । हाल सम्ममा सबै सामग्री प्राप्त भई जडानको भईसकेको छ । यसैगरि १३२ के भि प्रसारण लाईनको टावरको सामग्री आयात तथा निर्माणका लागि भारतिय कम्पनि रतन प्रोजेक्ट एण्ड इन्जिनियरिङ्ग कम्पनि प्रा. लि सँग भा.रु. ५,००,००,०००/-(अक्षरेपि पाँच करोड भारतीय रुपैयाँ मात्र) अर्थात् ने.रु. ८,००,७५,०००/- (अक्षरेपि आठ करोड पचहत्तर हजार नेपाली रुपैयाँ मात्र) मात्रको ठेक्का सम्झौता रहेको थियो । साथै नेपाली कम्पनी पवित्रा इन्जिनियरिङ्ग कन्सर्न प्रा.लि.सँग मिति २०८०/०४/११ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य सम्पन्न भईसकेको छ । ठेक्का सम्झौता अनुसार कार्यको लागत कर बाहेक ने.रु. १,१३,८५,०००/-(अक्षरेपि एक करोड तेह्र लाख पचासी हजार नेपाली रुपैयाँ मात्र) भुक्तानी भईसकेको छ ।

**(च) कुनै पार्टीसँग प्रतिलिपि अधिकार ट्रेडमार्क इजाजतपत्र रोयल्टी सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम ठेगाना सम्बन्धी विस्तृत विवरण :** सो नभएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए सो को प्रकृति प्रयोगकर्ता प्रतिस्पर्धा लक्षित समूह, उत्पादन क्षमता विगत वर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण :** कम्पनीको उत्पादन विद्युत हो, सो को प्रयोगकर्ता नेपाल विद्युत प्राधिकरणका ग्राहक रहेका छन्, जलविद्युत आयोजनाबाट उत्पादित विद्युत बिक्रीका लागि प्रतिस्पर्धा गर्नुपर्ने अवस्था नरहेको र कम्पनीको विद्युत उत्पादन क्षमता १३.५ मेगावाट रहेको छ ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलव्धता र त्यसको श्रोत :** ताप्लेजुङ्ग जिल्लाको सिरीजङ्घा गाउँपालिका भएर बहने काबेली र आम्जी खोलाको पानी ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत :** ताप्लेजुङ्ग जिल्लाको सिरीजङ्घा गाउँपालिका भएर बहने काबेली र आम्जी खोलाको पानी ।

**(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने ।**

| | |
|---|---|
| (अ) निष्काशन तथा बिक्री प्रबन्धक | – रु.१,००,०००/– |
| (आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) | – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको । |
| (इ) प्रत्याभूतिकर्ता शुल्क | – रु.४,६८,७५०/– |
| (ई) विज्ञहरुको पारिश्रमिक वा सेवा शुल्क | – वित्तीय प्रक्षेपण प्रमाणिकरण तथा अन्य कार्य गरे वापतको शुल्क रु.१,५०,०००/– (कर बाहेक) |
| (उ) लेखापरीक्षकको शुल्क | – आ.व. २०८१/०८२ को लेखापरीक्षण शुल्क वापत मू.अ.क.सहित रु.१,३५,६००/- |
| (ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) | – संकलन केन्द्रहरुले रकम संकलन तथा फिर्ता भुक्तानी गरे वापत (स्थानीय बासिन्दा तथा सर्वसाधारणलाई निष्काशन गरिने समेत) अन्य खर्चहरु संकलन केन्द्रसंग सहमति भए बमोजिम हुनेछ । |

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई आयोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण:**
सो नभएको ।

**ग.१०.घ. प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** प्रिमियममा शेयर जारी नगरिएको ।

**ग.१०.ङ. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :**

**(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :**

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्याभन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई १० (दश) कित्ताको दरले बाँडफाँड गरिने छ ।

२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पून: १० (दश) कित्ताको दरल शेयर बाँडफाँड गरिने छ ।

३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भए पश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।

४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता शेयर पाउने गरी गोलाप्रथा विधिबाट आवेदक छनौट गरि बाँडफाँड गरिनेछ ।

५. शेयर बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डलाई जानकारी गराइनेछ ।

६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोली पल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराइने छ ।

७. आयोजना प्रभावित क्षेत्र, वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरुलाई छुट्याइएको शेयर न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकी रहेको शेयर सर्वसाधारण समुहमा थप गरी बाँडफाँड गरिनेछ । साथै, सर्वसाधारण समुहबाट समेत न्यून माग भएमा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँड गरी बाँडफाँड हुन बाँकि रहेको शेयर कम्पनी र प्रत्याभुतिकर्ता बीच भएको प्रत्याभूति सम्बन्धी सम्झौता बमोजिम प्रत्याभूतिकर्ताले खरिद गर्नेछ ।

८. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सुरक्षित गरिएको शेयर मध्ये अति प्रभावित क्षेत्रका बासिन्दालाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकलाई तथा प्रभावित क्षेत्रका बासिन्दाहरुलाई छुट्याएको शेयर सोही क्षेत्रका आवेदकहरुलाई मात्र बाँडफाँड गरिनेछ । तर एक क्षेत्रबाट निष्काशन गरिएको शेयर भन्दा बढीको आवेदन प्राप्त भई अर्को क्षेत्रमा निष्काशन गरिए भन्दा कम शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएमा बढि माग भए बराबरको शेयर अर्को क्षेत्रमा थप गरि सञ्चालक समितिको निर्णय बमोजिम बाँडफाँड गर्न सकिनेछ ।

**(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**

स्थानीयबासिको हकमा दरखास्त फारम भरि आवेदन दिनुहुने आवेदकलाई शेयर बिक्री बन्द भएको मितिले बोर्डले निर्धारित गरेको समय भित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत तथा अस्वीकृत भएको व्यहोरा जनाईएको बाँडफाँड-पत्र र फिर्ता भुक्तानी रकम बुझाएको स्थानबाट नै फिर्ता भुक्तानी हुने व्यवस्था गरिनेछ । यस विवरण-पत्र मार्फत जारी गरिएको शेयर संख्या भन्दा बढी संख्यामा शेयर खरिदको लागि आवेदन प्राप्त हुन आएमा प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" अनुरुप बाँडफाँड गरिनेछ । यदि माग भन्दा कम शेयरको लागि आवेदन प्राप्त भएमा नियम अनुसार गरिनेछ । सर्वसाधारण समुहको हकमा धितोपत्र खरिद ( सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्बा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंक तथा वित्तीय संस्थाहरुबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकि रकम सोही खातामा कानुन बमोजिम सहभागी बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईने छ ।

**(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँड पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित

हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जस अनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको छ ।

(घ) **धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :** निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा रहेको व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् "धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७" को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचीकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम, धितोपत्रको कारोबार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :** सो नभएको ।

(च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार जारी गरिएको साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी दोस्रो बजारमा कारोबार हुने व्यवस्थाको लागि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई कारोबार हुने व्यवस्था मिलाइने छ । साथै, सूचीकरण पश्चात्, संस्थापक समुह, आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरु तथा निष्काशनकर्ता कम्पनीका कर्मचारीहरु तथा सामूहिक लगानी कोषका लागि छुट्याई निष्काशन गरिएको साधारण शेयर तोकिएको समयावधिसम्म खरिद बिक्री गर्न नमिल्ने गरी हितग्राही खातामा जम्मा गर्ने व्यवस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**

१. धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम : श्री सिद्धार्थ क्यापिटल लिमिटेड ।

२. ठेगाना : नयाँ बानेश्वर, काठमाण्डौ ।

३. प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम : रु.१००/- अंकित दरका १८,७५,००० कित्ता शेयरले हुने रकम रु.१८,७५,००,०००/-

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मुख्य मुख्य बूँदाहरु :**

१. निष्काशन कम्पनीले नेपाल धितोपत्र बोर्डबाट प्रत्याभूति सेवा प्रदान गर्नका लागि ईजाजतपत्र प्राप्त प्रत्याभूतिकर्तालाई प्रति शेयर अंकित मूल्य रु.१००।- का दरले सार्वजनिक निष्काशन गरिने १८,७५,००० थान साधारण शेयरहरुको प्रत्याभूतिकर्ता नियुक्त गरेको छ ।

२. बुँदा नं.१ बमोजिम प्रत्याभूति गरिएका शेयरहरु सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशन भएको अवधिमा माग भए बमोजिम आवेदन प्राप्त हुन नआएमा बाँकि रहेका शेयरको खरिद दायित्व प्रत्याभूत गरेको शेयरको प्रत्याभूतिकर्ताहरुले लिन मञ्जुर गर्दछ ।

३. प्रथम पक्षले जम्मा १८,७५,००० कित्ता शेयरको प्रत्याभूति व्यवस्था गर्न प्रत्याभूतिकर्ताहरु संग यस सम्झौता अनुसार प्रत्याभूति कमिसन ०.२५ प्रतिशतले हुने जम्मा रकम रु.४,६८,७५०/– (अक्षरेपि चार लाख अठसट्ठी हजार सात सय पचास मात्र) मा आवश्यक कर कट्टी गरी प्रत्याभूति गरेको शेयरको अनुपातमा पछि फिर्ता नहुने गरी उपलब्ध गराउनुपर्नेछ । सो कमिसन बापतको हुन आउने रकम सम्झौतामा हस्ताक्षर भएको मितिले सात दिन भित्र प्रदान गर्न प्रथम पक्ष मञ्जुर गर्दछ । सो कमिशन रकम फिर्ता नहुने (Non-Refundable) का साथै सो रकममा प्रत्याभूतिकर्ताले नेपाल धितोपत्र बोर्डलाई दिनुपर्ने ३% कमिशन रकम समेत संलग्न हुनेछ । यदि सर्वसाधारणलाई जारी गरेको शेयर बिक्री नभएमा बिक्री नभएको शेयर बराबरको रकमको ३.७५ प्रतिशतका दरले प्रत्याभूति शुल्क द्वितिय पक्षलाई बुझाउन प्रथम पक्ष मञ्जुर गर्दछ ।

४. प्रत्याभूतिकर्ताले बुँदा नं. ३ वमोजिम प्रत्याभूत गरिएको शेयर पूर्ण वा आंशिक रुपमा खरीद गर्नुपर्ने अवस्था आएमा सोही दफामा उल्लेखित प्रत्याभूत गरिएको शेयर खरीद गर्नु पर्ने शेयरको रकम निष्काशन कम्पनीले निष्काशित शेयर बाँडफाँट भएको ३० (एक्काइस) दिनभित्र निष्काशनकर्ता कम्पनीलाई चुक्ता गर्नु पर्नेछ । त्यसैगरी, प्रत्याभूतिकर्ताले निष्काशनकर्ता कम्पनीलाई रकम भुक्तान गरेपछि निष्काशनकर्ता कम्पनीले निष्काशन तथा बिक्री प्रबन्धक मार्फत सोही अनुसार शेयर अनुपातमा बाँडफाँड गरी सो शेयरहरु प्रत्याभूतिकर्ताले उपलब्ध गराएको हितग्राही खातामा उपलब्ध गराउनु पर्नेछ ।

५. प्रत्याभूतिकर्ताको दायित्व निजले प्रत्याभूति गर्न मञ्जुर गरेको रकमको हदसम्म मात्र कायम रहनेछ । प्रत्याभूतिकर्ताहरुले आफ्नो दायित्व अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ । निष्काशन कम्पनीले निष्काशन गर्ने शेयरहरु पूर्ण रुपमा खरीद भए पछि प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ ।

६. यस सम्झौतापत्रको म्याद हस्ताक्षर गरेको मितिबाट छ (६) महिनासम्म हुनेछ र उक्त समयावधि आपसी सहमतिमा २ महिनाको लागि थप गर्न सकिनेछ ।

७. दैवी/प्राकृतिक प्रकोप परेमा, महामारी भएमा, निष्काशन कम्पनीलाई नियामक निकायले नियन्त्रणमा लिएमा, तत्कालै सुधारको निमित्त कारवाही प्रारम्भ गर्ने निर्देशन दिएमा, दामासाहीमा जाने निर्णय गरेमा, टाट उल्टेमा, इजाजतपत्र

निलम्बन वा खारेज भएमा, कुनै पनि अनियमितताको अनुसन्धान भएमा, प्रस्तावित मूल्य बजार मूल्य भन्दा बढि भएमा जस्ता कुनै असाधारण अवस्था उत्पन्न भई पक्षहरुको काबु बाहिरको परिस्थिति उत्पन्न भएमा तथा निष्काशन कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपूर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको स्वीकृति पूर्व वा पश्चात् निष्काशन कार्य प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा प्रत्याभूतिकर्ताले सो कुरा निष्काशन कम्पनीलाई जानकारी गराउनुपर्नेछ र सो जानकारी पाए पश्चात तुरुन्तै निष्काशन कम्पनीले सो परिस्थितिहरुबाट सामान्य अवस्थामा ल्याउनु पर्नेछ, ल्याउन नसकेमा प्रत्याभूतीकर्ताले ७ (सात) दिनको सूचना दिएर यो सम्झौता अन्त्य गर्न सक्नेछ ।

८. निष्काशन कम्पनीले निष्काशन गर्न लागेको शेयरको निष्काशन तथा बिक्री खुला हुनु अगावै कुनै प्रकारको निष्काशनलाई प्रभावित हुने प्रकृतिको जस्तैः कुनै गम्भिर कानुनी कारवाही परेमा, सञ्चालक समितिमा सारभूत परिवर्तन भएमा, प्रमुख व्यवस्थापकहरु परिवर्तन (आन्तरिक सरुवा वाहेक) भएमा, कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपूर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगरेको कारण धितोपत्रको स्वीकृति पूर्व वा पश्चात् निष्काशन कार्य प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा, अप्रत्याशित रुपमा ठुलो दायित्व श्रृजना भएमा वा कम्पनीले अप्रत्याशित रुपमा ठुलो नोक्सानी व्यहोर्नुपर्ने भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै लिखित रुपमा प्रत्याभुतिकर्तालाई गराउनु पर्नेछ । सो जानकारी प्राप्त भएपछि प्रत्याभूतिकर्ताले त्यसबाट पर्न जाने जोखिमको पूनर्मूल्याङ्कन गरी यस सम्झौतापत्र प्रत्याभूतिकर्ताले रद्द समेत गर्न सक्नेछ ।

९. दुवै पक्षको आपसी सहमतिमा यस सम्झौता पत्रका शर्तहरू परिवर्तन गर्न, परिमार्जन गर्न वा संशोधन गर्न सकिनेछ र त्यस्ता परिवर्तनहरू यो सम्झौता पत्रको अभिन्न अङ्ग मानिनेछ ।

१०.यो सम्झौतापत्रमा उल्लेखित कुनै शर्त तथा त्यसको पालना एवं व्याख्याका विषयमा निष्काशन कम्पनी तथा प्रत्याभूतिकर्ता बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद आपसी छलफल गरी सहमतिबाट समाधान गरिनेछ । यसरी आपसी सहमतिबाट विवादको समाधान नभएमा प्रचलित कानून बमोजिम विवादको समाधान गरिनेछ ।

११. यस सम्झौताको कार्यान्वियन मुलुकी देवानी संहिता ऐन, २०७४ बमोजिम हुनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** यस विवरणपत्र अनुसार निष्काशन गरिएका शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सानिमा क्यापिटल लिमिटेड सम मार्ग, नक्साल, काठमाण्डौमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरका लागि सर्वसाधारणहरुले दरखास्त दिंदा न्युनतम १० कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा अधिकतम १०,००० कित्ता र सर्वसाधारणहरुको हकमा अधिकतम १,००० कित्ता साधारण शेयर तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको हकमा अधिकतम १,००० कित्ता शेयर खरिद गर्नका लागि आवेदन दिन सकिनेछ ।

**(ग) आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**<u>आयोजना प्रभावित क्षेत्रको बासिन्दाको हकमा</u>**

आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रहि जारी पूँजीको १०% अर्थात् रु.९,३७,५०,०००/– (अक्षरेपि नौ करोड सैंतिस लाख पचास हजार रुपैंया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ९,३७,५०० कित्ता (आयोजना अति प्रभावित क्षेत्र ताप्लेजुङ्ग जिल्लाको सिरिजङ्घा गाँउपालिकाको वडा नं. ८ का स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता शेयर र आयोजना प्रभावित क्षेत्र ताप्लेजुङ जिल्लाको सिरिजङ्घा गाँउपालिकाको वडा नं. १, २, ३, ४, ५, ६ र ७, सिदिङ्वा गाँउपालिकाको वडा नं. ५ र ६, पाथिभरा याङवारक गाँउपालिकाको वडा नं. ५ र ६ र

पाँचथर जिल्लाको हिलिहाङ गाँउपालिकाको वडा नं. १ का सम्पूर्ण स्थानीय बासिन्दाहरुलाई ५०% अर्थात् ४,६८,७५० कित्ता) शेयर यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरमा निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित गर्ने नागरिकता वा स्थानीय निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
२. १६ बर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपि स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ ।
३. १६ बर्षभन्दा कम उमेरका लागि आमा/बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि संरक्षकद्धारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नु पर्नेछ ।
४. विवाह भै आएका महिलाका हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनु पर्नेछ ।
५. बसाईं सराई गरी आएको हकमा सार्वजनिक निष्काशन हुने मितिभन्दा अगावै बसाई सराई गरी आएको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरेको हुनुपर्नेछ ।
६. माथि उल्लेखित हुन छुटेका विवरण प्रक्रियामा विवाद आएमा सम्बन्धित स्थानीय निकायको निर्णय सहितको सिफारिस पत्र ।
७. आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानुन बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
८. धितोपत्र खरिदगर्नका लागि दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरिदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
९. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
१०. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा सम्पूर्ण आवेदनलाई रद्द गरिनेछ ।
११. साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरिदका लागि दरखास्त फारम बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरूमा बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।
१२. आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले शेयर खरिद गरेमा सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
१३. सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Clearing House को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नु पर्नेछ ।
१४. रु.५०,०००/-भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।
१५. रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा रु.५ लाखभन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) दरखास्त फारममा खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।
१६. दरखास्तवालाले एकाघर परिवार बाहेक एक भन्दा बढी दरखास्त फारम समावेश गरी आवेदन दिएको अवस्थामा प्रत्येक दरखास्तवालाले आफ्नै खाताको एकाउण्ट पेयी चेक बुझाउनुपर्नेछ ।
१७. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।
१८. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको “मेरो शेयर” तथा ASBA सेवा लागू हुने छैन् ।

**नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति प्राप्त गरी विदेशमा वसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले मात्र यस विवरणपत्र अनुसार आवेदन दिन सक्नेछन् ।
२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा वसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धी कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनुपर्नेछ ।
४. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानीयबासि तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन दिन पाउने छैनन् र यदि आवेदन गरेको पाइएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ । साथै अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समुहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

**सर्वसाधारणमा निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् :**

१. यस विवरण पत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहने सर्वसाधारणले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

२. आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

३. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् ।

४. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

५. धितोपत्र खरिदका लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गर्न चाहेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदक स्वयंले जानकारीमा लिनु पर्नेछ ।

६. धितोपत्र बाँडफाँड गर्नु पूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

७. शेयरको बाँडफाँड गरी सूचीकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेका शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

८. रु.५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नु पर्नेछ ।

९. रु.५,००,०००/- सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) नम्बर दरखास्त फाराममा खुलाउनु पर्नेछ । यस अतिरिक्त रु.५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ वर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोबार भएको वा कुनै कारोबार गर्न प्रस्ताव गरिएको भए कारोबारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालकको रुपमा रहेको व्यक्ति** : कम्पनीको नियमित व्यवस्थापन कार्यमा संलग्न भए वापत मासिक रुपमा पारिश्रमिक नलिएको ।

(ख) **आधारभूत शेयरधनी :** आधारभूत शेयरधनी सम्बन्धित पक्ष बीचको कारोबार नभएको ।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै व्यक्तिको एकाघर परिवारको सदस्य** : कारोबार नभएको ।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा सञ्चालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था** : सो नरहेको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको सञ्चालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ वर्ष अगाडिको अवधिमा संस्थाको सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोबार वा सम्झौता गरेको भए सो कुरा** : छैन ।

(च) **कुनै सञ्चालक वा सञ्चालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण वापत लिएको रकम, ऋणको व्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने** : ऋण कारोबार गरेको छैन् ।

**ग.१२. विदेशी लगानी र व्यवस्थापन सम्बन्धी विवरण :** नभएको ।

**विदेशी लगानी र व्यवस्थापनमा संगठित संस्था सञ्चालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** नभएको ।

**ग.१३. सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा देहायको विवरण उल्लेख गर्नु पर्ने :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्या:** निष्काशनकर्ता कम्पनी सूचीकृत संस्था नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्या :** सो नभएको ।

**ग.१४. पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धि सम्बन्धी विवरण :** सो नभएको ।

**संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखित गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण :** सो नभएको ।

**ग.१५. परामर्शदाता/ विशेषज्ञ सम्बन्धी विवरण :**

**(क) लेखापरीक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :**

अ) **लेखापरीक्षक** : कम्पनीको आ.व.२०८१/८२ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण गर्न श्री बिआरबिएस एण्ड एसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट संस्थालाई नियुक्ति गरिएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन् ।

इ) **निष्काशन बैंक (Bankers to the Issue) :** यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Bankers to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| क्र.सं. | निष्काशन बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | श्री सानिमा बैंक लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । | Sanima Capital Ltd (Snow IPO) | 909010010000481 |

साथै, आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रियस्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको जलविद्युत बजारको स्थिति, निष्काशनकर्ता कम्पनीको हालको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा कम्पनी व्यवस्थापनबाट तयार गरी चार्टर्ड एकाउण्टेण्ट संस्था श्री किरण आचार्य एण्ड एसोसिएट्सले पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रमाणित गरेको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु** : सो नभएको ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :**

संस्थापक शेयरधनीहरुको स्वपूँजी र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरी आयोजना गरि आयोजनाका कामहरु सञ्चालन भैरहेको छ ।

| क्र.सं. | बैंक तथा वित्तीय संस्थाको नाम | स्वीकृत कर्जा रकम (रु.) | २०८२ पौष मसान्त सम्म उपभोग गरेको कर्जा रकम रु. | औषत व्याजदर | भुक्तानी अवधि |
|---|---|---|---|---|---|
| १. | एनएमबी बैंक लिमिटेड | १,०८५,४३२,७४५.०८ | १,०६७,१९९,०८०.३३ | ९.५०% | आयोजनाले व्यवसायिक उत्पादन शुरु गरेको ६ महिनाको मितिले १२ (बाह्र) वर्ष रहेको । |
| २. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | ८८५,७८२,५१४.८३ | ८७०,८५३,४४४.३२ | | |
| **जम्मा** | | **१,९७८,१२५,०००/-** | **१,९७१,२१५,२५९.९१** | | |

| क्र.सं. | बुँदा | विवरणहरु |
|---|---|---|
| **१.** | **शुरु कर्जा रकम** | कर्जा लिन सकिने जम्मा रकम:<br>दीर्घकालीन कर्जा: रु.१,९७८,१२५,०००/-, Bridge Gap Loan: रु.२५०,०००,०००/-, Working capital loan facility: रु.८,००,००,०००/-हाल सम्म लिइएको दीर्घकालीन कर्जा रकम: रु. १,९७१,२१५,२५९.९१/-(Bridge Gap Loan सहित) |
| २. | **कर्जाको भुक्तानी अवधि** | आयोजनाले व्यापारिक उत्पादन शुरु गरेको छ महिना पछिको मितिले १२ (बाह्र) वर्ष रहेको । |
| ३. | **व्याज भुक्तानीको तरिका** | १. आयोजनाको व्यापारिक उत्पादन शुरु हुनु भन्दा अगाडी भएको कर्जाको ब्याज रकम (IDC) कर्जा सुविधा सम्झौता बमोजिम नेपाल राष्ट्र बैंकको नियमावली अनुसार त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तमा पूँजीकृत गर्ने व्यवस्था रहेको छ ।<br>२.आयोजनाको व्यापारिक उत्पादन पश्चात् कम्पनीले सहकरण लाई कर्जाको ब्याज त्रैमासिक रुपमा आश्विन, पौष, चैत्र र आषाढ मसान्तमा भुक्तानी गर्नेछ ।<br>३. कम्पनीले सहकरण लाई नियमित रुपमा ब्याज भुक्तानी नगरेमा उक्त भुक्तानी नभएको ब्याजमा भुक्तानी नभएको अवधिको लागि निर्धारित व्याजदरमा थप २ प्रतिशत हर्जाना तिर्नेछ । |
| ४. | **किस्ता रकम** | २०८१/०८२ को तेस्रो मसान्तबाट प्रति किस्ता रु.२९,६७,१८८ तिर्न शुरु गरिसकेको छ । |
| **५.** | **हालसम्म भुक्तान गरेको कर्जा रकम** | २०८२ पौष मसान्त सम्ममा रु. ३३,१६२,७३५.२६ कर्जा रकम भुक्तानी गरिसकेको छ । |

<table>
<tr><th>क्र.सं.</th><th>बुँदा</th><th>विवरणहरु</th></tr>
<tr><td>६.</td><td>भुक्तानी गर्न बाँकी कर्जा रकम</td><td>२०८२ पौष मसान्त सम्ममा १,९३८,०५२,५२४.६५ कर्जा रकम भुक्तानी गर्न बाँकी रहको ।</td></tr>
<tr><td>७.</td><td>आयोजना/परियोजना भएको अवस्थामा व्याजको पूँजीकरण सम्बन्धी विवरण ।</td><td>विद्युत उत्पादन हुने प्रक्षेपित मिति २०८२/१०/०५ गते सम्म ब्याजको पूँजीकरण गर्ने प्रावधान भएको हुनाले उक्त समय सम्म लागेको व्याज (एजेन्सी शुल्क र कर्जा व्यवस्थापन शुल्क समेत) रकम रु.२३.५७ करोड लाई निम्न बमोजिम पूँजीकरण गरिएको छ ।
<table>
<tr><th>वर्ष</th><th>रकम</th></tr>
<tr><td>२०८०/८१ सम्म</td><td>१६३,२०६,१६५.००</td></tr>
<tr><td>२०८१/८२ पौष ५ गतेसम्म</td><td>७२,५००,८८४.१९</td></tr>
<tr><td>कुल</td><td>२३५,७०७,०४९.१९</td></tr>
</table></td></tr>
</table>

**कर्जा भुक्तानी र बक्यौता रकम, आयोजनाको ऋणको भुक्तानी अबधिको हरेक वर्षको ऋण र ब्याज भुक्तानीको विवरण तालिका निम्न अनुसार उल्लेख गरिएको छ :**

| आर्थिक वर्ष | किस्ता रकम | व्याज रकम | साँवा रकम | भुक्तानी गर्न बाँकी कर्जा रकम (रु. हजारमा) |
|---|---|---|---|---|
| २०८२/८३ | २५६,३०५ | १६८,१८३ | ८८,१२२ | १,७१४,६३० |
| २०८३/८४ | २५६,३०५ | १५९,५०९ | ९६,७९७ | १,६१७,८३३ |
| २०८४/८५ | २५६,३०५ | १४९,९८० | १०६,३२५ | १,५११,५०८ |
| २०८५/८६ | २५६,३०५ | १३९,५१४ | ११६,७९२ | १,३९४,७१७ |
| २०८६/८७ | २५६,३०५ | १२८,०१७ | १२८,२८८ | १,२६६,४२९ |
| २०८७/८८ | २५६,३०५ | ११५,३८९ | १४०,९१७ | १,१२५,५१२ |
| २०८८/८९ | २५६,३०५ | १०१,५१७ | १५४,७८८ | ९७०,७२३ |
| २०८९/९० | २५६,३०५ | ८६,२८० | १७०,०२५ | ८००,६९८ |
| २०९०/९१ | २५६,३०५ | ६९,५४३ | १८६,७६२ | ६१३,९३६ |
| २०९१/९२ | २५६,३०५ | ५१,१५८ | २०५,१४७ | ४०८,७८९ |
| २०९२/९३ | २५६,३०५ | ३०,९६४ | २२५,३४१ | १८३,४४७ |
| २०९३/९४ | १९२,२२९ | ८,७८२ | १८३,४४७ | - |
| **जम्मा** | **३,०११,५८९** | **१,२०८,८३७** | **१,८०२,७५२** | |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) **संगठित संस्थाको तरलता, मौज्दात, कार्य सञ्चालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा** : सो नभएको ।

(ख) **संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/सञ्चालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण** : सो नभएको ।

(ग) **विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/सञ्चालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने** : सो नभएको ।

(घ) **संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु** : सो नभएको ।

**ग.१८.गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु श्रीमती रश्मी रिजाललाई फोन नं.:०१-४५४०५०८ तथा Email Address: sanimacapital@sanimabank.com मार्फत सम्पर्क गरी प्रेषित गर्न सक्नेछन् ।

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरिद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण :** सो नभएको ।

**ग.२२. अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण :** प्रक्षेपित वित्तीय विवरण प्रमाणित गर्ने विज्ञले सो वित्तीय विवरणहरुमा कुनै कैफियत जनाएको छैन ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै सञ्चालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

(अ) सञ्चालकमा भएको परिवर्तन :

| क्र.सं. | सञ्चालकहरुको नाम र ठेगाना | पद | नियुक्ती मिति | बहाल रहेको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री मोहन विक्रम कार्की | अध्यक्ष | क.२०७९।०८।२२<br>ख.२०८२।०१।२६ | क)२०८०।०५।२७<br>ख) हालसम्म | व्यक्तिगत कारणले राजिनामा दिनुभएको र पुनः संचालक अध्यक्ष नियुक्त हुनुभएको |
| २. | श्री तारा बहादुर कार्की | सञ्चालक | २०७९।०८।२२ | २०८०।०५।२७ | व्यक्तिगत कारणले राजिनामा दिएकाले |
| ३. | श्री उत्तम पौडेल | सञ्चालक | क.२०७९।०८।२२<br>ख.२०८२।०९।०७ | क.२०८०।०५।२७<br>ख) हालसम्म | व्यक्तिगत कारणले राजिनामा दिएकाले र पुनः संचालक नियुक्त हुनुभएको |
| ४. | श्री प्रताप गुरुङ्ग | सञ्चालक | २०८०।०५।२७ | २०८२।०९।०६ | विशेष साधारण सभाको निर्णयबाट |
| ५. | श्री सन्तोष भट्टराई | स्वतन्त्र सञ्चालक | २०७९।०८।२२ | २०८०।०५।२७ | व्यक्तिगत कारणले राजिनामा दिएकाले |
| ६. | श्री दिपा राना मगर | महिला सञ्चालक | २०८०।०५।२७ | - | नयाँ नियुक्ति |
| ७. | श्री प्रकाश श्रेष्ठ | स्वतन्त्र सञ्चालक | २०८१।०७।२९ | - | नयाँ नियुक्ति |

**(आ) लेखापरीक्षकमा भएको परिवर्तन** : यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लो पटक मिति २०८१/०७/२९ गते सम्पन्न तेस्रो वार्षिक साधारण सभाबाट अनुमोदन भए अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए बमोजिमको श्री बिआरबिएस एण्ड एसोसियट्सलाई आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकमा नियुक्त गरिएको ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

| कम्पनी सचिवको नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|
| श्री अभिषेक कार्की | सर्लाही जिल्ला लालबन्दी न.पा.-४ | स्नातक | १) लेखा अधिकृत- दोर्दीखोला जलविद्युत कम्पनी लिमिटेड (२०७८ चैत्र देखि २०८० चैत्र सम्म)<br>२) मातारानी ईन्टरप्राईजेज (२०८० बैशाख देखी फाल्गुण सम्म)<br>३) लेखा अधिकृत- स्नो रिभर्स लि. (२०८० चैत्र देखि हालसम्म) |

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि सञ्चालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

**कम्पनीको सञ्चालक समितिको मिति २०८२/०३/१८ गतेको निर्णय वमोजिम :**

यस कम्पनीको मिति २०८२/०१/२६ गते सम्पन्न विशेष साधारण सभाबाट पारित प्रस्ताव बमोजिम कम्पनीको जारी पूँजीको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १० प्रतिशत अर्थात् ९,३७,५०० कित्ता आयोजना प्रभावित क्षेत्रका बासिन्दालाई र १० प्रतिशत अर्थात् ९,३७,५०० कित्ता सर्वसाधारणलाई गरी जम्मा १८,७५,००० (अठार लाख पचहत्तर हजार मात्र) कित्ता शेयर धितोपत्र सम्बन्धी प्रचलित कानुन बमोजिम प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offering - IPO) गरी बिक्री गर्नका लागि तोकिए बमोजिमको विवरणपत्रको मस्यौदा तयार गरी, धितोपत्र दर्ता तथा निष्काशन स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्ड समक्ष दरखास्त दिने सर्वसम्मत निर्णय गरियो । साथै, सम्बन्धित निकायबाट प्राप्त निर्देशन बमोजिमसो विवरणपत्रमा आवश्यक परिवर्तन वा फेरबदल गर्न लगायत धितोपत्र दर्ता तथा निष्काशन स्वीकृति प्रयोजनका लागि यस कम्पनीको तर्फबाट गर्नुपर्ने आवश्यक सम्पुर्ण कार्यहरु गर्न, गराउनका लागि कम्पनीका कम्पनी सचिव श्री अभिषेक कार्कीलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

**नोट : नेपाल सरकारको श्रम स्विकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि आवेदन खुल्ला गर्ने सम्बन्धी निर्णय नेपाल धितोपत्र बोर्डद्धारा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७९ मा भएको संशोधित व्यवस्था बमोजिम गरिएको हो ।**

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धी विवरण** : यस आयोजनाबाट प्राप्त हुने आयमा व्यवसायिक उत्पादन शुरु भएको मितिबाट १० वर्षसम्म १०० प्रतिशत आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्रदान गरिएको छ ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :** कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौ ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सानिमा क्यापिटल लिमिटेड, सम मार्ग, नक्साल, काठमाण्डौ ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :** हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन नियम अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**
कम्पनीको जारी पूँजी रु.९३,७५,००,०००/- (अक्षरेपि त्रियानब्बे करोड पचहत्तर लाख मात्र) मध्ये २०% अर्थात् रु.१८,७५,००,०००/– (अक्षरेपि अठार करोड पचहत्तर लाख मात्र) रकम बराबर प्रति शेयर अंकित मुल्य रु.१००/- दरको १८,७५,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याईएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही १०% अर्थात् रु.९,३७,५०,०००/– (अक्षरेपि नौ करोड सैंतिस लाख पचास हजार रुपैया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयर तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याइएको १०% अर्थात् रु.९,३७,५०,०००/– (अक्षरेपि नौ करोड सैंतिस लाख पचास हजार रुपैया मात्र) रकम बराबरको प्रति शेयर अंकित मुल्य रु.१००/- दरको ९,३७,५०० कित्ता शेयर (नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपालीहरुको लागि १०% अर्थात् ९३,७५० कित्ता, सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् ४६,८७५ कित्ता तथा संस्थामा कार्यरत कर्मचारीहरुलाई २% अर्थात् १८,७५० कित्ता समेत) सर्वसाधारणहरुमा प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गरिएको छ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**
कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरू आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरूको दायरा भित्र रहि कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरू समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ । साथै यस कम्पनीको आ.व.२०८०।८१ को वार्षिक साधारण सभा मिति २०८१ कार्तिक २९ गते सम्पन्न भई कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणहरु पेश गरेको हुनाले उक्त आर्थिक वर्षसम्म यस कम्पनी, कम्पनी रजिष्ट्रारको कार्यालयमा अद्यावधिक रहेको व्यहोराको जानकारी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०८/०९ गतेको पत्रबाट प्राप्त भएको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र मार्फत निष्काशित शेयर बिक्री वितरण गर्न आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको हकमा ताप्लेजुङ्ग तथा काठमाण्डौ जिल्लामा संकलन केन्द्रहरुको व्यवस्था गरिएको हुँदा उक्त संकलन केन्द्रहरुमा सम्पर्क गरी आवेदन दिन सकिने छ । त्यस्तै वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकहरु तथा सर्वसाधारणहरुको हकमा नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट C-ASBA प्रणालीबाट आवेदन दिन सकिने व्यवस्था भएको साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले प्रयोगमा ल्याएको मेरो शेयर (MERO SHARE) बाट समेत आवेदन गर्न सकिनेछ ।

**(ट) रेटिङ्ग सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्यूअर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौबाट मिति २०८०/११/०४ मा रेटिङ्ग गराई "[ICRANP-IR] BB+" [Pronounced as ICRA NP Issuer Rating Double B Plus]" प्रमाणपत्र प्राप्त गरेको छ । "[ICRANP-IR] BB+ ले Moderate risk of default regarding timely servicing of financial obligations बुझाउँछ । यो मिति २०८२/०६/३१ गते सोहि रेटिङ्ग एजेन्सीबाट अद्यावधिक (Upgraded) भएको हो । ईक्रा नेपाल लिमिटेडले देखि [ICRANP-IR]D सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा [ICRANP-IR]AAA ले बलियो आधार जनाउँछ भने [ICRANP-IR]D ले कमजोर आधार जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा - (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ ।
**रेटिङ्ग प्रदान गरेको मिति : अक्टोबर १७, २०२५ (मिति २०८२/०६/३१)**
**बहाल रहने अवधि : अक्टोबर १६, २०२६ (मिति २०८३/०६/३०)**

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :** यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्था सानिमा क्यापिटल लिमिटेड रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**
१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष शत् प्रतिशत आयकर छुट हुने तथा सो पश्चात् अर्को ५ वर्ष ५० प्रतिशत आयकर छुट रहेको ।
२) यस जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बीमा गरिएको ।
३) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
४) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेकोले यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।
५) संस्थापक शेयरधनीहरु जलविद्युत क्षेत्रमा अनुभवी कम्पनी तथा व्यक्तिहरु भएको ।

**(ढ) धितोपत्र निष्काशन नियमावली, २०७३ को नियम ९ को उपनियम ३ का व्यवस्थाहरु देहाय बमोजिम रहेको छ :**

**(१) कम्पनी आफ्नो उद्देश्य अनुसार कारोबार सञ्चालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई एक वर्षको अवधि पूरा गरिसकेको :** यस कम्पनी मिति २०७९/०३/०३ गते लिमिटेड कम्पनीको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई २०७९/०३/३१ गते कारोवार सञ्चालनको स्वीकृति प्राप्त गरी २०७९/०४/०१ देखि कारोबार सञ्चालन गर्दै आइरहेको ।

**(२) नियमानुसार लेखापरीक्षक तथा साधारण सभा सम्पन्न गरेको :** यस कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम साधारण सभा गर्दै आइरहेको र पछिल्लो पटक मिति २०८१/०७/२९ गते सम्पन्न तेस्रो वार्षिक साधारण सभाबाट अनुमोदन भए अनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भए बमोजिमको श्री बिआरबिएस एण्ड एसोसियट्सलाई आ.व.२०८१/०८२ को लागि लेखापरीक्षकमा नियुक्त गरिएको ।

**(३) प्रचलित कानुन बमोजिम संगठित संस्थाले गर्ने मूख्य कार्य गर्नको लागि कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत अनुमति वा स्वीकृति लिइसकेको :** सुपर काबेली खोला ए जलविद्युत आयोजना (१३.५ मे.वा.) को मिति २०७८/०७/१४ मा नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि. ०७८/०७९ वि.उ.३४७) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २११३/०७/११ गते सम्म बहाल रहनेछ ।

**(४) संगठित संस्थाको लागि अवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन गोदामघर तथा अन्य आवश्यक सुविधाहरु निर्माण कार्य शुरु गरिसकेको :** कम्पनीले आयोजनाको लागि आवश्यक पर्ने जग्गा खरिद गरी पावर हाउस, कर्मचारी आवासघर एवं कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक संरचनाहरुको निर्माण सम्पन्न भइसकेको छ ।

**(५) उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि अवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा आदि खरिद गर्नुपर्ने भएमा खरिद प्रक्रिया अगाडि बढाइसकेको :** यस कम्पनीको आयोजनाका लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पाटपुर्जा खरिद गरि विद्युत उत्पादन समेत शुरु भईसकेको ।

**(६) धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भईसकेको :** निष्काशन कम्पनी र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक बिच धितोपत्र निष्काशन सम्बन्धी सम्झौता भईसकेको ।

**(७) आयोजना निर्माणका लागि फाइनान्सियल क्लोजर भैसकेको :**
यस कम्पनीले निर्माण गरेको सुपर काबेली खोला ए जलविद्युत आयोजनाको लागि श्री एनएमबी बैंक लिमिटेडको अगुवाईमा मिति २०७८/०८/२९ गतेका दिन कर्जा सम्झौता भइसकेको ।

**(८) जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको र जलविद्युत गृह तथा अन्य पूर्वाधारहरु निर्माणको लागि टेण्डर आव्हान गरिसकेको :** यस कम्पनीले नेपाल विद्युत प्राधिकरणसँग मिति २०७५/११/०२ गते विद्युत खरिद बिक्री सम्झौता गरिसकेको ।

**(९) आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको :** यस कम्पनीले आयोजना निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम राख्न सहमत भएको ।

**(१०) संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको :** संस्थापकहरुले आफुले लिन कवुल गरेको रकम शत प्रतिशत चुक्ता भैसकेको ।

**(११) सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको :** यस कम्पनीले सर्वसाधारणमा निष्काशन गर्न लागेको शेयरहरु धितोपत्र निष्काशन निर्देशिकामा तोकिए बमोजिम लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड, काठमाण्डौसँग सम्झौता गरी प्रत्याभुति गराएको ।

**(ण) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :** सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरे पश्चात् शेयरको दाखिल खारेज, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(त) धितोपत्र बिक्री खुल्ला अवधि :** यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्र (अति प्रभावित र प्रभावित) का स्थानीय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीहरुलाई एक साथ आवेदन खुल्ला गरिनेछ जसमध्ये आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि निष्काशन गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा १५ दिन र बढीमा ३० दिनसम्म हुनेछ भने वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्यदिन र बढीमा १५ दिनसम्म हुनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरु तथा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात्सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सर्वसाधारणहरुको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन हुनेछ ।

**ग. २३. यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।**

| क्र.स. | सञ्चालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | मोहन विक्रम कार्की | सञ्चालक अध्यक्ष | |
| २. | उत्तम पौडेल | सञ्चालक | |
| ३. | दिपा राना मगर | सञ्चालक (महिला) | |
| ४. | प्रकाश श्रेष्ठ | स्वतन्त्र सञ्चालक | |

## ग.२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :

SanimaCapital
(A wholly owned subsidiary of Sanima Bank Ltd.)

Ref. No: SCL/MBD/790/2082/083

मिति : २०८२/१०/२७

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

**विषय : प्रतिवद्धता पत्र सम्वन्धमा ।**

महोदय,

कम्पनी ऐन २०६३ वमोजिम स्थापित श्री स्नो रिभर्स लिमिटेड, का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाण्डौले सार्वजनिक निष्काशनको लागि छुट्याएको जारी पूँजी रु.९३,७५,००,०००/- (अक्षरेपी त्रियानब्बे करोड पचहत्तर लाख मात्र) को २०% अर्थात प्रति शेयर अंकित मुल्य रु.१००/- दरका १८,७५,००० कित्ता शेयर सर्वसाधारणलाई छुट्याईएको मध्ये आयोजना प्रभावित क्षेत्रका स्थानिय बासिन्दाहरुलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ समेतको अधिनमा रही १०% अर्थात् ९,३७,५०० कित्ता शेयर तथा सर्वसाधारणहरुको लागि सार्वजनिक निष्काशनको लागि छुट्याइएको जारी पूँजीको १०% अर्थात् ९,३७,५०० कित्ता शेयर मध्ये नेपाल सरकारको सम्वन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारी गरिरहेका नेपालीहरुको लागि १०% अर्थात ९३,७५० कित्ता, कम्पनीमा कार्यरत कर्मचारी/कामदारहरुलाई २% अर्थात १८,७५० कित्ता शेयर तथा सामूहिक लगानी कोषहरुलाई ५% अर्थात् ४६,८७५ कित्ता सुरक्षित गरि बाँकी रहने ७,७८,१२५ कित्ता शेयर सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही प्रारम्भिक सार्वजनिक निष्काशन (इनिशियल पब्लिक अफरिङ्ग) गर्नको लागि निष्काशन तथा विक्री प्रवन्धकको रुपमा सेवा दिन यस सानिमा क्यापिटल लिमिटेड मञ्जुर गर्दछ। सर्वसाधारणहरुलाई साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्वन्धी ऐन, २०६३ र सम्बद्ध कानूनमा भएको व्यवस्था अनुसार शेयर विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ। प्रस्तावित विवरणपत्र व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्ध सम्वन्धमा धितोपत्र सम्वन्धि ऐन २०६३, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ तथा धितोपत्र सम्वन्धि ऐन, २०६३ अन्तर्गत बनेका अन्य नियमावली, विनियमावली, निर्देशिका समेतको पालना गरिएको उद्घोषण यस सानिमा क्यापिटल लिमिटेडको रहेको छ। यस निष्काशन सम्वन्धमा देहायका कुराहरु जानकारी गराइन्छ।

१. संगठित संस्थाको विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्वन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ। संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्वन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ।

२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कम्पनीको कार्यालयमा राखिएको छ।

३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्वारा निष्काशित धितोपत्र, धितोपत्र सम्वन्धी ऐन २०६३ र सो अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण विनियमावली वमोजिम सूचीकरण हुन योग्य छन्।

४. सर्वसाधारणलाई विवरणपत्र सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्वन्धमा निष्काशनकर्ता कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाइनेछ।

५. तहाँ बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेखित सम्पुर्ण कुराहरुको अध्ययन गरि सो अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाइएको छ।

**धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक**

सानिमा क्यापिटल लिमिटेडको तर्फबाट

नाम : विकास खनाल

पद : प्रमुख कार्यकारी अधिकृत

दस्तखत :

कार्यालयको छाप : SanimaCapital

Sanima Capital Limited, Narayanchour, Naxal, Kathmandu, Nepal | Tel.: +977-1-4428956/57 | Fax: +977-1-4428958 | Email: sanimacapital@sanimabank.com | www.sanima.capital

Firm Reg. No. : 524

VAT No. 602810908

# B.R.B.S. & Associates

*Chartered Accountants*

## INDEPENDENT AUDITOR's REPORT TO THE SHAREHOLDERS OF SNOW RIVERS LIMITED

### OPINION

We have audited the accompanying financial statements of **M/s Snow Rivers Limited** which comprises the Statement of Financial Position as at 32nd Ashadh 2082 (16th July 2025) and the related statement of Profit or Loss & Other Comprehensive Income, Statement of Cash Flows, Statement of Changes in Equity and accompanying Notes for the year then ended.

In our opinion, the accompanying financial statements present fairly, in all material respects, except otherwise stated, the financial position of the Company as at 32nd Ashadh 2082 and of its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standard (NFRS).

### BASIS FOR OPINION

We conducted our audit in accordance with Nepal Standard on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of the Financial Statements section of our report. We are independent of the Company in accordance with the International Ethics Standard Board for Accountant's Code of Ethics for Professional Accountants (IESBA Code) together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements and the IESBA Code. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our opinion.

### KEY AUDIT MATTERS

Key audit matters are those audit matters that, in our professional judgment, were of most significance in our audit of the financial statement of the current period. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters. The key audit matter noted during the period are as follows:

| Matter | Details |
|---|---|
| The Project Life of the Company as per Generation license granted by DOED ends on date BS 11th Kartik 2113 which is 31.87 years from the date of Commercial Operation date which is 5th Poush 2081 and as per PPA the Electricity sales agreement is for 30 years. | The Company has elected Project Life as per Generation license i.e. 31.87 years for amortization of Intangible Assets arising from Service concession arrangement. |

B.R.B.S. & Associates, Kathmandu, Nepal, Chartered Accountants

Address: Shantinagar, New Baneshwor-31, Kathmandu, Nepal
Tel. No. : 01-4107788
Email Id: bijaya.brbsca@gmail.com; bishal.brbsca@gmail.com

## RESPONSIBILITIES OF MANAGEMENT AND THOSE CHARGED WITH GOVERNANCE FOR THE FINANCIAL STATEMENTS

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with NASs/NFRS, and for such internal control as management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error. In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so. Those charged with governance are responsible for overseeing the Company's financial reporting process.

## AUDITOR'S RESPONSIBILITIES FOR THE AUDIT OF FINANCIAL STATEMENTS

Our objectives are to obtain reasonable assurance about whether the financial statement as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes the opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatement can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

## REPORT ON OTHER LEGAL AND REGULATORY REQUIREMENTS

We have obtained all the information and explanations, which were considered necessary for the purpose for our audit. In our opinion, the accompanying financial statements are prepared in accordance with the provisions of Companies Act 2063 and are in agreement with the books of account maintained by the Company. During the course of our audit, we did not come across any cases where the board of directors or any representative or any employee has acted contrary to law or misappropriated any property of the company or caused any loss or damage to the company. As per our information, any accounting fraud has not been committed in the company.

**For BRBS & Associates**

Chartered Accountants

Bijaya Sukupayo
(Partner)
Address: Kathmandu, Nepal
Date: 2082.05.11
UDIN: 250828CA00767FUG7F

B.R.B.S. & ASSOCIATES Kathmandu Nepal Chartered Accountants

KIRAN ACHARYA
& ASSOCIATES
Chartered Accountants

UDIN: 260204CA018102XVM3
To Securities Board of Nepal
Khumaltar, Lalitpur, Nepal

We have examined the accompanying projected statement of financial positions, statements of income and expenditures, and statement of cash flows of M/s Snow Rivers Ltd. as of Ashad end 2083 and as on each financial year end up to as of Ashad end, 2087 and for the year then ending respectively in accordance with Nepal Standard on Assurance Engagements (SAE) 3400 The Examination of Prospective Financial Information. Snow Rivers Limited's management is responsible for the projection, which was prepared for "the purpose of approval from the SEBON in connection with the issuance of Initial Public Offering". Our responsibility is to express an opinion on the projection based on our examination.

Our examination was conducted in accordance with attestation standards established by the Institute of Chartered Accountants of Nepal and, accordingly, included such procedures, as we considered necessary to evaluate both the assumptions used by management as provided in Annexure 1 and the preparation and presentation of the projection. We believe that our examination provides a reasonable basis for our opinion.

In our opinion, the accompanying projection is presented in conformity with guidelines for presentation of a projection established by the Institute of Chartered Accountants of Nepal, and the underlying assumptions provide a reasonable basis for management's projection "assuming the approval of the initial public offering to be used in payment of the outstanding debt of the project. However, even if "the approval for initial public offering" is granted and the business is operated in its capacity, there will usually be differences between the projected and actual results, because events and circumstances frequently do not occur as expected, and those differences may be material. We have no responsibility to update this report for events and circumstances occurring after the date of this report.

The accompanying projection and this report are intended solely for the information and use of M/s Snow Rivers Ltd. and Securities Board of Nepal and is not intended to be and should not be used by anyone other than these specified parties.

For and On Behalf of
Kiran Acharya & Associates
Chartered Accountants

Kiran Acharya
Proprietor
Place: Kathmandu
Date: 2082-10-19